


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

मंगलबार, मंसिर ५, २०७४ | Tuesday, November 21, 2017 | www.newsofnepal.com | नेसं ११३८ थिंलाथ्व ३ | वर्ष २३, अंक ३०६ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { जनता भगवान् हुन् : जोशी
५ { भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ : प्रम
६ { दाङमा विप्लवका १२ कार्यकर्ता पक्राउ
९ { आचार संहिता उल्लंघन रोक्नुस् : एमाले

### बम विस्फोटनका घटना बढ्दै

# ‘ढुक्क भएर मतदान गर्न आग्रह’

ईश्वरराज ढकाल, काठमाडौं

मंसिर १० को पहिलो चरणको मतदान गर्ने दिन नजिकिँदै जाँदा देशका विभिन्न भागमा विस्फोटको घटना बढ्दै गएको छ।

राजधानीबाट मतदाता बाहिरिने क्रम शुरू भइसकेको छ तर उनीहरूको मनमा कतै बाटोमा विस्फोटक पदार्थ पड्किने त होइन भन्ने शंका जीवितै रहेको छ। विस्फोटनमा संलग्न नेकपा विप्लवलगायतका समूहले देशको विभिन्न भागमा मुख्य सडक, उम्मेदवार आवत-जावत गर्ने स्थानमा विस्फोट गर्न थालेका छन्।

फितलो सुरक्षा व्यवस्थाका कारण निर्वाचनको अभियान शुरू भएयता दिनहुँजसो विस्फोट र बम आक्रमणको घटना बढ्न थालेको छ। हिजो सोमबार बारामा बम विस्फोट भएको छ। तर, सुरक्षा निकायले यस्ता घटनालाई सामान्य भन्दै ढुक्क भएर मतदान गर्न अपिल गरेको छ। गृह मन्त्रालय, नेपाली सेना र नेपाल प्रहरीले देशैभर सुरक्षा व्यवस्था मजबुत भएकाले सबैलाई आ-आफ्नो स्थानबाट मतदान गर्न आग्रह गरेको छ।

‘हामीले सबै सुरक्षा व्यवस्था मिलाइसकेका छौं, सबैलाई ढुक्क भएर मतदान गर्न आग्रह गर्दछौं’ -गृह मन्त्रालयका प्रवक्ता नारायण शर्मा दुवाडीले भन्नुभयो। निर्वाचनमा घर जाने यात्रुको सुरक्षार्थ राजमार्ग गस्ती, ठाउँ-ठाउँमा यात्रुलाई ओरालेर चेकजाँच गर्ने, शंकास्पद व्यक्ति भए सोधपुछ गर्ने, सामान चेकजाँच गर्नेलगायतका काम शुरू गर्न सम्बन्धित निकायलाई निर्देशन दिइसकेको जानकारी गराउँदै दुवाडीले भन्नुभयो- ‘सुरक्षाको सम्पूर्ण तयारी भइसकेको छ कुनै समस्या हुन दिँदैनौं।’

**मतपत्र छपाइ र ढुवानी, निर्वाचनमा विमानस्थल, कारागार, नेपाल टेलिकम, रेडियो नेपालको टावरलगायतका विशेष महत्वपूर्ण संरचनाको सुरक्षा गर्ने, विस्फोटक पदार्थ डिस्पोज गर्ने, मतदानको दिन तेस्रो घेरामा रहेर सुरक्षा गर्ने र मतपत्र सम्बन्धित स्थानमा सुरक्षित तवरले पुऱ्याउनेलगायतका महत्वपूर्ण जिम्मेवारी नेपाली सेनाले लिएको छ ।**

उहाँले पुल, कल्भर्टलगायत राजमार्गनजिक पर्ने गाउँमा समेत गस्ती बढाएको जानकारी गराउँदै निर्वाचनका लागि सम्पूर्ण सुरक्षा प्रबन्ध मिलाइसकेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘हामीले जिल्लास्थित सुरक्षा समितिलाई समेत कडा निर्देशन दिइसकेका छौं। कुनै घटना हुन लागे नजिकैको अन्य सुरक्षा निकायसँग समेत समन्वय गर्न अनुरोध गरेका छौं।’

नेपाली सेनाका प्रवक्ता सहायक रथी नैनराज दाहालले नेपाली सेनाले निर्वाचनमा विशेष सुरक्षा रणनीति अपनाएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- ‘निर्वाचन सम्पन्न गराउन नेपाली सेनाको मुख्य ५ वटा भूमिका रहनेछ। तीबाहेक नेपाल प्रहरी र सशस्त्र प्रहरीको समन्वयमा आवश्यक सुरक्षा व्यवस्था गर्न सेनालाई तयारी अवस्थामा राखिएको छ।’

मतपत्र छपाइ र ढुवानी, निर्वाचनमा विमानस्थल, कारागार, नेपाल टेलिकम, रेडियो नेपालको टावरलगायतका विशेष महत्त्वपूर्ण संरचनाको सुरक्षा गर्ने, विस्फोटक पदार्थ डिस्पोज गर्ने, मतदानको दिन तेस्रो घेरामा रहेर सुरक्षा गर्ने र मतपत्र सम्बन्धित स्थानमा सुरक्षित तवरले पुऱ्याउनेलगायतका महत्त्वपूर्ण काम सेनाको रहेको उहाँले जानकारी दिनुभयो।

पछिल्लो समयमा उम्मेदवार लक्षित विस्फोटको घटना बढ्न थालेपछि सेनाले सम्भावित स्थानमा विशेष सुरक्षा व्यवस्था शुरू गरेको छ। सेनाले ३२ वटै जिल्लामा सेना परिचालन गरिसकेको छ भने सबै पृतनामा हवाई साधन पुऱ्याइसकेको छ।

(क्रमश: पृष्ठ ९ मा)

# अधिकांश भीआईपीले बुझाएनन् रातो पासपोर्ट

टीका बन्धन, काठमाडौं

व्यवस्थापिका संसद् विघटन भएको आज मंगलबार ४० दिन पुगेको छ। तर, संसद् विघटन भएर भूतपूर्व भइसकेका धेरै सांसदले अझै पनि आफूले सुविधाको रूपमा पाएको कूटनीतिक राहदानी (रातो पासपोर्ट) फिर्ता गरेका छैनन्।

संसद् विघटन हुने अवधिसम्मका कुल ५ सय ९१ सांसदमध्ये आधाभन्दा बढी सांसदले अझै रातो पासपोर्ट फिर्ता नगरेको संसद् सचिवालयले जनाएको छ। अहिलेसम्म २ सय ५ जना सांसदले मात्रै कूटनीतिक राहदानी फिर्ता गरेको संसद् सचिवालयको अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय शाखाको तथ्यांक छ। संसद्को कार्यकाल सकिएको ७ दिनभित्रमा रातो पासपोर्ट फिर्ता गर्नुपर्ने कानुनी व्यवस्था छ।

‘कूटनीतिक राहदानीको सुविधा सबै सांसदले लिनुभएको थियो होला, विस्तृत विवरण अद्यावधिक गर्न बाँकी छ, तर अहिलेसम्म २ सय ५ जनाले मात्रै राहदानी फिर्ता गर्नुभएको छ’ -संसद् सचिवालयका सहायक प्रवक्ता डिल्लीप्रसाद रिजालले नेपाल समाचारपत्रसँग भन्नुभयो। राहदानी विभागले जारी गर्ने यस्तो पासपोर्ट सोझै विभागलाई फिर्ता गर्न सकिने भएकाले संख्या केही तलमाथि हुन सक्ने उहाँको भनाइ छ।

सोमबारसम्मको तथ्यांकअनुसार विभागमा जम्मा २ सय १४ थान मात्र संसद्का कूटनीतिक राहदानी फिर्ता भएको छ। फिर्ता भएका राहदानीमा विभागले पुन: प्रयोगमा ल्याउन नमिल्ने ‘क्यान्सिलेसन’




अर्थात् रद्ध गरिएको छाप लगाउने गर्छ। विभाग र संसद् सचिवालय स्रोतका अनुसार पटक-पटक राज्यको लाभको पदमा रहेकाहरू धेरैले राहदानी फिर्ता गरेका छैनन्। त्यस्ता व्यक्ति को-को हुन् भन्ने विवरण ती निकायका अधिकारीहरूले खुलाउन चाहेनन्।

‘कतिपयले आसन्न निर्वाचनको बहानाले नबुझाएका होलान्, केहीले नियोजितरूपमा नबुझाएका पनि हुन सक्छन्’, विभागका एक अधिकारीले भने- ‘केही पूर्वसांसदलाई फिर्ता गर्नुपर्छ भन्ने थाहा नभएको पनि हुन सक्छ।’ विगतमा केही सांसदले संसद् विघटन हुनु अघि-पछि पनि कूटनीतिक राहदानी दुरुपयोग गरेको विषयले निकै चर्चा पाएको थियो।

तर, विभागका निर्देशक प्रकाशमणि पौडेल भने हस्तलिखित राहदानी जसरी मेसिन रिडेवल पासपोर्ट (एमआरपी) दुरुपयोग हुने सम्भावना नरहेको बताउनुहुन्छ। ‘अहिले प्राविधिक कारणले पनि एमआरपी दुरुपयोग हुने सम्भावना छैन, अधिकांश पूर्वसांसद ‘पोलिटिकल करियर’ मा सचेत र गम्भीर भइसक्नुभएको छ, विगतको जस्तो काण्ड दोहोरिँदैन’ -उहाँले भन्नुभयो।

संसद् सचिवालयले विभागलाई पठाएको सिफारिसका आधारमा सांसदले कूटनीतिक राहदानी लिने व्यवस्था छ। विघटित संसद्का सांसदलाई उपलब्ध गराइएको रातो पासपोर्टको सुविधा आगामी माघ दोस्रो साता र संसद् विघटन भएको मितिले ६ महिना बढी अवधिसम्मका लागि तोकिएको छ।

(क्रमश: पृष्ठ ९ मा)

### आचार संहिता उल्लंघनका २ हजार उजुरी

# निर्वाचन आयोग निरीह

सुनील महर्जन, काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन नजिकिँदै गर्दा निर्वाचन आचार संहिता उल्लंघनका घटनाहरू बढेको पाइएको छ।

निर्वाचन आचार संहिता लागू भएयता आचार संहिता उल्लंघन भएको भन्दै अहिलेसम्म २ हजार हाराहारीमा निर्वाचन आयोगमा उजुरी परेको आयोगका प्रवक्ता नवराज ढकालले जानकारी दिनुभयो। उजुरी परेका विषयको प्रकृति हेर्दा अधिकांश सरकारले नै आचार संहिता उल्लंघन गरेको आरोप लगाएको छ।

अधिकांश उजुरी निर्वाचन आचार संहिता मिचेर सरकारले सरुवा गरेको, कर्मचारीको विदेश भ्रमण, राज्यको स्रोत र साधन बाँडेको जस्ता घटनाका उजुरीहरू अत्यधिक परेका छन्। ‘यस घटनाबारे आयोगले छानविन गरी उजुरीहरूलाई किनारा लगाइसकेको छ’ -प्रवक्ता ढकालले भन्नुभयो।

घटनाको छानविन गरी कतिलाई स्पष्टीकरण सोधिएको, कसैलाई सचेत गराइएको पनि प्रवक्ता ढकालले जानकारी दिनुभयो। यसपटक आयोगले आचार संहिताविपरीत भने पनि प्रधानमन्त्री शेरबहादुर देउवाले पटक-पटक मन्त्रिमण्डल विस्तार गर्नुभएको तथा जिल्लाका प्रहरी प्रमुखको सरुवा गर्नुभएको थियो।

‘संवैधानिक निकायको हैसियतले आचार संहिता पालना गराउन आयोग दह्रो भएर उभिनुपर्थ्यो। तर, व्यवहारमा यसो भएको पाइँदैन’ -पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले भन्नुभयो। आयोगले विशेषत: सरकारलाई आचार संहिता पालना गराउन सशक्त भूमिका निर्वाह नगर्दा संवैधानिक हैसियतको आयोग सरकारको लाचार छायाजस्तो देखिएको पनि उहाँको भनाइ छ।

(क्रमश: पृष्ठ ९ मा)




◆ One Dream - One Theme
Corruption Free Society
Our Common Responsibility

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# डेंगुका रोगी ६ सय ५४




प्रशान्त वली, काठमाडौं

मौसम परिवर्तनसँगै पछिल्लो समय डेंगु रोगको संक्रमण उच्च देखिएको छ। स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्यांकअनुसार ६ सय ५४ जनामा डेंगुको लक्षण देखापरेको छ। जसमध्ये अधिकांश पुरुष रहेका छन्।

यद्यपि अझै डेंगु रोगपश्चात् निवारणका लागि भ्याक्सिन बनेको छैन। डेंगु रोग नियन्त्रणका लागि १/२ वटा देशमा भ्याक्सिन परीक्षणका रूपमा प्रयोग भए पनि विश्व स्वास्थ्य संगठनले आधिकारिकता दिएको छैन।

अहिलेसम्म यो आर्थिक वर्षमा १८ जिल्लामा ६ सय ५४ जनामा डेंगु देखापरेको मन्त्रालयका प्रवक्ता डा. श्रीकृष्ण गिरीले जानकारी दिनुभयो। जसमध्ये सबैभन्दा बढी महोत्तरीमा संक्रमण देखापरेको मन्त्रालयको दाबी छ। पछिल्लो १० महिनाभित्र १८ जिल्लामा डेंगुका बिरामी देखापरेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. भीम आचार्यले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- ‘मुख्यत: नगरोन्मुख शहरी क्षेत्रमा बिहान र बेलुकीको समयमा लामखुट्टेले टोक्दा यो रोगले आक्रमण गर्ने गरेको छ। त्यसैले सरसफाइमा ध्यान दिनुपर्छ। ३५ जिल्ला डेंगुबाट प्रभावित छन्।’ अहिलेसम्म डेंगु भएकै कारण कसैको मृत्यु नभएको स्वास्थ्य मन्त्रालयले दाबी गरेको छ।

सरकारले यस आर्थिक वर्षमा डेंगु रोग निवारणका लागि ६० लाख रुपियाँ बजेट विनियोजन गरेको छ। जोखिमको प्रकृति हेरेर कम जोखिम भएका जिल्लामा २ लाख र उच्च जोखिम भएका जिल्लामा १० लाख रुपियाँसम्म बजेट विनियोजन गरिएको स्वास्थ्य मन्त्रालयले बताएको छ।

सरकारले बजेट छुट्याए पनि बजेट न्यून मात्रामा विनियोजन गरिँदा र जोखिम आउन नदिने कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन हुन नसक्दा जोखिम बढ्दै गएको छ। सर्लाही, धादिङ, चितवन, झापा, रूपन्देही, नवलपरासी, धनुषासहित तराईका जिल्लामा डेंगुको संक्रमण देखापरेको स्वास्थ्य मन्त्रालयका जोखिम नियन्त्रण निरीक्षक उत्तमराज प्याकुरेलले बताए।

जोखिम नियन्त्रणका लागि के काम भइरहेको छ भन्ने जिज्ञासामा मन्त्रालयका जोखिम नियन्त्रण निरीक्षक उत्तमराज प्याकुरेलले भन्नुभयो- ‘डेंगु रोग सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने काम गरिरहेका छौं। साथै जनचेतनामूलक कार्यक्रमलाई समेत अघि बढाएका छौं।’

(क्रमश: पृष्ठ ९ मा)



भक्तपुरको इताछें टोलमा विभिन्न राजनीतिक दलले प्रचारका लागि टाँगिएका चुनाव चिह्न अंकित ध्वजापतका। तस्वीर : किरण न्हिसुतु/भक्तपुर



प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष



## नवीन्द्रराज जोशीको विश्लेषण

# जनता भगवान् हुन्



**नवीन्द्रराज जोशी**
कांग्रेसका प्रतिनिधिसभा
प्रत्यक्षतर्फका उम्मेदवार
**काठमाडौं क्षेत्र नम्बर-८**

आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा नेपाली कांग्रेसले जित्ने आँकलन गरेको काठमाडौंको चार वटा क्षेत्रमध्ये क्षेत्र नम्बर ८ पनि पर्दछ। कांग्रेसले उम्मेदवारी दिएको १ सय ५४ मध्ये ७२ क्षेत्र जित्ने आँकलनमा काठमाडौंका ४ वटा क्षेत्र परेको हो। दोस्रो चरणअन्तर्गत मंसिर २१ गते हुने निर्वाचनमा प्रतिनिधिसभातर्फ काठमाडौं क्षेत्र नम्बर ८ मा कांग्रेस उम्मेदवार नवीन्द्रराज जोशी चुनावी प्रतिस्पर्धामा छन्।

२०६४ र २०७० सालमा भएको पहिलो र दोस्रो संविधानसभा निर्वाचनमा प्रतिपक्षलाई सहजै पराजित गरी निर्वाचित हुनुभएका जोशी यो क्षेत्रका चर्चित कांग्रेस नेता हुन्। कांग्रेस केन्द्रीय सदस्यसमेत रहनुभएका जोशीको प्रतिस्पर्धा अहिले पहिलेको निर्वाचनभन्दा फरक ढंगले हुने भएको छ। यसअघिका निर्वाचनमा कांग्रेस, एमाले र माओवादीबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने भए पनि योपटक एमाले-माओवादी मिलेर निर्वाचनमा होमिएकाले जोशीले यो निर्वाचनलाई चुनौती महसुस गरिरहेका छन्।

चुनाव प्रचार-प्रसारको सिलसिलामा मतदाताको घरदैलो अभियानमा बिहान सबेरैदेखि बेलुकी अबेरसम्म व्यस्त रहने कांग्रेस उम्मेदवार जोशी चुनौती भए पनि आफूले जित्नेमा ढुक्क देखिन्छन्। आफ्नो क्षेत्रको जनताको सुख-दुःखमा सधैं साथमै रहने भएकाले पनि उहाँलाई चुनाव जित्न सजिलो हुने अनुमान गरिँदै आएको छ। आफ्नो प्रतिस्पर्धी वाम गठबन्धनका उम्मेदवार जीवनराम श्रेष्ठ रहेको बताउने जोशीले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'यो चुनावमा भोट माग्न बिहानदेखि बेलुकीसम्म मतदाताको घरदैलोमा पुगिरहेको छु, सबैले मलाई भोट दिन्छौं भनेका छन्।'

'जनता भगवान् हुन्, मैले यो क्षेत्रमा गरेको विकास निर्माण, सामाजिक कार्य मात्र हैन संविधान निर्माणमा पुर्याएको योगदानको पनि कदर गर्दै मलाई भोट दिनेछन्', जोशीले भन्नुभयो- 'संविधानसभामा हुँदा संविधान निर्माणमा महत्त्वपूर्ण भूमिका निभाएको छु भने संसद्मा हुँदा नीति निर्माण र सरकारमा हुँदा नीति निर्माणका साथै कार्यान्वयन पनि गरेको छु भने स्थानीय क्षेत्रको विकासमा ठूलो योगदान पुर्याएको छु।

आफ्नो क्षेत्रमा खानेपानी समस्या समाधान गर्न आफूले गरेको योगदान मतदाताको मस्तिश्कमा रहेको भन्दै उहाँले एक वर्षभित्र खानेपानीको पूर्ण समाधान हुने दाबी गर्नुभएको छ। स्थानीय संस्कृतिको संरक्षण, सडक तथा ढल निकासको क्षेत्रमा मात्र हैन महानगरपालिकाले कर बढाउने निर्णय गरेको विरुद्ध पनि आफ्नो सक्रियता रहेको उहाँको भनाइ थियो।

यसअघि संविधान निर्माण प्रमुख मुद्दा र आफ्नो क्षेत्रको विकास दोस्रो मुद्दा हुने गरे पनि यो चुनावपछि एकमात्र मुद्दा विकास निर्माण हुने भन्दै जोशीले थप्नुभयो- 'काष्ठमण्डपलगायत सम्पदाहरुको पुनर्निर्माण पनि अब तीव्रताका साथ अघि बढ्छ। खानेपानी, सडक, ढल निकास, सम्पदाहरुको पुनर्निर्माण, स्थानीय संस्कृतिको जगेर्नाजस्ता स्थानीयस्तरमा सम्बोधन गर्नुपर्ने विषय उहाँले पहिल्याउनुभएको छ।

यसअघि जोशी उद्योगमन्त्री भएको बेला महत्त्वपूर्ण ऐन नियम पारित गराएर तथा बन्द उद्योगहरु सञ्चालनमा ल्याएर र पूर्वाधार क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय लगानीकर्ताहरुलाई प्रतिबद्धता गराएर चर्चित हुनुभएको थियो। उहाँ मन्त्री भएकै बेलामा विशेष आर्थिक क्षेत्र (सेज) ऐन पारित भएको थियो भने औद्योगिक व्यवसाय ऐन २०७३ समेत जारी भएको थियो। वर्षौं लगाएर बनाइएका यी दुई ऐन हरेक मन्त्रीको पालमा जारी गर्ने प्रतिबद्धता जनाए पनि जारी गर्न सकेका थिएनन्।

उहाँ उद्योगमन्त्री भएका बेलामा कम्पनी ऐन, २०६३ को संशोधन विधेयक व्यवस्थापिका संसद्बाट पारित भएको थियो भने खानी तथा खनिज पदार्थ नियमावलीको चौथो संशोधन पनि भएको थियो। उहाँ मन्त्री भएकै बेलामा विभिन्न मुलुकबाट आएका २ सय ५० जना लगानीकर्ताले पूर्वाधार क्षेत्रमा सबैभन्दा बढी लगानी प्रतिबद्धता जनाएको जोशीले जानकारी दिनुभएको छ।

स्थानीय क्षेत्रमा मात्र हैन पार्टीभित्र समेत चर्चित नेताको रूपमा गनिने जोशी लगातार केन्द्रीय सदस्यमा निर्वाचित हुँदै आउनुभएको छ। प्रजातान्त्रिक आन्दोलनमा सधैं अगुवा नेताको रूपमा सक्रिय रहेका जोशी भन्छन्- 'कांग्रेसको नेतृत्वमा संविधान जारी भएको छ, कांग्रेसकै नेतृत्वमा समृद्ध नेपाल निर्माण हुनेछ।'

# 'भित्री शहरको स्वरूप संरक्षण गर्न उम्मेदवारी'

प्रदेशसभातर्फ काठमाडौं क्षेत्र नं. ८ 'क' का नेकपा एमालेबाट उम्मेदवारी दिनुभएका राजेश शाक्य वाम गठबन्धनका साझा उम्मेदवार हुनुहुन्छ। २०५४ सालमा भएको स्थानीय निकायको निर्वाचनमा काठमाडौं महानगरपालिका-१९ बाट वडा सदस्यमा निर्वाचित हुनुभएका शाक्य स्थानीय जनतामा राम्ररी भिजेका युवा उम्मेदवार हुनुहुन्छ। उम्मेदवार शाक्यसँग नेपाल समाचारपत्रका लागि **सुनील महर्जन**ले गरेको कुराकानी :



**राजेश शाक्य**
वाम गठबनन्धनका प्रदेशसभा 'क'
प्रत्यक्षतर्फका उम्मेदवार
**काठमाडौं क्षेत्र नम्बर-८**

**प्रदेशसभामा तपाईंको उम्मेदवारी किन ?**

काठमाडौं क्षेत्र नं. ८ 'क' मा वाम गठबन्धनबाट मेरो उम्मेदवारी हो। मेरो क्षेत्र काठमाडौं महानगरपालिकाअन्तर्गत चार वटा वडा पर्दछन्। ती वडाहरु भनेको १३, १९, २० र २३ हो। देशको राजधानी भनेको काठमाडौं हो। काठमाडौंको पनि कारे बस्ती भनेको यी चार वटा वडा हुन्। २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरु पनि यही क्षेत्रमा पर्दछन्। विश्व सम्पदा सूचीमा सूचीकृत हुनुमानढोका वसन्तपुर दरबार क्षेत्र, काष्ठमण्डपलगायत सम्पदाहरु पनि यही क्षेत्रमा पर्दछन्। त्यस्तै भूकम्पपीडित परिवारहरुले अझै राहत पाएका छैनन्, अहिले पनि टहरामा बस्न बाध्य भएका छन्। यहाँको अहिलेको मुख्य समस्या यही नै हो। अहिलेसम्म पुनर्निर्माण अनुदान पाएका छैन। त्यसैले मेरो उम्मेदवारी ऐतिहासिक सम्पदाको पुनर्निर्माण, भूकम्पपीडितको पुनःस्थापनाको लागि हो। पुनर्निर्माणको अनुदान सबैल सहजरूपमा पाउने व्यवस्थाका लागि मेरो उम्मेदवारी हो।

यस क्षेत्रमा जातिगत हिसाबले नेवार समुदायको अत्यधिक बाहुल्यता रहेको छ। सो समुदायको चाहनाअनुरूप नेपालभाषाको संरक्षण, नेपालको मौलिक संवत् नेपाल संवत्को व्यावहारिक प्रयोगलगायत जाति, भाषा, अधिकारका मुद्दा, राज्यका निकायमा पहुँच, प्रतिनिधित्व र पहिचानको जर्गेना गर्नका लागि मेरो उम्मेदवारी हो।

त्यसैले काठमाडौंभित्रका शहरमा सम्पदा र संस्कृतिमैत्री विकासका लागि पनि मेरो उम्मेदवारी हो। पर्यटकीय क्षेत्रका विकाससँगै रोजगारीको सिर्जनाका लागि मेरो उम्मेदवारी हो।

**प्रदेशसभामा तपाईंले किन जित्नुपर्दछ ?**

काठमाडौंमा परापूर्वकालदेखि आफ्नो थातथलोको रूपमा बस्दै आएका नेवार समुदायको राष्ट्रिय राजनीतिमा आफ्नो आवाज राख्न पनि मैले यो चुनावमा जित्नुपर्दछ। राष्ट्रिय राजनीतिमा यहाँका भित्री शहरका बासिन्दाको मुद्दा, आवाज र समस्या खासै पुग्न सकिरहेको छैन। राज्यमा पहुँच र प्रतिनिधित्वका लागि यहाँको पीरमर्का बुझ्ने भएकाले मैले जित्नुपर्दछ। अर्कोतर्फ युवालाई प्रोत्साहन दिन, राष्ट्रिय राजनीतिमा युवाको उपस्थितिका लागि पनि मैले जित्नुपर्दछ।

**तपाईंले प्रदेशसभाका निर्वाचनमा जित्ने आधारहरू के-के हुन् ?**

यस क्षेत्रमा जन्मिएको, हुर्किएको र यहाँका जनताको सुख-दुःखमा मेरो साथ रहेको सबैको अनुभूति र भनाइ नै मेरो चुनाव जित्ने आधार हो। अहिले म १३ वडामा बस्छु, १९ वडा २०५४ सालको स्थानीय निकायमा वडा सदस्यमा निर्वाचित भएपछि काम गरेको वडा हो। २० र २३ वडा मेरो परिवारको व्यापारिक थलो हो। यसले गर्दा प्रदेश 'क' का सबै मतदाताले मलाई राम्ररी चिन्दछन्।

विगतमा जनप्रतिनिधि हुँदा यहाँको समस्या समाधान गर्न सदैव प्रयत्नशील रहें। जीर्ण अवस्थामा रहेका ऐतिहासिक लाखाःछेंको र भीमसेनस्थानमा रहेको लुँहिती (सुन्धारा) पुनर्निर्माण गरें। यस कार्यको मूल्यांकन स्वरूप मेरो जित हुनेमा पूर्ण विश्वास रहेको छ। अर्को आधार भनेका वाम गठबन्धनको हो। स्थानीय तहको निर्वाचनमा पनि कांग्रेसले भन्दा एमालेले बढी मत ल्याएको थियो। यस आधारमा मेरो जित हुनेछ। माओवादीसँग गठबन्धनसँग नेपाः राष्ट्रिय पार्टी, राप्रपाले पनि मलाई समर्थन गरेको छ। यसले ममा निकै ऊर्जा थपेको छ। यसले गर्दा मैले जित्ने पूर्ण विश्वास रहेको छ।

**तपाईंका मुख्य चुनावी एजेन्डा के-के हुन् ?**

मेरो चुनावी एजेन्डा भनेको क्षतिग्रस्त सम्पदाको पुनर्निर्माण, भूकम्पपीडितको पुनःस्थापना, सांस्कृतिक स्वरूप झल्किने गरी घरको निर्माण, सांस्कृतिक र पर्यटकीय क्षेत्रको रूपमा काठमाडौंको भित्री शहरको विकास, रोजगारी सिर्जना, शहरी गरिबीको न्यूनीकरण, ३ नम्बर प्रदेशको पहिचानलाई जर्गेना गर्ने मेरो एजेन्डा हो।

# ९ हजार मतान्तरले हामी चुनाव जित्छौं



**जीवनराम श्रेष्ठ**
वाम गठबन्धनका प्रतिनिधिसभा
प्रत्यक्षतर्फका उम्मेदवार
**काठमाडौं क्षेत्र नम्बर-८**

**तपाईंको चुनावी प्रचार-प्रसार कुन ढगंले अगाडि बढिरहेको छ ?**

व्यक्तिगत भेटघाट, कोठेभेला र घरदैलो कार्यक्रम गर्ने, मतदाताको बीचमा आफ्ना कुरा राख्नेलगायतका काम गर्दै अघि बढिरहेका छौं। प्रचारको क्रममा मतदाताको बीचमा राम्रो प्रतिक्रिया पनि पाएका छौं।

**कांग्रेसका तर्फबाट उम्मेदवार बनेका व्यक्ति पटक-पटक त्यही क्षेत्रबाट विजयी भएका र मन्त्री पनि भएका व्यक्ति हुनुहुन्छ। कतिको सहज महसुस गर्नुभएको छ ?**

काठमाडौं क्षेत्र नं. ८ मा मतदाता मेरो उपस्थितिमा निकै नै उत्साहित हुनुभएको छ। यसअघि पनि पटक-पटक चुनाव जितेका कांग्रेसका नवीन्द्रराज जोशी मेरो मुख्य प्रतिस्पर्धी हुनुहुन्छ। यो मेरो दोस्रोपटकको उम्मेदवारी हो। ठूला पार्टीका तर्फबाट हामी दुई जना उम्मेदवार छौं। मतदाताको बीचमा जाँदा उहाँहरूले गरेको खुसी व्यक्त, आशिर्वादले म निकै प्रभावित भएको छु। वृद्धवृद्धादेखि बुबाआमा, युवा सबैबाट हार्दिकतापूर्ण र उत्साहजनक माया प्राप्त भएको छ। उहाँहरुले गरेको समर्थनले मलाई थप उत्साह पैदा भएको छ। यहाँका मतदाताले गरेको उत्साहपूर्ण समर्थनलाई हेर्दा मैले यो क्षेत्रमा प्रतिस्पर्धाको महसुस गरेको छैन। यहाँका जनताले पनि मलाई एक्लो उम्मेदवारका रूपमा हेर्नुभएको छ।

**उहाँ त चुनाव जितेर मन्त्री पनि भइसक्नुभएको व्यक्ति, विकास निर्माणका काम पनि निकै गर्नुभएको होला नि ?**

निश्चितरूपमा क्षेत्र नं. ८ भन्दा बाहिर बस्ने मतदाताले संसद् जितेर मन्त्री भइसकेको व्यक्ति उम्मेदवार हुनुहुन्छ त्यहाँ वाम गठबन्धनका उम्मेदवारलाई जित्न मुस्किल होला भन्ने ठान्नुभएको छ। तर, यहाँ त्यस्तो अवस्था होइन। धेरैले विकास निर्माणका कामहरु यो क्षेत्रमा भएका होलान् भन्ने ठानेका पनि होलान्। तर, जुन मतदाताले उहाँलाई निर्वाचित गराएर पठाउनुभयो उहाँहरु निकै दुःखी हुनुहुन्छ। सांसद भएर सांसदको हैसियतले संसद् विकास कोषबाट आउने वार्षिक ३ करोड कहाँ लगानी भयो ? उहाँहरुले भन्दै आउनुभएको छ। जनता आक्रोशित छन्। जवाफदेहिता अनि पारदर्शिता भएन भन्ने कुरा पनि उठिरहेको छ।

यो क्षेत्रको विकासका लागि उहाँले कुनै पहलकदमी गर्नुभएन भन्ने पनि गुनासो आएको छ। विनाशकारी भूकम्पबाट ठूलो धनजनको क्षति भयो। हाम्रो क्षेत्र भूकम्प प्रभावित क्षेत्र पनि हो। त्यति बेला हामी उद्धार र राहतमा जुट्यौं। हामी भूकम्पबाट क्षतिग्रस्त भएका ठाउँलाई व्यवस्थित गर्ने, बाटोलाई व्यवस्थित गर्ने र निजी घरहरूलाई धरापमुक्त बनाउने काममा लाग्यौं। विपद्को बेला जुन पहलकदमी हामीले गरेका थियौं, त्यसबाट मतदाता खुसी हुनुहुन्छ। भूकम्प गएको २ वर्ष बितिसकेको छ। हाम्रो क्षेत्र कोर सिटीमा पर्छ। हाम्रो क्षेत्रमा अहिले पनि धरापको स्थिति छ। हाम्रो सम्पदाको धरोहर काष्ठमण्डप निर्माण, विश्व सम्पदा सूचीमा रहेको हनुमानढोका, दरबार स्क्वायर, स्वयम्भु मन्दिरलगायतका ठाउँमा पुनर्निर्माणका लागि कुनै पहलकदमी हुन सकिरहेको छैन। कुनै चासो व्यक्त भएन भन्ने गुनासो सर्वत्र छ।

हिजोका दिनमा जनप्रतिनिधि भनेको एक जना संसद् मात्र थियो। जनप्रतिनिधि यो क्षेत्रमा नवीन्द्रराज जोशी हुँदा आफ्नो प्रतिनिधि दुःखको बेला, अप्ठ्यारो बेलामा पाइएन भन्ने आमरूपमा जनगुनासो छ। यो क्षेत्रमा चमती आयोजना दशकौं अगाडिदेखि शुरू भएको हो। त्यो आयोजना अस्तव्यस्त अवस्थामा छ। त्यो आयोजनालाई अगाडि बढाउने कुरामा पनि कुनै कार्य भएको छैन।

हिजोको चुनावमा जनताको बीचमा गएको जनप्रतिधि भएको हैसियतले र त्यहींको स्थायी बासिन्दा भएकाले पनि त्यो आयोजना अघि पटक-पटक अगाडि बढाउन अनुरोध गरेको थिए। तपाईंको नेतृत्वमा यो आयोजना पूरा गरौं भन्दा कुनै चासो देखाउनुभएन। यसमा पनि जनताको ठूलो असन्तुष्टि रहँदै आएको छ।

मान्छेलाई अचम्म लाग्न सक्छ। काठमाडौंमा पनि खोलाले कटान गर्छ र भन्ने हुनसक्छ। सीतापाइलादेखि बग्दै आएर १३ वडा कालिमाटी, सोल्टीमोडतिरबाट बग्ने मनमति खोला छ। त्यो खोलाले वर्षात्को बेलामा छेउछाउका घरमा डुबानमा पार्ने, जमिन कटान गर्ने गर्छ। यो समस्या यहाँका जनताले वर्षौंदेखि भोगिरहेका छन्। त्यस्तो समस्या भएको ठाउँलाई उहाँले व्यवस्थित गर्ने काममा कुनै चासो देखाउनुभएन।

काठमाडौं विशिष्ठ पहिचान बोकेको क्षेत्र हो। यहाँको संस्कृति, यहाँको ऐतिहासिक धरोहर यी सबैको सरंक्षण र सम्बर्द्धन गर्नु आवश्यक छ। मैले यसको विकासका लागि लाग्छु भन्ने दृष्टिकोण अगाडि सारेको छु। यो क्षेत्र ऐतिहासिक धरोहर भएको क्षेत्र हो। यो क्षेत्रलाई एकीकृत विकासको योजनासहित यहाँका सडक, ढल, खानेपानी, सडकबत्ती, पर्यावरण र सडक यातायातलाई व्यवस्थित बनाउनेदेखि सामाजिक सुरक्षाका कुराहरुलाई अगाडि बढाउँछु भन्नेसम्मको दृष्टिकोण अगाडि सारेको छु। महिला जनशक्तिलाई उत्पादनसँग जोडेर सशक्तीकरण गर्ने, अभियान चलाउने कुरालाई पनि अगाडि सारेको छु। मेरो योजनाबाट मतदाताले खुसी व्यक्त गर्नुभएको छ। यी सबै कारणले निर्वाचनमा प्रतिस्पर्धाको स्थिति छैन भन्ने मैले बुझेको छु।

**क्षेत्र नं. ८ का जनताले तपाईंलाई नै भोट के कारणले हाल्ने ?**

अहिले जनताले राजनीतिक अस्थिरताको अन्त्य चाहेका छन्। मुलुकमा अस्थिरताको कारणले सबै क्षेत्र अस्तव्यस्त भयो। मुलुक अस्तव्यस्त भयो। मुलुक अगाडि बढ्न सकेन भन्ने आमरूपमा एउटा धारण बनेको छ। राजनीतिक परिवर्तनपछि समृद्धिको बाटोमा जानुपर्छ। सधैं राजनीतिक अन्योलतामा रहनु हुँदैन भन्न्ने आमरूपमा एउटा धारणा भनेको छ। त्यसैले यो वाम गठबन्धनको मुख्य उद्देश्य भनेकै स्थिरता र मुलुकको समृद्धि नै हो। त्यसैले पनि साझा उम्मेदवारलाई जिताउन आवश्यक छ। दोस्रो काठमाडौं मुलुकको राजधानी हो। यसको आफ्नो छुट्टै पहिचान छ। विशेषता छ। यो विशेषता र पहिचानलाई संरक्षण गर्नुपर्ने आवश्यकता छ। राजधानीबाट जित्ने त धेरै उम्मेदवारहरु छन्। हिजो पनि धेरैले जिते, मन्त्री भए तर राजधानीको प्रतिनिधित्व हुन सकेन। राजधानीमा हिजोदेखि बसोबास गर्ने स्थायीबासी, मतदाता, जनताहरु छन्। उनीहरुको भावनाको प्रतिनिधित्व हुन सकेन। संस्कृति, परम्परा, सम्पदा, गुठी, गहना जात्रा पर्व, यहाँका भाषा, जातिका कुराहरूलाई संरक्षण र सम्बर्द्धन गर्ने कुराहरु हुनसकेका छैनन्।

यहाँको भौगोलिक सुन्दरता उचित मात्रामा संरक्षण हुनसकेको छैन। काठमाडौं सांस्कृतिक धरोहर भएको ठाउँ हो। म मात्र होइन मेरो पुर्खा पनि यही ठाउँमा जन्मिए। म यही ठाउँमा हुर्कें, पढें, बढें। म यहींको समुदायमा भिजेको व्यक्ति पनि भएकाले मलाई यहाँका जनताले जिताउने निश्चित छ। मेरो क्षेत्रको सांस्कृतिक सम्पदा, परम्परा र जात्रा पर्वहरु यहाँको सभ्यताको संरक्षण कुराहरु मात्र होइन सांस्कृतिक धरोहरलाई बचाउने कुरा पनि जीवन्त शहरको रूपमा यसलाई स्थापित गर्ने कुरा पनि हो। मेरो क्षेत्रको विकासका लागि जुन दृष्टिकोण अगाडि सारेको छु। त्यो पूरा गर्न पनि मलाई समर्थन हुन्छ भन्ने लाग्छ। खेलकुद क्षेत्रमा लामो समयदेखि संलग्न छु।

सिंगो देशको खेलकुदलाई नै व्यवस्थित गर्ने कुरा, खेलकुद नागरिकको स्वास्थ्यका लागि र राष्ट्रको गौरवका रूपमा स्थापित गर्ने कुरा र देशभरि नै खेलमैत्री वातावरण बनाउने कुरा, खेलकुदको माध्यमबाट नै खेलाडीलाई जीवनयापन गर्ने स्थिति निर्माण गर्ने कुरा ऐन कानुन बनाउने कुरामा पनि मेरो भूमिका अहम् रहनेछ। अरूले जित्दा त्यो क्षेत्रको मात्र प्रतिनिधित्व हुनसक्छ। मैले जित्दा यहाँको जाति, भाषा, परम्पराको पनि प्रतिनिधित्व गर्न सक्छु। यी सबै कारणले यहाँका जनताले योपटक मलाई जिताउने निश्चित छ।

# मायामा धोका खाएपछि रिश्ताको रोदन

नायिका रिश्ता बस्नेत म्युजिक भिडियोमा देखिएकी छिन्। *निष्कर्ष* शीर्षकको एल्बममा संगृहित अञ्जु पन्तद्वारा गाइएको *तिम्रो माया मुटुभरि साँची राखेकी छु, चाहे तिम्ले आफ्नै ठान, चाहे तिम्ले छुरा हान* बोलको मर्मस्पर्शी गीतमा रिश्ता गम्भीर भूमिकामा देखिएकी हुन्।

*बेहुला बनाउँछु भन्थी बहुला बनार गई* गायक रमेशराज भट्टराईको शब्द र संगीत रहेको गीतमा रिश्ता पतिबाट धोका पाएकी पत्नीको दु:खी भूमिकामा छिन्। हालैको एक दिन यो गीतको तामझामका साथ सुटिङ गरिएको हो।


तस्वीरहरू : रंगराज आचार्य

राजधानीको गैह्रीधारा, बालुवाटारस्थित राणा दरबारलाई रोयल एम्पायर बुटिक होटलका रूपमा सञ्चालनमा ल्याइएको होटलमा रिश्ता दु:खी पत्नीको भूमिकामा डुबेर अभिनय गरिरहेको अवस्थामा भेटिइन्। म्युजिक भिडियोमा आफ्नो पति अर्कैलाई रोजेर रमाइरहेको देखेर दु:खी देखिएकी रिश्ता आफ्ना भावभंगीबाट काममा निकै डुबेको देखिन्थिन्। उनको पतिको भूमिकामा चन्द्र पुलामी तथा चन्द्रको प्रेमिकामा भूमिकामा रेणु लामाले अभिनय गरिरहेका थिए। रिश्ताको शालिन पहिरनमा उनी 'घरवाली' र रेणुको ग्ल्यामरस् पहिरनमा उनी 'बाहरवाली' देखिन्थिन्। तर, फिल्मको जस्तो कथा बुनिएको म्युजिक भिडियोमा पछि यस्तो मोड आउँछ कि रिश्ताको मायाको खाँचो उनको पतिलाई पर्छ। निर्भाना कला केन्द्र प्रालिको उत्पान र वितरणमा बजारमा आउने श्रव्यदृश्यको म्युजिक भिडियो नृत्य निर्देशक प्रदीप श्रेष्ठले निर्देशन गरेका छन्। वीरेन लामाको निर्माण नियन्त्रणमा तयार भएको म्युजिक भिडियोमा छायांकन नवराज उप्रेती र सम्पादन विष्णुहरि तिमल्सिनाको रहेको छ। यो गीतको म्युजिक भिडियो चाँडै नै सार्वजनिक गरिने यसको निर्माता निर्भाना टिभी नेपालका अध्यक्ष रमेश श्रेष्ठले जानकारी गराए।

गीतमा गायिका अञ्जु पन्त विरही स्वरमा भन्छिन्- *तिम्लाई पाउने झिनो आशमा बाँचिराखेकी छु, तिम्रो माया मुटुभरि साँची राखेकी छु।*







# जोडिए चर्चित ब्यान्ड



नेपालका चर्चित ब्यान्डहरू एकैठाउँमा जोडिएका छन्। मुक्ति एन्ड रिभाइभल, रविन एन्ड द न्यु रिभ्योलुसन, अभया एन्ड द स्टिम इन्जन्स, द स्याडोज नेपाल र अनुप्रास्ता ब्यान्ड एकैठाउँमा जोडिएका हुन्।

ब्यान्डवागन बाई पोजिटिभ भाइब्सले स्थापना गरेको ब्यान्डको गायन समूहमा मुक्ति एन्ड रिभाइभलका मुक्ति शाक्य, रविन एन्ड द न्यु रिभोल्युसनको रविन तामाङ, अभया एन्ड दि स्टिम इन्जन्सकी अभया सुब्बा, द स्याडोज नेपालका स्वप्निल शर्मा र अनप्रास्ताका निरन शाही आबद्ध छन् भने वाद्यवादनतर्फ गितारमा नेपथ्यका पूर्व लिड गिटारिस्ट तथा हरि महर्जन प्रोजेक्टका हरि महर्जन, द एक्स ब्यान्डका पूर्व लिड गिटारिस्ट तथा टम्बलविड र श्री ३ का शरद श्रेष्ठ, अभया एन्ड द स्टिम इन्जन्सका राजीव रिन्छेन पाल्जोर, वशिष्टमा मुक्ति एन्ड रिभाइभलका रोशन कंसाकार र म्युजिक स्कोरर सुरज विष्ट, सारंगीमा केयूका प्रोफेसर भरत नेपाली, ड्रम्समा नेपथ्यका पूर्व ड्रमर तथा कान्ता डब डबका निखिल तुलाधर छन्। *फेरि उठ्नेछ नेपाल* नाराका साथ अगाडि बढ्ने ब्यान्डमा आबद्ध सदस्यहरुले बताएका छन्। ब्यान्डले पहिलो एल्बम निकालेपछि सन् २०१८ को जनवरीबाट देशका प्रमुख शहरमा कन्सर्ट गर्ने भएको छ। ब्यान्डको गायन समूहका सदस्य रविन एन्ड द रिभ्योलुसनका रविन तामाङले युवा बाहुल्यता रहेको ब्यान्डमा आबद्ध हुन पाउँदा खुसी लागेको बताए।

# निर्देशकलाई सलमानको नो

बलिउड नायक सलमान खानले आजसम्म पर्दामा कुनै पनि हिरोइनसँग लिप लक गरेका छैनन्। सलमानको भनाइ छ कि उनको फिल्म हेर्न परिवारका बच्चादेखि वृद्धसम्म आउँछन्। त्यस कारण यस प्रकारको सिन देखाएर सलमान उनीहरूलाई लज्जित बनाउन चाहँदैनन्।

सलमान यस्तो फिल्म मन पराउँछन्, जुन फिल्म परिवारको साथ हेर्न सकियोस्। साथै सलमानको भनाइ छ- 'कसरी म सुटिङ युनिटको अगाडि हिरोइनलाई चुम्बन गर्न सक्छु?' उनी सहजरूपमा यस प्रकारका दृश्य दिन सक्दैनन्। समाचारमा चर्चा गरिएअनुसार सलमानले त सार्वजनिक स्थानमा आफ्नो प्रेमिकाको हात समात्न पनि मन पराउँदैनन्। त्यसैले पनि उनी यस प्रकारको सिन दिन सक्दैनन्।

बलिउडका सबै निर्देशकलाई थाहा छ कि सलमान नो किसिङ सिनको नियमअनुसार चल्छन् र उनलाई यस प्रकारका कुरा गर्नु भनेको बेकार समयको बर्बाद गर्नु मात्र हो। तर, फिल्म *टाइगर जिन्दा है*का निर्देशक अलि अब्बास जफरले यस फिल्ममा भने केही नयाँ गर्ने सोचे। उनले फिल्ममा सलमान र नायिका कट्रिना कैफबीच चुम्बनको दृश्य राख्ने सोचेका थिए। एक बलिउड अनलाइनले जनाएअनुसार केही फिल्मकर्मीले निर्देशक अलि



अब्बास जफरलाई सम्झाएका थिए कि सलमानले यस प्रकारका दृश्य गर्न अस्वीकार गर्नेछन् र उनी बिनाकारण सलमानसँग निहुँ खोज्दै छन्। फिल्म *सुल्तान*को सफलताले उत्साहित अलीले आफू सलमानलाई मनाउन सफल हुने कुरामा विश्वस्त थिए। तर, त्यसो हुन सकेन। उनले सलमानलाई मनाउन धेरै कोशिस गरे तर सलमानले उनलाई केवल दुई शब्दको जवाफ दिए- नो। समाचारमा जनाइएअनुसार नोको मतलब  नो नै हो भन्दै कट्रिनासँग चुम्बन गर्न अस्वीकार गरे।





सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: RUSLAN 100% PURE MOVES
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधा: सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा (KFA 1A)
डाइङ क्यान्डल (KFA 1B)
गाजलु (KFA 1C)
जात्रा (KFA 1D)
के म तिम्रो होइन र (KFA 1E)

विधा: सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२ (KFA 2A)
दीपेन्द्र के खनाल - चपली हाइट-२ (KFA 2B)
हेमराज बीसी - गाजलु (KFA 2C)
आकाश अधिकारी - के म तिम्रो होइन र (KFA 2D)
निश्चल बस्नेत - लुट-२ (KFA 2E)

विधा: सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम (KFA 3A)
अनमोल केसी - गाजलु (KFA 3B)
विपीन कार्की - जात्रा (KFA 3C)
निखिल उप्रेती - निर्भय (KFA 3D)
सौगात मल्ल - शब्द (KFA 3E)

विधा: सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा (KFA 4A)
सृजना सुब्बा - डाइङ क्यान्डल (KFA 4B)
वर्षा राउत - जात्रा (KFA 4C
केकी अधिकारी - लभ सासा (KFA 4D)
नीता ढुंगाना - निर्भय (KFA 4E)

विधा: सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर (KFA 5A)
अर्पण थापा - वीरविक्रम (KFA 5B)
दीपकराज गिरी - छक्का पञ्जा (KFA 5C)
कमलमणि नेपाल - जात्रा (KFA 5D)
कामेश्वर चौरासिया - पलाँस (KFA 5E)

विधा: सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा (KFA 6A)
रवीन्द्र झा - जात्रा (KFA 6B)
दयाहाङ राई - लुट-२ (KFA 6C)
सलोन बस्नेत - गाजलु (KFA 6D)
बुद्धि तामाङ - छक्का पञ्जा (KFA 6E)

विधा: सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/
हारें हारें (KFA 7A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/
पूर्व-पश्चिम रेल (KFA 7B)
कालिप्रसाद बासकोटा - लुट-२/
ठमेल बजार (KFA 7C)
अर्जुन पोखरेल - निर्भय/
यो दुनियाँ (KFA 7D)
वसन्त सापकोटा - राधा/
छपक्कै (KFA 7E)

विधा: सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/
हारें हारें (KFA 11A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/
पूर्व-पश्चिम रेल (KFA 11B)
कृष्ण काफ्ले - छक्का पञ्जा/
सुन न चम्पा (KFA 11C)
प्रताप दास - के म तिम्रो होइन र/
पागल (KFA 11D)
युवराज चौलागाईं - पलाँस/
तिमी साथमा (KFA 11E)
स्वरूपराज आचार्य - शब्द/
हरपल (KFA 11F)

विधा: सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/
केही कदम (KFA 10A)
मिलन अमात्य - हाउ फन्नी/
यो के हो (KFA 10B)
अञ्जु पन्त - किस्मत-२/
यी आँखा लैजाउ (KFA 10C)
मीना निरौला - लुट-२/
ठमेल बजार (KFA 10D)
मेलिना राई - राधा/
छपक्कै (KFA 10E)

विधा: लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत (KFA 8A)
केकी अधिकारी (KFA 8B)
प्रियंका कार्की (KFA 8C)
ऋचा शर्मा (KFA 8D)
सृष्टि श्रेष्ठ (KFA 8E)

# विचार

मानिसले गर्न नसक्ने काम
केही छैन, तर त्यो गर्न उसलाई
साहसको आवश्यकता पर्छ ।
– कार्लाइल

जसले आफ्नो समय बरबाद गर्‍यो
उसले यो बुझ्छे हुन्छ कि उसको एउटा पनि
इच्छा पूरा हुँदैन । उसको जीवन सदा दुःखमय
बित्नेछ । त्यसैले समयलाई चिन ।
– ब्रर्टेन्ड रसेल

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## समय सच्चा परीक्षाको

चिसो बढेसँगै गाउँ, शहर र बजार जताततै चुनावी सरगर्मी बढेको छ। कुनै न कुनै राजनीतिक दलमा लागेका कार्यकताहरू आ–आफ्नो दलको उम्मेदवारलाई जिताउन घरदैलो, सभा र कोठेभेलामा व्यस्त छन् । सर्वसाधारण जनता चुनावी माहौल बुझ्ने, कसलाई भोट हाल्ने, को आएमा राम्रो हुनेछ भनेर आङ्कलन गर्नमा व्यस्त छन् । गाउँघरमा सुरक्षाकर्मीको उपस्थिति बाक्लिँदै गएको छ । सिंगो मुलुक सुस्तरी चुनावमय बन्दै गएको छ । यससँगै पैसाको खोलो बगाएर अनि गुण्डागर्दी एवं डर–त्रास फैलाएर चुनाव जित्ने हर्कत पनि बढ्दै गएको छ। यस्ता कार्यले लोकतान्त्रिक शासन व्यवस्थामा चुनौती थपेको छ ।

सिद्धान्ततः निर्वाचनलाई लोकतान्त्रिक व्यवस्थाको प्राणका रूपमा लिइन्छ। जनताको बृहत्तर हित समेटिने वा नसमेटिने कुरा निर्वाचन कतिको स्वच्छ, निष्पक्ष र धाँधलीरहित अवस्थामा सम्पन्न भएको छ भन्नेमा निर्भर रहन्छ । निर्वाचनको विश्वसनीयता, स्वच्छताले नै लोकतान्त्रिक व्यवस्थाको रक्तसञ्चार गर्दछ । लोकतान्त्रिक व्यवस्थाको प्राण निर्वाचन भए पनि ठूलै पैसा दिएर चुनावको टिकट लिने, मत किन्ने, पैसा बाँडेर चुनाव जित्ने होडबाजी लोकतन्त्रको महत्वपूर्ण चुनौती भएको छ। यसले गर्दा जसरी भए पनि चुनाव जित्ने, चुनाव जितेपछि आफ्नो निर्वाचन क्षेत्रका जनताको नाकमुख हेर्न नजाने उम्मेदवारहरूको औसत प्रवृत्ति फेरि दोहोरिने सम्भावना बढेको छ ।

निर्वाचन आयोगले आचारसंहिताको ठेली नै छाप्ने गरे पनि चुनावताका रकमको खोलो बगाउने प्रवृत्तिलाई नियन्त्रण गर्न सकिरहेको छैन। करोडौं खर्च गरेर चुनाव जित्ने, चुनाव जितिसकेपछि हुने/नहुने काम गरेर करोडौं कुम्ल्याउने परिपाटी लोकतन्त्रको आवरणमा मौलाउँदै गएको छ । यस्ता कार्यले लोकतन्त्रलाई अझ जनमुखी बनाउनबाट रोकेको छ। लोकतन्त्रको स्वरूपलाई मुलुकको सामाजिक विकासक्रममा विभिन्न कारणले पछि परेका र पारिएका वर्ग, क्षेत्र र समुदायको हित गर्ने भन्दा पहुँचवाला, राज्यको स्रोत–साधनमा पहुँच हुनेलाई पक्षपोषण गर्ने खालको बनाउँदै लगेको छ ।

यस्तो अवस्थामा लोकतान्त्रिक व्यवस्थालाई जनमुखी बनाउन मतदाताहरू पनि सचेत र सजग हुन उत्तिकै आवश्यक छ। एकचोटि मत हाल्न उत्साह देखाएर बाँकी दिन निराशामा बाँच्नुपर्ने हो कि भन्नेमा जनता खूबै सचेत हुनुपर्ने देखिन्छ। यस अर्थमा आसन्न निर्वाचन जनताको विवेक र बुद्धिको पनि परीक्षा हो । यसअघि स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ। प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनसँगै अब संघ, प्रदेश र स्थानीय तह गरी संघीय संरचनाको तीनवटै तहको जग निर्माण हुनेछ। यस अवस्थामा समुन्नत नेपालका लागि संरचना नयाँ हुने र प्रवृत्ति पुरानै दोहोरिने कार्यको अन्त्य गरिनु आवश्यक छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# राजनीतिको छाया : तंग्रिन सकेन शेयर बजार



बद्री तिवारी

मुलुकमा बेलाबखत उत्पन्न राजनीतिक उतारचढावसँगै नेपाली पूँजीबजार अप्रत्यासितरूपमा प्रभावित हुने र केही समयपछि कारोबारमा सुधार हुने गरेका घटना यहाँका सर्वसाधारण लगानीकर्ताहरूका लागि नौला होइनन्। यद्यपि, यसपटकको प्रतिनिधिसभा र प्रदेशसभाको चुनावी सरगर्मीसँगै एकाएक थला परेको शेयर बजारको कारोबार सुधारोन्मुख नदेखिनुले सर्वसाधारण लगानीकर्ता हैरानीमा परेका छन्। निर्वाचनको मुखमा आएर वाम गठबन्धन- नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नयाँशक्ति पार्टीबीच चुनावी तालमेल (पछि उम्मेदवारको टिकट वितरणमा कुरा नमिलेका कारण नयाँशक्ति हाल बाहिरिएको स्थिति) र निर्वाचनपछि पनि एमाले र माओवादी केन्द्रलगायत अन्य वामपन्थी दलहरूबीच एकता हुने भन्ने समाचारले पूँजीबजारका ठूला-साना सबै खाले लगानीकर्तालाई यतिखेर बेचैन बनाएको छ। दशैंपछिदेखि लगातार घट्दै आएको नेप्से परिसूचकले उनीहरूमध्ये अधिकांश लगानीकर्ताको सातो नै लिएको छ भन्दा अत्युक्ति नहोला। गतसाताका शुरुका तीन दिन नेपाल स्टक एक्सचेन्जको कारोबार सकारात्मक बन्दै गएको देखिए पनि पछिल्ला दुई दिन घट्न थालेपछि बुल्लिस ट्र्याप (अर्थात् एक-दुई दिन कारोबार उकालो लागेर लगानीकर्तालाई झुक्याउने र फेरि बियरिस ट्रेन्ड शुरु हुने अवस्था) ले केही धुर्त्याइँ गर्न खोजेको हो कि भन्ने अनुभव लगानीकर्ताले गरेको पाइयो। यो अवस्था भनेको कारोबार सकारात्मक बन्दै जाँदा कम मूल्यमै शेयर खरिद गर्ने र दुई-चार दिनपछि शेयर मूल्य वृद्धि हुनेबित्तिकै बिक्री गर्ने प्रवृत्ति हो। यो खासगरी दोस्रो बजारबाट शेयर खरिद गर्ने चलाख लगानीकर्ताहरूले गर्ने व्यापारका रूपमा पनि बुझ्ने गरिन्छ।

बजारमा उपलब्ध वस्तु तथा सेवालगायतका अन्य कारोबारको हकमा माग बढी भएमा मूल्य बढी हुने र आपूर्ति बढी भएमा मूल्य घट्ने अर्थशास्त्रको सर्वमान्य सिद्धान्त धितोपत्र बजारमा सधैं लागू नहुने अनुभव बटुल्छन् लगानीकर्ताहरू। कम्पनीका शेयरहरूको बिक्री वितरण/कारोबार धेरै पहिलेदेखि नै हुँदै आएको भए पनि नेपालमा शेयर कारोबारको आधिकारिक गणना २०५० साल माघ ३० गतेदेखि हुँदै आएको तथा उमेरका हिसाबले यो युवावस्थामा विचरण गर्दै गरेको छ, तर पनि यसको कारोबारको प्रकृति हेर्दा किशोरावस्थामै रहेको देखाउँदै आएको छ। किनकि यस क्षेत्रमा विश्वास र परिपक्वताको कमी भएका कारण धेरै लगानीकर्ताहरू आफ्नो लगानीलाई सुरक्षित बनाउन नसकेको महसुस गर्न पुग्दछन्। नेपाली धितोपत्र बजारको अवस्था मूल्याङ्कन गर्दा लगानीकर्ताले बेहोर्दै आएको यस किसिमको जोखिमलाई अस्वाभाविकै भन्न मिल्दैन।

नेपाली शेयरबजारको स्थितिलाई समग्रमा हेर्दा नियामक निकायको कमजोरी, धूर्त सट्टेबाजहरूको खेल, विनासुझबुझ दोस्रो बजारमा लगानी गरेर छिट्टै धनी हुने उद्देश्यका साथ कारोबार गर्ने साना लगानीकर्ता, अनियमित तरिकाबाट आर्जित सम्पत्ति (कालो धन)लाई शुद्धीकरण गरेर सेतो धनमा परिणत गर्न खोज्ने माफिया र आफ्नो अनुकूल चलखेल गर्दै शेयरबजार नै नियन्त्रणमा लिन खोज्ने प्रवृतिका मुठ्ठीभरका ठूला लगानीकर्तालगायत विविध तत्वहरूले यस क्षेत्रलाई सधैं तरल, असुरक्षित र अविश्वसनीय बनाउने काम भएको पाइन्छ।

हाम्रो देशको शेयरबजारको कारोबारलाई अस्थिर बनाएर व्यापार गर्नेहरूकै कारण वास्तविक एवम् इमानदार लगानीकर्ताहरू असुरक्षित बन्दै आएको कुरा त छर्लङ्ग छ। हुन पनि केही सट्टेबाजहरूले मौकाको फाइदा उठाउन मुलुकको राजनीतिक फाँटमा अलिकति उतारचढाव देखा पर्नेबित्तिकै त्यसैलाई बहाना बनाएर भ्रमको खेती गरेर कमाउन उद्यत् हुन्छन्। यस्तो बेला उनीहरू आफ्नै पकडमा रहेको केही शेयर सस्तो मूल्यमा बिक्री गर्न थाल्छन्, अनि अरु सर्वसाधारण लगानीकर्ताहरू पनि हतारिएर आफू सुरक्षित हुनका लागि धेरै नोक्सान बेहोर्नुभन्दा बरु केही सस्तैमा दिनुपरे पनि बिक्री गर्नतर्फ लाग्छन्, यसरी कम मूल्यको शेयर फालाफाल हुने अवस्था पनि आउन सक्छ, अनि तिनै चलखेल गर्ने ठूला लगानीकर्ताहरू आफैं खरिद गर्दछन्, अवस्था सुधारिएर बिस्तारै शेयरको मूल्यवृद्धि हुन थाल्दछ। अनि बजार सकारात्मक बन्दै जाँदा उनीहरू सस्तोमा खरिद गरेको शेयर महँगो मूल्यमा बिक्री गर्न थाल्दछन्, अनि त के चाहियो र, बसी-बसी मालामाल !

यसपटक पनि नाफाखोरहरूले राजनीतिको नाममा हल्ला गर्ने मौका पाइहाले। गत बडादशैं सकिएको लगत्तै असोज १७ गते भएको सहमतिअनुसार दलहरूबीच चुनावी गठबन्धन र दलहरूको एकतासम्बन्धी समाचार असोज २१ गते प्रकाशित भएको थियो। सोही समाचारसँगै शेयरको कारोबार तथा मूल्यमा गिरावट हुन थाल्यो। खासमा शेयर मूल्य घट्नुमा ट्रेजरी बिलको ब्याजदरभन्दा लाभांश कम हुने खबर आएपछि त्यसले पनि ठूलो भूमिका खेलेको हुनसक्छ, त्यसमाथि यस वर्ष कम्पनीहरूले लगानीकर्ताको अपेक्षाविपरीत बोनस, लाभांश कम हुने संकेतका कारण शेयर कारोबारमा गिरावट आएकोमा राजनीतिक कारणलाई निहुँ बनाएर झुटको खेती गर्ने काम भइरहेको छ। यसबाट सर्वसाधारण लगानीकर्तालाई भ्रममा पार्ने र आफू फाइदा लुट्ने काम हुनुलाई दुर्भाग्यपूर्ण मान्नुपर्दछ। यस्तो अवस्थामा नियामक निकायले लगानीकर्ताहरूलाई आवश्यकताअनुसार सूचित गरेर संरक्षण गर्नुपर्ने दायित्व निर्वाह गर्नु आवश्यक छ।

त्यसो त बेलाबखत राजनीतिक कारणले पनि शेयरबजार प्रभावित नभएको भने होइन। यसपटक 'बाघ कराउनु र बाख्रो हराउनु एकैपटक' भन्ने नेपाली उखानलाई चरितार्थ गर्ने घटना भएकै हो। वाम एकताको समाचार प्रकाशित भएकै दिनको शेयर कारोबारमा दोहोरो अंकले नेप्से परिसूचक घट्नुले धितोबजारमा ठूलै हलचल मच्चाएकै हो। यो किन पनि भयो भने, शेयरबजारलाई जुवासँग तुलना गर्ने वाम नेता नयाँशक्ति पार्टीका संयोजक डा. बाबुराम भट्टराई पनि एमाले र माओवादी केन्द्रसँग पहिले चुनावी तालमेल गर्ने र पछि पार्टी एकता नै गर्ने निर्णय भएको थियो। नेपालको धितोपत्र बजार डा. भट्टराईप्रति सकारात्मक बन्न नसक्नाले उहाँकै कारण जबर्जस्ती शेयरबजारमा अनावश्यक होहल्ला हुने गरेको छ। यसो हुनुमा गठबन्धनले चुनाव जितेर सरकार गठन गरेपछि पुरानै घटनाको पुनरावृत्ति हुने आशंका धेरैलाई छ। डा. भट्टराई अर्थमन्त्री हुँदा आ.व. ०६४/६५ को अन्त्यतिर एउटा कार्यक्रममा सम्बोधन गर्ने क्रममा उहाँले धितोपत्र बजारलाई जुवाघरसँग तुलना गर्दा विवादित त बन्नु नै भयो, बजारमा शेयरको मूल्य पनि घट्न पुग्यो। अर्को त्यस्तै घटनाले गर्दा यो क्षेत्र उहाँप्रति सकारात्मक बन्न नै सकेन। पछि डा. भट्टराई प्रधानमन्त्री बन्नुभएकै दिन नेप्से परिसूचक ९ अंकले घट्न पुगेको थियो। यद्यपि उहाँको आशय खराब भने पाइँदैन, किनकि उहाँले यदि कसैले शेयर बजारमा लगानी गर्दछ भने हचुवाका भरमा, जुवाघरमा खेल्न गएजस्तो होइन, पूरा सुझबुझका साथ गर्नुपर्छ भन्ने हो, तर चलखेल गर्नेहरूले उहाँको अभिव्यक्तिलाई तोडमोड गरेर पूरै शेयरबजारलाई जुवाघरजस्तो भनेर दोषारोपण गर्नु कदापि न्यायसंगत मानिदैन।

गत कार्तिक ५ गतेदेखि २४ गतेसम्मको अभिलेखलाई हेर्ने हो भने, १११ दशमलव १८ अंकले नेप्सेमा गिरावट आएको छ। जसबाट बजारको पूँजीकरण पनि घट्न गएको छ। गतसाताको कारोबार हेर्दा एकाएक थला परेको शेयर बजार तंग्रेला भन्ने आशा गरिएको थियो तर उतारचढाव निरन्तर रहेकोले लगानीकर्ताहरू केही समय धैर्य बनेर आफ्नो लगानीलाई सुरक्षित राख्नपट्टि लाग्नुपर्दछ, नकि हतारिएर बिक्री गर्न। यसै बीच पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी ओलीले शेयरको मूल्य तथा कारोबार घट्नुको कारण वाम गठबन्धन होइन भन्ने अभिव्यक्ति दिएलगत्तै २/४ दिन बजार सकारात्मक बन्यो। पछि पुनः कारोबारमा शिथिलता आयो। यसरी प्रत्यक्ष वा अप्रत्यक्षरूपमा नेताहरूको अभिव्यक्ति पनि केही हदसम्म शेयर कारोबारमा जिम्मेवार देखिएको छ।

तैपनि नेपालको शेयर बजारलाई सहजै विश्लेषण गर्न सक्ने अवस्था छैन। अन्य मुलुकको प्रसंग कोट्याउँदा सूचीकृत कम्पनीहरूको अवस्था, ती कम्पनीहरूले गरिरहेको व्यापार, ती कम्पनीहरूले आर्जन गरेको मुनाफा, वितरण गर्दै आएको लाभांश र बोनस शेयर तथा सम्भावित फाइदाहरूको जानकारीका भरमा लगानीकर्ताहरू उत्साहित हुने तथा शेयर खरिद बिक्री कारोबार यथावत् रहने स्थिति आउनेछ। तर, नेपालको शेयर बजारमा माथि उल्लिखित नियमले मात्रै काम गर्दैन, यहाँ त राजनीतिक गतिविधि, सरकार हेरफेर, नेताहरूको अभिव्यक्ति र सट्टेबाजहरूको अस्वस्थ चलखेलजस्ता कारणले शेयर कारोबारमा उतारचढाव देखा पर्दछ।

ठूला पूँजीपतिदेखि सामान्य लगानीकर्ताद्वारा खर्बौं रुपियाँ लगानी गरिएको यो क्षेत्रलाई हल्का र हचुवाका भरमा नलिई लगानीकर्ताको संरक्षण गर्न तथा मुलुकको समग्र आर्थिक उन्नति गर्नका लागि राज्यका सम्बद्ध नियामक निकायले विशेष प्राथमिकता दिनै पर्दछ, ताकि पूँजी बजारलाई परिपक्व, विश्वसनीय, व्यवस्थित एवम् स्थापित गर्न सकियोस्। नेपाल धितोपत्र बोर्डजस्तो नियामक निकायले शेयरबजारको सुधारका लागि घोषणा गरेका कार्यक्रमहरू अक्षरशः कार्यान्वयन गर्नुपर्दछ, अनि मात्र लगानीकर्ताको मनोबल माथि उठाउन सकिनेछ।

badript@gmail.com

अन्य मुलुकको प्रसंग कोट्याउँदा सूचीकृत कम्पनीहरूको अवस्था, ती कम्पनीहरूले गरिरहेको व्यापार, आर्जन गरेको मुनाफा, वितरण गर्दै आएको लाभांश र बोनस शेयर तथा सम्भावित फाइदाहरूको जानकारीका भरमा लगानीकर्ताहरूले उत्साहित हुने तथा शेयर खरिद बिक्री कारोबार यथावत् रहने स्थिति आउनेछ। तर, नेपालको शेयर बजारमा माथि उल्लिखित नियमले मात्रै काम गर्दैन, यहाँ त राजनीतिक गतिविधि, सरकार हेरफेर, नेताहरूको अभिव्यक्ति र सट्टेबाजहरूको अस्वस्थ चलखेलजस्ता कारणले शेयर कारोबारमा उतारचढाव देखा पर्दछ।

## पाठक पत्र

### कस्ता हाकिम ?

बलम्बुस्थित यातायात व्यवस्था कार्यालयमा मोटरसाइकलको ब्लुबुक नवीकरण गर्न गएकी एक महिलामाथि एक दलालले कार्यालयको हाताभित्रै आक्रमण गरेको समाचार नेपाल समाचारपत्रमा प्रकाशित भएको रहेछ। बैंकमा पैसा बुझाएर नवीकरणका लागि लाइनमा बसेकी शारदा पाण्डेलाई घच्याउँदै ब्लुबुक नवीकरण गराइदिने ठेक्का लिएर पैसा असुल्ने गरेका दलाल अगाडि बढ्न लागेपछि पाण्डेले त्यसको विरोध गर्नासाथ दलालले आक्रमण गर्दासमेत त्यहाँका सबै कर्मचारी र हाकिमसमेत हेरिरहनुले सबैलाई लज्जाबोध भएको छ।

कार्यालय हाताभित्रै ती महिलामाथि दलालले आक्रमण गर्दासमेत कार्यालयका कर्मचारीहरूले बेवास्ता गरेका कारण अक्रमणकारी भाग्न सफल भए। यसरी कार्यालयमा रहेका कर्मचारीले आफ्नो जिम्मेवारीबोध नगर्दा यस्तो भएको हो। यस्तो गर्नेलाई कार्वाही नभएमा अपराधी प्रवृत्तिको मनोबल बढ्न सक्छ। यो विषयमा गम्भीर हुन जरुरी छ। सबै कार्यालयमा यस्ता घटना हुन्छन्। त्यो प्रतिनिधिपात्र र ठाउँ मात्रै हो। त्यसकारण यो विषयमा प्रशासनले ध्यान दिन जरुरी छ।

*- पूजा पाण्डेय, भक्तपुर*

### मंसिरे लगनगाँठो र चुनावी तालमेल

हाम्रो समाजमा मंसिर महिनालाई उमेर पुगेका जोडीहरूको लगनगाँठो कस्ने उपयुक्त समयको रूपमा हेर्ने गरिन्छ। लगनगाँठोसँगै एकै रथ भएका दुई पाङ्ग्राहरूलाई सुख-दुःखका सारथी भई सात जुनीसम्म सम्बन्ध रहिरहने विश्वास गरिन्छ। यही महिनाले अहिलेको नेपाली राजनीतिमा जोडी चुनावको एकजोडी लगन जुराइदिएको छ। जोडी चुनावमा परेको प्रतिनिधिसभा र प्रदेशभा निर्वाचनको लगन भने यही महिनाको १० र २१ गते तय गरिएको छ। दुई चरणमा जुराइएको निर्वाचले देशैभरको चुनावी माहौल तताइसकेको छ। चुनावको विषयलाई लिएर विभिन्न किसिमका अड्कलबाजीका बाजा बज्न थालिसकेका छन्। अझ पार्टीहरूबीचको तालमेलले चुनावी मैदानमा नयाँ रौनक प्रदान गरेको छ। दल तथा गठबन्धनका नेता तथा कार्यकर्ताहरू आफ्ना पार्टीका घोषणापत्रका साथ शहरदेखि गाउँ-गाउँसम्म पुगिसकेका छन्।

स्थानीय तहले पूर्णता पाइसकेको र बाँकी दुई तहको निर्वाचन सम्पन्न हुने चरणमा रहेको अहिलेको सन्दर्भमा नेता र जनताबीचको गाँठो पनि कसिलो हुनु जरुरी छ। विवाहमण्डपमा दुलाहा-दुलहीले सँगै जिउने र सँगै मर्ने कसम खाएजस्तै नेताहरूले पनि जनतासँग सहकार्य गरी उनीहरूसमक्ष पुर्‍याइएका आश्वासनलाई यथाशीघ्र कार्यान्वयनको प्रक्रियामा ल्याइने कसमको खाँचो छ। चुनावी तालमेलमा देखिएको दृश्य जनताका इच्छा र आकांक्षाको तालमेल मिलाउन पनि प्रयोग गर्नुपर्दछ। यसका लागि 'अबको बाटो : समानुपातिक विकासको पाटो' भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै देश निर्माणको बारेमा गम्भीर बन्ने बेला आएको छ।

सबै पार्टीका घोषणापत्र देशलाई नयाँ गोरेटोमा डोर्‍याउन उन्मुख गर्ने खालका देखिन्छन्। यसका लागि कार्यशैली पनि नयाँ ढंगको हुनु जरुरी छ। देशमा उपलब्ध स्रोत-साधनहरूको उचित सदुपयोग गर्दै नयाँ-नयाँ रोजगरीका अवसरहरू सिर्जना गरी दक्ष जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्नु अपरिहार्य भैसकेको छ। रोजगारीको नाममा वैदेशिक रोजगारमा सस्तो श्रम बेच्न बाध्य भएका युवाहरूलाई सम्मानसाथ देश फर्काई उनीहरूको सीपको कदर गर्न सक्ने अवसरको सिर्जना गरिनुपर्दछ। कृषिप्रधान देशको रूपमा परिचित नेपालको कृषिमा सुधार ल्याउनु जरुरी भैसकेको छ। उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै तरकारीलगायत अन्य अन्नबालीहरूमा पनि अत्यधिक मात्रामा हुने गरेको कीटनाशक औषधिको प्रयोगलाई कम गर्दै अर्गानिक खेतीतर्फ किसानलाई उन्मुख गर्न विशेष पहल आवश्यक छ। यसका अलावा देशको चौतर्फी विकासमा जनशक्तिको सही परिचालन हुनुपर्ने देखिन्छ।

देशमा जरो गाडेर बसेको नातावाद तथा कृपावादजस्ता सामाजिक विकृतिका पुराना गाँठाहरू चुँडाली नयाँ इतिहासतर्फ उन्मुख हुनु आवश्यक छ। स्वच्छ प्रतिस्पर्धाको आधारमा कर्मचारीहरू नियुक्त हुनुपर्दछ। चुनावलाई पार्टीगत हारजितको रूपमा नहेरी जनताको जित र हितमा ध्यान दिनुपर्दछ। यसर्थ जुनसुकै राजनीतिक दलबाट चुनाव जिते पनि दलका नेताहरूले जनतासँग तालमेल गरी उनीहरूको प्रतिनिधिको रूपमा निष्पक्ष ढंगले आफ्नो कामलाई चुस्त र दुरुस्त राख्न सक्नुपर्दछ। नयाँ नेपालको आशमा निराश बन्दै गरेका जनतालाई नयाँ युगको शुरुवात गरी सहयात्री बनाएर लैजान सक्नुपर्दछ। स्वार्थको राजनीतिबाट एक कदम माथि उठी मानवताको लागि सबै पार्टीहरूबीच एकै मतको तालमेल हुनुपर्दछ।

नेताहरूबीचको तालमेल मिलाउन हामी मतदाताहरूबीचको तालमेलले पनि विशेष भूमिका खेल्दछ। हामी एकजुट भएमा मात्र हाम्रो समुदायको विकास सम्भव छ। त्यसैले दिगो विकास संस्थागत गर्न सबैलाई मिलाएर अग्रणी भूमिका निर्वाह गर्न सक्ने सही नेताको चयन गरौं। झुटो आश्वासनमा नफसी अमूल्य मतको सही सदुपयोग गरौं। अब पनि हाम्रो घैंटोमा घाम लागेन भने त्यसको प्रत्यक्ष असर हामीलाई नै पर्ने निश्चित छ। मंसिरले जुराइदिएको यो चुनावी माहौलको गाँठो कसिलो बनाउँदै लैजान पहल गरौं। मत बदर नहुने तरिकाले मतदान गरेर स्वच्छ छविको नेता चयन गरी देशलाई समृद्धितर्फ उन्मुख गरौं। सबैमा यही शुभकामना।

*- राजीव गौतम, ट्याङ्लाफाँट, कीर्तिपपुर*

### त्यो उज्यालो छर्ने प्रकाश मरेको छैन

प्रकाश दाहाल नाम मात्रैको प्रकाश हैन, त्यो त साँच्ची उज्यालो छर्ने घाम हो। नेपालका अग्रगामी परिर्वतनमा दुस्मनसँग पैंठेजोरी खेल्दै जनताका हकहित स्थापित गर्न हिँडेको एउटा योद्धा हो। जनवादी क्रान्तिको एउटा सिपाही हो। नेपालमा गणतन्त्र स्थापना गर्न र संविधान जारी गर्न, यहाँ लोकतन्त्रको आभास दिलाउन यो अवस्थासम्म ल्याउन प्रकाशले गरेका सबै क्रन्तिले प्रकाशलाई सधैं अमर राख्नेछन्। प्रकाशले अंगिकार गरेको बाटोमा वामपन्थी दलले मलजल गरेर अगाडि बढ्नुपर्छ। साम्यवादी सोचलाई व्यवहारमा परिवर्तन गर्न र नेपाल मात्रै नभएर विश्वमै एउटा राजनीतिक उद्देश्य बोकेको विचारलाई अगाडि बढाउन सबै लाग्नुपर्छ। प्रकाश मात्रै नभएर सबै शहीदको सपना साकार पार्न हामी एकजुट हुन जरुरी छ।

*- माधव महर्जन, काठमाडौं*

## सामाजिक सञ्जाल



उराठलाग्दो यो जिन्दगी खै कस्तो छ
कसैलाई जिन्दगी किन यति सस्तो छ
देख्दै छु आज मान्छे कि जिन्दगी पनि
केवल पानीको एउटा फोकाजस्तो छ।

**sanदेश**
**@Jr_Sandesh**



अनुहार सत्यताको मार्गदर्शक त हैन तर हामीसँग यसको विकल्प छैन।

विजया
**@BijayaNyaupane**



अत्यधिक मदिरा सेवन, जथाभावी खाना, व्यायामविनाको दिनचर्याले जो-कसैको ज्यान जान सक्छ। धनी, गरिब नेता, नेता-पुत्र कसैलाई छोड्दैन। ध्यान पुऱ्याउन जरूरी छ।

**Sudhamshu K.C.**
**@Drsudhamshu**

{ मानिस तथा पशुपन्छीको उपचारमा प्रयोग हुँदै आएको 'एन्टिमाइक्रोबियल' उपचार विधिप्रति सचेतना जगाउन राजधानीमा सप्ताहव्यापी विविध कार्यक्रम आयोजना गरिएको छ।



शिव सेना नेपाल र ॐ रक्षा वाहिनीद्वारा हिन्दुराष्ट्र नेपाल र राज संस्थाको पुनःस्थापनाको माग राख्दै पशुपतिको वनकालीबाट नौमती बाजासहित निकालिएको र्‍याली।
तस्वीर : अनिल आङ्देम्बे / काठमाडौं

# स्वदेश तथा विदेशबाट प्रचण्डलाई सहानुभूति

काठमाडौं, (नेस)

हृदयघातबाट सुपुत्र प्रकाश दाहाल गुमाउनुभएका पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', माओवादी केन्द्रका सल्लाहकार सीता दाहालगायत परिवारलाई चीन, भारत, राष्ट्रसंघलगायतका विभिन्न देश, कूटनीतिक नियोगका प्रतिनिधिरूले समवेदना प्रकट गर्नुभएको छ।

आइतबार बिहान माओवादी केन्द्रका नेतासमेत रहनुभएका अध्यक्ष प्रचण्डका पुत्र प्रकाश दाहालको निधन भएपछि दिउँसो नेपालमा रहेको चिनियाँ दूतावासले अध्यक्ष प्रचण्डलाई समवेदना प्रकट गरेको थियो।

समवेदनामा चीनले दाहालको निधनले चीन मर्माहत भएको बताउँदै प्रचण्डको पीडामा चीन साथमा रहेको उल्लेख गरिएको छ। सोमबार बिहान नेपालका लागि चिनियाँ राजदूत यू होङले अध्यक्ष प्रचण्डलाई भेटी समवेदना प्रकट गर्नुभयो। त्यसै गरी संयुक्त राष्ट्रसंघको आवासिय कार्यालयबाट अध्यक्ष प्रचण्डलाई समवेदना प्रकट गरिएको छ। आवासिय प्रतिनिधि भलेरी जुलिन्डले पठाउनुभएको समवेदना-पत्रमा प्रकाश दाहालको अल्पायु र अकल्पनीय निधनले संयुक्त राष्ट्रसंघ मर्माहत भएको उल्लेख गरिएको छ।

सोमबार नै रुसी दूतावासबाट अध्यक्ष प्रचण्डलाई समवेदना प्रकट गर्दै राजदूत एन्ड्री बुडनिकले अध्यक्ष प्रचण्डका छोरा तथा युवा नेता प्रकाश दाहालको आकस्मिक निधनले आफू स्तब्ध भएको उल्लेख गरिएको छ।

# निर्वाचन र सञ्चार विषयक कार्यक्रम सम्पन्न

भक्तपुर, (नेस)

आगामी मंसिर २१ गते हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा सञ्चारकर्मी एवं सञ्चारमाध्यमले खेल्नुपर्ने भूमिकाका बारेमा आयोजना गरेको निर्वाचन र सञ्चार विषयक कार्यक्रम सम्पन्न भएको छ। नेपाल पत्रकार महासंघ भक्तपुर जिल्ला शाखा र जिल्ला निर्वाचन कार्यालय भक्तपुरले सोमबार आयोजना गरेको कार्यक्रममा निर्वाचन कार्यालय भक्तपुरका प्रमुख उमेश राईले निर्वाचन सहजरूपमा सम्पन्न गर्न पत्रकारको महत्त्वपूर्ण भूमिका रहने चर्चा गर्नुभयो।

उहाँले निर्वाचनलाई सुसूचित गर्न र निर्वाचनलाई मर्यादित बनाउन पत्रकारले उल्लेख्य कदम चाल्न सक्नेमा जोड दिँदै उहाँले पत्रकारले निर्वाचन आचार संहिता पालना गर्ने र सबै पक्षलाई आचार संहिता पालना गराउन सहयोग गरे निर्वाचनको धेरै समस्या हल हुने बताउनुभयो। सबैको ध्यान र विश्वास पत्रकारमाथि हुने भएकाले पत्रकारले सत्य तथ्यमा आधारित भएर समाचार सम्प्रेषण गर्न उहाँले आग्रह गर्नुभयो।

त्यस अवसरमा निर्वाचनमा पत्रकार र सञ्चारमाध्यमले खेल्नुपर्ने भूमिका बारेमा कार्यपत्र प्रस्तुत गर्दै क्रियाशील पत्रकार मञ्च भक्तपुरका अध्यक्ष रमेश गिरीले निर्वाचनको समयमा पत्रकार र सञ्चारमाध्यमले गर्न हुने र नहुने कार्यबारेमा जानकारी गराउनुभयो।

# भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ : प्रधानमन्त्री

नेपाल समाचारपत्र
काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले मंसिर १० र २१ गते हुने निर्वाचन भयरहित वातावरणमा जनताले आफूले रोजेको उम्मेदवारलाई मतदान गर्नसक्ने गरी सुरक्षा प्रबन्ध मिलाउने दाबी गर्नुभएको छ।

गृह मन्त्रालयद्वारा सोमबार आयोजित प्रतिनिधिसभा र प्रदेश सदस्य निर्वाचन-२०७४ अन्तर्गत प्रदेश नं. ३ स्तरीय सुरक्षा गोष्ठीलाई सम्बोधन गर्दै उहाँले मतदान बिथोल्न खोज्ने अराष्ट्रिय तत्त्वलाई असफल बनाउने बताउँदै उहाँले भन्नुभयो- 'जनतालाई सुरक्षाको प्रत्याभूति दिएर निर्धक्करुपमा मतदान गर्ने वातावरण सरकारले बनाउँछ।'

सुरक्षा गोष्ठीमा गृह सचिव मोहनकृष्ण सापकोटाले भयरहित र स्वतन्त्र निर्वाचन सम्पन्न गर्न सुरक्षा योजना कार्यान्वयनमा ध्यान केन्द्रित गर्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिनुभएको थियो। कार्यक्रममा मध्यमाञ्चलन क्षेत्रीय प्रशासक रेश्मीराज पाण्डेले मध्य क्षेत्रका सबै जिल्लाको सुरक्षा व्यवस्थाको अवस्था र निर्वाचनको सुरक्षाका लागि तयार गरेका योजनाका बारेमा जानकारी गराउनुभएको थियो।

सहभागीले प्रमुख जिल्ला अधिकारी एवं सुरक्षा निकायका प्रमुखले समग्रमा विभिन्न समूह, अवैध हतियार, विस्फोटक पदार्थ र केही स्थानमा बुथ कब्जा मुख्य चुनौती रहेको अवगत गराउँदै चुनौतीलाई समाधान गर्न सुरक्षा रणनीतिको सतर्कता अपनाइएको जानकारी दिनुभएको थियो। प्रदेश नम्बर ३ अन्तर्गत दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर जिल्ला रहेका छन्।

# निर्वाचन लक्षित कार्यक्रम गरिएको छैन : मानवीय आस्था

भक्तपुर, (नेस)

मानवीय आस्था नेपालले निर्वाचनलाई लक्षित गरी कुनै कार्यक्रम नगरेको स्पष्ट गरेको छ। केही दिनअघि राजनीतिक पार्टीका नेताहरूले मानवीय आस्था नेपालले निर्वाचनलाई केन्द्रित गरी कार्यक्रम ल्याएर निर्वाचन आचार संहितविपरीत काम गरेको आरोप लगाएपछि मानवीय आस्था नेपालले निर्वाचन लक्षित कुनै कार्यक्रम नगरिएको स्पष्ट पारेको हो।

रफत सञ्चार क्बलले सोमबार गरेको साक्षात्कार कार्यक्रममा मानवीय आस्था नेपालका अध्यक्ष श्रीकुमार रञ्जितले मानवीय आस्था नेपालले २०७२ सालको भूकम्पपछि भूकम्पपीडितलगायतका समाजका विपन्न व्यक्तिलाई राहत र छात्रवृत्ति प्रदान गर्दै आएको बताउनुभयो । मानवीय आस्था नेपालको नियमित कार्यक्रमअन्तर्गत नै कार्यक्रम सञ्चालन हुँदै आएकाले यसलाई निर्वाचनसँग नजोड्न सबैमा आग्रह गर्नुभयो।

मानवीय आस्था नेपालका उपाध्यक्ष उमेश बस्नेतले भूकम्पपछि भक्तपुरमा २७ सय भूकम्प पीडितलाई अस्थायी टहरा, भक्तपुरका नेवार समुदायलाई गाईजात्रा सञ्चालनका लागि प्रतिपरिवार ५ हजार नगद प्रदान गरेको बताउनुभयो। उहाँका अनुसार २ सय ३० जना विद्यार्थीलाई १४ सय ५० का दरले छात्रवृत्ति, विपन्न समुदायका व्यक्तिलाई आत्मनिर्भर बनाउन सिलाई, बुनाई कार्यक्रम सञ्चालन गर्दै आएको छ।

बस्नेतले मानवीय आस्था नेपालको निर्वाचन लक्षित कार्यक्रम नभई नियमित कार्यक्रम भएकाले यसलाई नकारात्मक अर्थमा नबुझ्न सबैलाई आग्रह गर्नुभयो।

# एन्टिमाइक्रोबियल उपचार विधिप्रति सचेतना

नेपाल समाचारपत्र
काठमाडौं

मानिस तथा पशुपन्छीको उपचारमा प्रयोग हुँदै आएको 'एन्टिमाइक्रोबियल' उपचार विधिप्रति सचेतना जगाउन राजधानीमा सप्ताहव्यापी विविध कार्यक्रम आयोजना गरिएको छ। 'एन्टिबायोटिक्स उपचार: पुनर्विचार' नारासहित मनाइएको साप्ताहिक कार्यक्रमको अवसरमा 'एन्टिमाइक्रोबियल रेसिस्टेन्स' विषयक कार्यशाला आयोजना गरिएको छ।

कार्यक्रममा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. केशवप्रसाद प्रेमी, पशु सेवा विभागका महानिर्देशक डा. विमलकुमार निर्मल, औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकाल, डा. ज्योति आचार्य र डा. प्रकाश घिमिरेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

'एन्टिमाइक्रोबियल रेसिस्टेन्स' को क्रमिक वृद्धिले पशु र मानव स्वास्थ्यका साथै वातावरणीयरूपमा गम्भीर असर पारिरहेकाले




सोको प्रयोगप्रति जनचेतना आवश्यक रहेको बताइन्छ। सन् १९४० को दशकबाट विकास भएको 'एन्टिबायोटिक' ले मानव तथा पशु स्वास्थ्यमा गम्भीर समस्या निम्ताइसकेको छ। मानिस तथा पशुपन्छीमा 'एन्टिमाइक्रोबियल' को अल्प उपयोग, अति उपयोग तथा दुरुपयोगले गर्दा ब्याक्टेरिया, प्यारासाइट, भाइरस र फंगसलगायतमा 'एन्टिमाइक्रोबियल' प्रतिरोधात्मक क्षमता वृद्धि हुँदै गएको विभिन्न अध्ययन अनुसन्धानले देखाएका छन्।

संयुक्त राष्ट्रसंघ (यूएनओ) को ७१औं महासभाबाट राष्ट्रसंघका सदस्य राष्ट्रहरुले एन्टिमाइक्रोबियल रेसिस्टेन्सविरुद्ध सामूहिक प्रयास गर्ने प्रतिबद्धता जनाएअनुरूप विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ), संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन (एफएओ), विश्व पशु स्वास्थ्य संगठन (ओआईई) को त्रिपक्षीय सहमतिबमोजिम सन् २०१७ नोभेम्बर १३ देखि १९ लाई 'विश्व एन्टिबायोटिक्स सचेतना सप्ताह' को रूपमा मनाउने निर्णय भएको हो।

# सिड्नीमा अनेसासद्वारा नयाँघरे सम्मानित

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यु साउथ वेल्स च्याप्टरले अस्टेलियाको सिड्नीमा एक विशेष साहित्यिक समारोहको आयोजना गर्‍यो। समारोहमा च्याप्टरकी अध्यक्ष सानु घिमिरेले निबन्धकार युवराज नयाँघरे तथा कवि एवं गीतकार रेशमलाल श्रेष्ठलाई सम्मान गर्नुभएको थियो।

समारोहमा च्याप्टरका संस्थापक अध्यक्ष भीमसेन सापकोटा, महासचिव महेश्वर शर्मा, एनआरएनका डिला



खरेल, गायिका सुजाता केसी, भूषण रोक्का, नन्द गुरुङ, दिव्याश्री क्षत्री, कृष्ण प्रधानलगायतले नेपाली साहित्य र सिड्नीको सिर्जनात्मक वातावरणबारे बोल्नुभएको थियो।

मन्तव्यको क्रममा अस्ट्रेलियाली प्रधानमन्त्रीका सल्लाहकार समूहका एक सदस्य विजय सापकोटाले नेपाली समाजका लागि आफू जे-जस्तो सहयोग गर्न पनि तयार रहेको धारणा व्यक्त गर्नुभएको थियो।

उक्त समारोहमा सानु घिमिरे, महेश्वर शर्मा, सुरेन्द्र दवाडी, ममता घिमिरे, रेशमलाल श्रेष्ठ, यज्ञ अधिकारी र टेकेन्द्र पौडेलले कविता, गीत र गजल प्रस्तुत गर्नुभएको थियो।

सम्मानित व्यक्तित्व निबन्धकार युवराज नयाँघरेले नेपाली भाषा र साहित्यमा सिड्नीका स्रष्टाहरूको प्रशंसा गर्दै अझ गतिशील र सक्रिय रहन अनुरोध गर्नुभयो।

नयाँघरेले भन्नुभयो- 'अस्ट्रेलियाली नेपाली समाजका सबै पक्षलाई साहित्यमा लेखिदिनुभएमा आउँदो पुस्ताका लागि त्यो सुन्दर दस्तावेज हुनेछ।' समारोहमा विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरुको सहभागिता रहेको थियो। कार्यक्रम अत्यन्तै सुन्दर र भव्यरूपमा सम्पन्न भएको थियो।

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौं बिहान ८ बजे पोखरा ८ बजे रात्री
सेवा काठमाडौंबाट काँकड्भिट्टा र धरान
फोन. नं. ०१४२८५६३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राज्यपक्षबाट लाभ, यश-कृति बढ्ने, व्यापारबाट फाइदा।
**वृष** : रोगको भय, कार्यमा बाधा-अड्चन, व्यर्थको खर्च, धनहानि।
**मिथुन** : धनलाभ, प्रेममा सफलता, बाहन जोड्ने सम्भावना।
**कर्कट** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, पारिवारिक सुख।
**सिंह** : कार्य सफल, धनलाभ, सुख-सन्तोष, राम्रै कामको शुरुआत।
**कन्या** : पेटमा समस्या, दौडधुप, दिनचर्या अस्तव्यस्त, तनाव।
**तुला** : आर्थिक लाभ, पराक्रम, पुरस्कार, चिठ्ठा प्राप्तिको सम्भावना।
**वृश्चिक** : धनलाभ, बौद्धिक क्षमता, कूटनीतिक सफलता, सुख।
**धनु** : उत्तम भोजन, भाग्योदय, उपहारादि वस्तु प्राप्ति, कार्य सफल।
**मकर** : धननाश, दुर्घटना-रोगको भय, सानो कुरामा पनि विवाद।
**कुम्भ** : विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन, आर्थिक लाभ।
**मीन** : सुख-सन्तोष, काममा सफलता, मन प्रफुल्लित, स्वस्थता।

# नेपाल

जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तथा बाल संरक्षणका क्षेत्रमा काम गर्दै आइरहेका सरकारी तथा गैरसरकारी संघ संस्थाले बालबालिका प्रयोग नगर्न दलहरूलाई आग्रह गरिरहेको छन्।

## गाडीमा आगजनी



इन्द्र गिरी, संखुवासभा

संखुवासभाको चैनपुरमा अज्ञात समूहले गएराति गाडीमा आगजनी गरेका छन्। गएराति करिब २ बजे को१ज २१२३ नं. को ल्यान्डरोबर गाडीमा गरिएको आगजनीबाट पूर्णरूपमा गाडी जलेर नष्ट भएको छ।

चैनपुर निवासी आशिष शाक्यको गाडी चैनपुरको बसपार्कनजिकै पार्किङमा राखिएको अवस्थामा अज्ञात समूहले मध्यराति जलाएको प्रहरी नायब उपरीक्षक सन्तोष खड्काले बताउनुभयो। उहाँले आगजनीबारे अनुसन्धान शुरू गरिएको बताउनुभयो।

गाडी आगजनीबारे कुनै समूहले अहिलेसम्म जिम्मा लिएको छैन। उक्त गाडी वाम गठबन्धनका उम्मेदवारहरूले चुनावी प्रचारप्रसारमा प्रयोग गर्दै आएका थिए।

### दाङमा विप्लवका १२ कार्यकर्ता पक्राउ

## सुरक्षा व्यवस्थामा कडाइ

नरेन्द्र केसी, घोराही, दाङ

दाङमा नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका १२ जना कार्यकर्ता पक्राउ परेका छन्।

निर्वाचनविरोधी गतिविधि गर्न थालेको भन्दै प्रहरीले पक्राउ गरेको हो। यसरी पक्राउ पर्नेमा युवा संगठनका केन्द्रीय सदस्य पाटन, पार्टीका जिल्ला सदस्यहरू निमबहादुर, भीम राना, छोटीलाल चौधरी, कार्यकर्ताहरू डीबी बोहरा, रिम बिम, चेतबादुर टमटा, आकाश विक, डण्डीराम केसी, विजय विक, शान्तु चौधरी र भागीराम चौधरी रहेका छन्। जिल्लाका विभिन्न स्थानबाट उनीहरू पक्राउ परेका हुन्।

चुनाव नजिकिएसँगै सरकारले सुरक्षा व्यवस्था थप कडा बनाएको छ। छिमेकी जिल्लाहरू र अन्य जिल्लाहरूमा उम्मेदवारलाई लक्षित गरी बम आक्रमण बढेपछि दाङ प्रशासनले पनि सुरक्षा व्यवस्थालाई कडा पारेको हो। त्यसै गरी होटल सञ्चालन र मदिरा बिक्रीमा समेत प्रशासनले कडाइ गरेको छ। शंकास्पद व्यक्तिहरूलाई नियन्त्रणमा लिनुका साथै जोखिम क्षेत्रमा सुरक्षाकर्मी परिचालन बढाएको दाङ प्रहरीले जनाएको छ। जिल्ला सुरक्षा समितिले नेपाल-भारत सीमानादेखि चुनाव खारेजीको माग गर्दै आएको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्तामाथि उच्च निगरानी बढाएको छ।

विभिन्न जिल्लामा चुनावी अभियानमा बम हमला हुने क्रम बढेपछि दाङ प्रशासनले दल तथा उम्मेदवारलाई कसरी सुरक्षित बनाउने भन्नेमा विशेष ध्यान दिएको बताएको छ। दलहरूले उम्मेदवारलाई सहभागी गराएर गर्ने चुनावी कार्यक्रमका सबै खाका दिन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठले बताउनुभयो।

चुनावी अभियान तीव्र बनिरहँदा र उम्मेदवारहरू व्यस्त बन्ने क्रममा सुरक्षाका लागि दाङमा प्रहरीले सुरक्षा गार्डको व्यवस्था गरेको छ। मन्त्री, पूर्वमन्त्रीसहित उच्च नेतासहित माग भएबमोजिम अन्य उम्मेदवारहरूलाई व्यक्तिगत सुरक्षा गार्डको व्यवस्था प्रहरीले गरेको छ। उम्मेदवारको सुरक्षाका लागि माग भएबमोजिम व्यवस्था गरिएको एसपी दुर्गा सिंहले जानकारी दिनुभयो। अहिलेसम्म १२ जना उम्मेदवारले व्यक्तिगत सुरक्षाकर्मी लिनुभएको छ।

आगामी मंसिर २१ गते हुने संघ र प्रदेशसभा सदस्य निर्वाचनका लागि हुने चुनाव लक्षित सुरक्षा संवेदनशीलतालाई ३ तहमा वर्गीकरण गरिएको छ। १ सय ५१ मतदानस्थलमध्ये ६ वटा अतिसंवेदनशील, १ सय २८ संवेदनशील र १७ वटा मतदानस्थल सामान्य अवस्थामा रहेको एसपी सिंहले बताउनुभयो। त्यस मतदानस्थलमा अतिसंवेदनशील क्षेत्रमा ४ प्रहरी र १० म्यादी, संवेदनशीलमा ३ प्रहरी ७ म्यादी र सामान्यमा ३ प्रहरी र ५ जना म्यादी प्रहरी सुरक्षाका लागि खटिनेछन् भने त्यसमा सशस्त्र प्रहरी पनि थप हुनेछन्। सुरक्षाका लागि जिल्लाका ८ सय ३१ प्रहरी र थप बाहिरबाट २ सय ५१ जना र म्यादी प्रहरी १५ सय ९३ जना खटिने भएका छन्। यो सँगै नेपाली सेना, सशस्त्र प्रहरी र गुप्तचरहरू पनि चुनावी सुरक्षामा परिचालन हुने सुरक्षा समितिले जनाएको छ।

## 'पर्वतको सुरक्षा व्यवस्था सन्तोषजनक'

पर्वत, (नेस)

पर्वतका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले पर्वतको सुरक्षा व्यवस्था सन्तोषजनक भएको बताएका छन्। छिमेकी जिल्ला बागलुङ, म्याग्दीलगायतका स्थानहरूमा उम्मेदवार लक्षित गरी बम प्रहार गरिरहेका सन्दर्भमा पर्वतमा त्यो अवस्था नरहेको र सुरक्षा व्यवस्था सन्तोषजनक रहेको बताएका हुन्।

जिल्ला निर्वाचन कार्यालय पर्वतको आयोजनामा आसन्न निर्वाचनसम्बन्धी जिल्लामा क्रियाशील सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी पन्थीले निर्वाचन सुरक्षाका निम्ति नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान गरी ३ वटै निकायलाई परिचालन गरिएको बताए। उनले सुरक्षा चुनौतीको सामना गर्न हरेक दिन सुरक्षा संयन्त्रको छलफल गरी सुरक्षा योजना निर्माण गर्ने र कार्यान्वयन पनि गर्दै आएको बताए।

कार्यक्रममा बोल्दै पर्वत जिल्ला अदालतका जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत ध्रुवप्रसाद सापकोटाले सञ्चार क्षेत्रलाई संयमित भएर निर्वाचनसम्बन्धी कलम चलाउन आग्रह गरेका थिए।

जिल्ला निर्वाचन कार्यालय पर्वतले आइतबार पर्वतका सञ्चारकर्मीलाई जिल्लाको निर्वाचन गतिविधि र पत्रकार आचारसंहिताका विषयमा जानकारी दिने उद्देश्यले उक्त अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको हो। कार्यक्रममा जिल्ला निर्वाचन अधिकारी लक्ष्‍ु शर्मा, नेपाल पत्रकार महासंघ पर्वतका अध्यक्ष छविलाल तिवारी र सचिव गणेश गिरीले कार्यक्रमको सहजीकरण गरेका थिए।

## सेनाद्वारा बम निस्क्रिय

रौतहट, (नेस)

अज्ञात समूहले राखेको बम नेपाली सेनाको डिस्पोजल टोलीले सोमबार निस्क्रिय पारेको छ। रौतहटको गुजरा नगरपालिका-५ हरिहरपुर बजारभन्दा पूर्वपट्टि सोमबार बिहानै प्लास्टिकले बेरिएको अवस्थामा भेटिएको बम नेपाली सेनाको टोलीले निस्क्रिय पारेको हो।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मिति नजिकिँदै गएपछि रौतहटमा बम आतंकले स्थानीय बासिन्दा त्रसित बनेका छन्। सुरक्षा चुनौतीसमेत थपिँदै गएको छ। बाटोमा बम राखेका कारण त्यसक्षेत्रको आगामन ४ घन्टा अवरुद्ध बनेको थियो। स्थानीयले बम देखेपछि सेनालाई खबर गरेका थिए। नेपाली सेनाको बम डिस्पोजल टोलीले निस्क्रिय पारेको हो। चुनावी प्रचारप्रसारलाई बिथोल्ने हेतुले अज्ञात समूहले बम राखेको हुन सक्ने अनुमान गरिएको छ। बम निस्क्रिय पार्दा ठूलो आवाज आए पनि बम कुन हो भन्ने खुल्न सकेको छैन।

## चुनाव प्रचारमा बालबालिकाको प्रयोग

हिक्मत नेपाली, दैलेख

अगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजिकिँदै गर्दा दलहरू चुनावी अभियानमा छन्। निर्वाचन नजिकिँदै गर्दा दलहरूको चुनावी प्रचारप्रसारमा बालबालिकाको प्रयोग गरेको पाइएको छ।

जिल्लाका विभिन्न क्षेत्रमा चुनावी प्रचारप्रसारमा व्यस्त रहेका दलले बालबालिकालाई प्रयोग गरेका हुन्। राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन अभियानमा बालबालिकाको प्रयोग गर्नु निर्वाचन आचारसंहिता उल्लंघन हो। निर्वाचन आचारसंहिताविपरीत विभिन्न राजनीतिक दलले चुनाव प्रचारप्रसारमा बालबालिकाको प्रयोग गरेका हुन्। बालबालिकाहरू राजनीतिक दलको चुनावी ऱ्याली र सभामा खुलेआम प्रयोग गरिएका छन्।

नेपाली कांग्रेस दैलेख क्षेत्र नं. २ द्वारा आयोजित चुनावी ऱ्यालीमा बालबालिकालाई प्रयोग गरिएको छ। सोमबार नेपाली कांग्रेसले जम्बुकाँधमा आयोजना गरेको चुनावी आमसभामा निर्वाचन आचारसंहितालाई मिच्दै बालबालिकाको प्रयोग गरेको हो।



बालबालिकाहरूले कांग्रेसको झन्डा समाएर नारा लगाइरहेका थिए। नेपाली कांग्रेस र राप्रपाको लोकतान्त्रिक गठबन्धन, एमाले र माओवादी केन्द्रको वाम गठबन्धनलगायतका दलहरूले विभिन्न चुनावी ऱ्यालीमा बालबालिकाको प्रयोग गरिरहेका छन्।

चुनावी ऱ्यालीमा नाबालकसमेत हातमा झन्डा बोकेर हिँडेका देखिए। केन्द्रीय तहमा राजनीतिक दलले चुनावमा बालबालिकाको प्रयोग नगर्ने प्रतिबद्धता जनाए पनि स्थानीयस्तरमा व्यापक प्रयोग भइरहेको छ। राजनीतिक दलका स्थानीय नेताहरूले बालबालिका आफ्नै रहरले दलका कार्यक्रममा आउने गरेको बताए।

निर्वाचन आचारसंहिताले भने चुनावमा बालबालिकाको प्रयोगलाई बन्देज गरेको छ। आचारसंहितामा भनिएको छ- 'उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन हुँदैन।'

आगामी मंसिर २१ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा बालबालिकाको प्रयोग गरे नगरेको बारे अनुगमनसमेत गरिएको छ। जिल्ला बालकल्याण समिति दैलेखले जिल्लाका विभिन्न गाउँपालिका तथा नगरपालिकामा अनुगमन गरेको हो। अनुगमनमा गएका जिल्ला बाल कल्याण समिति दैलेखका सदस्य तथा राष्ट्रिय बाल संरक्षण सञ्जाल प्रदेश नं. ६ का संयोजक हीरासिंह थापाका अनुसार निर्वाचन नजिकिँदै गर्दा दलहरूको प्रचारप्रसारमा बालबालिका प्रयोग भइरहेको बताए।

कतिपय बालबालिका आफूखुसी दलको चुनावी कार्यक्रममा जाने गरेका छन्। उनले भने- 'घरका अभिभावकले समेत आफ्ना छोराछोरीलाई चुनावी कार्यक्रममा जाउँ भनेर लैजाने गरेको पायौं।' जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तथा बाल संरक्षणका क्षेत्रमा काम गर्दै आइरहेका सरकारी तथा गैरसरकारी संघ संस्थाले बालबालिका प्रयोग नगर्न दलहरूलाई आग्रह गरिरहेको छन्।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरू धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**
हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुंडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोनः ३७०७०५, फ्याक्सः ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोनः ३५३९४१, फ्याक्सः ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोनः ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोनः ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोनः ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोनः २८२४५१, २८०६७३, फ्याक्सः २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोनः २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोनः ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोनः ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ·गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोनः ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोनः ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोनः ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मलः स्टेसनरी गठाघर, फोनः ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४, मंसिर
मंगलबार
५

पत्रकार भनेका समाजको ऐना तथा सूचनाको संवाहक भएकाले पत्रकार बचाउनु हाम्रो धर्म हो, हामी सहुलियत दरदेखि त्यस्तै परे पत्रकारको नि:शुल्क पनि उपचार गर्नेछौं।'

# नेपाल

## पुस्तकालय निरीक्षण

पोखरा, (नेस)

तनहुँ जिल्ला भिमाद नगरपालिका-२ टक्रेभञ्ज्याङस्थित श्री बाल विकास आधारभूत विद्यालयमा लायन्स क्लब अफ पोखरा पिस सिटीले स्थापना गरेको पुस्तकालय लायन्सका अग्रज लिडरहरूद्वारा आइतबार निरीक्षण भएको छ।

लायन्स डिस्ट्रिक्ट-३२५ बी-१ नेपालअन्तर्गतको नेपाल लायन्स फाउन्डेसन र लायन्स क्लब अफ पोखरा पिस सिटीको आर्थिक सहयोगमा ग्रामीण भेगका सामुदायिक विद्यालयमा सुविधासम्पन्न स्तरीय पुस्तकालयको स्थापना गर्ने उद्देश्यअनुरूप लायन वर्ष २०१५/१६ मा सो पुस्तकालय स्थापना गरेको थियो। पुस्तकालय स्थापनाका लागि लायन्स क्लब अफ पोखरा पिस सिटीको पहलमा श्री बाल विकास आधारभूत विद्यालयलाई करिब २ लाख रुपियाँबराबरको आवश्यक शैक्षिक साथै भौतिक सामग्री प्रदान गरिएको थियो।

पुस्तकालयको निरीक्षण गर्दै लायन्स मल्टिपल डिस्ट्रिक्ट-३२५ नेपालका मल्टिपल काउन्सिल चेयरपर्सन बालाकृष्ण बुर्लाकोटीले पुस्तकालय स्थापना गर्नु मात्र ठूलो कार्य नभई यसको भरपुर सदुपयोग भएकोमा खुसी व्यक्त गरे।

## सुरक्षा तयारी पूरा

डोटी, (नेस)

प्रदेश नम्बर ७ का प्रहरी प्रमुख एआईजी विजयप्रकाश भट्टले ७ नम्बर प्रदेशमा मंसिर १० गते हुने पहिलो चरणको चुनावको लागि सुरक्षाको सबै तयारी पूरा भएको बताउनुभएको छ। चुनावलाई स्वतन्त्र, विश्वसनीय, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न चुनाव सुरक्षा योजना कार्यान्वयनमा ल्याएको उहाँले बताउनुभयो । चुनावअघिको खबर संकलन, कमान्ड पोस्ट स्थापना, राजनीतिक दलसँगको समन्वय, मतदानस्थलको सुरक्षा व्यवस्थालगायतका चुनावपूर्वको तयारीका काम लगभग सकिएको एआईजी भट्टले दाबी गर्नुभयो।

पहिलो चरणमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, र म्यादी प्रहरी गरी झन्डै १० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने र आवश्यक परे नेपाली सेना पनि परिचालन गरिने उहाँले जानकारी दिनुभयो।

### केयूको २३औं दीक्षान्त समारोह

# १ हजार १ सय ९१ स्नातक दीक्षित




चिकित्सा विज्ञानमा दीक्षित भएकी सुपुत्री मारिया खड्कासँग खुसी साट्दै आमा सुजना शाक्य खड्का र बुबा रमेश खड्का।

**मोतीराम तिमल्सिना, काभ्रे**

काठमाडौं विश्वविद्यालय धुलिखेल काभ्रेको मेडिकल साइन्सेजतर्फका स्नातकको २३औं दिक्षान्त समारोह विशिष्ट विद्वान, योजनाविद् एवं कुटनीतिज्ञ डा. मोहनमान सैंजूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

दीक्षान्त समारोहमा पास्ट ग्राजुयटतर्फ ९२ छात्र, ८६ छात्रासहित १ सय ७८ विद्यार्थी दीक्षित भएका छन्। त्यस्तै एमबीबीएसतर्फ ३ सय २४ छात्र, २ सय ४८ छात्रासहित ५ सय ७२ विद्यार्थी दीक्षित भएका छन्। जसमा एमबीबीएसतर्फ १ सय ३५ जना विभिन्न देशका विद्यार्थीहरू दीक्षित भएका छन्। त्यस्तै बीडीएसतर्फ ३५ छात्र, १ सय २० छात्रासहित १ सय ५५ जना दीक्षित भए भने बीएस्सी नर्सिङतर्फ छात्रा २ सय ८ जना दीक्षित भए।

त्यसैगरी बीएनएसतर्फ ५९ छात्रा दीक्षित भए। बीपीटीतर्फ ९२ छात्र, ८६ छात्रासहित १ सय ७८ जना दीक्षित भए। सोमबार विभिन्न विधाका ४ सय ५८ छात्र, ७ सय ३३ छात्रा गरी १ हजार १ सय ९१ जना विद्यार्थी दीक्षित भए।

स्नातकहरूलाई प्रमुख अतिथि डा. मोहनमान सैजु, उपकुलपति डा. रामकण्ठ माकजु, सह कुलपति एवं उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठ, डिन डा. राजेन्द्रप्रसाद कोंजु, रजिस्टार डा. भोला थापाले दीक्षान्त प्रमाणपत्र वितरण गरेका थिए। दीक्षान्त समारोहमा भाइस चान्सलर स्वर्ण पदकबाट एमबीबीएस कार्यक्रम काठमाडौंमा अध्ययनरत प्रवल केसीले ८०.२६ प्रतिशत प्राप्त गरी पुरस्कृत भएका थिए।

**अधिकृत वारेसनामा बदर गरिएको सूचना**

म सूचनाकर्ताले मेरो नाम दर्ता कायम रहेका जिल्ला सुनसरी सोनापुर वडा नं. ७ (क) कि.नं. ५४ को ज.वि. ०-९-१०, ऐ.ऐ. कि.नं. १२५ को ०-१-१५, ऐ.ऐ. कि.नं. १२६ को ०-५-४, ऐ.ऐ. कि.नं. २५५ को ०-६-०, ऐ.ऐ. कि.नं. १६६ को ०-४-६१/४, ऐ.ऐ. कि.नं. २१ को ०-४-१६ ऐ.ऐ. वडा नं. ४ (ख) कि.नं. ३४८ को ०-०-१७ तपशिलमा उल्लेखित जग्गा हरु बिक्री वितरण हक हस्तान्तरण गर्नका लागि जि. मोरङ विराटनगर-३ हाल वडा नं. २ बस्ने दिनेश बहादुर कार्कीलाई मोरङ जिल्ला अदालतबाट मिति २०६७।०३।१० मा प्रमाणित गराई अधिकृत वारेसनामा दिएकोमा उक्त अधिकृत वारेसनामा आजैका मितिदेखि बदर हुने गरी मुलुकी ऐन अं.वं. ७१ (ग) नं. बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरेकी छु।

सूचनाकर्ता :
सुशीला कार्की साविक
मोरङ विराटनगर-११ हाल : विराटनगर-८
बाबु : डिल्ली ब. कार्की, पति : दुर्गा सुवेदी

**हार्दिक श्रद्धाञ्जली**

जन्म वि.सं.
२०१८/०९/०९



स्वर्गारोहण वि.सं.
२०७४/७/२३

**स्व. गंगाराम मानन्धर**

यस संस्थाका कर्मचारी पवित्रा मानन्धरको पुजनिय पिता गंगाराम मानन्धरको ५७ वर्षको उमेरमा दुर्घटनामा परि असमयिक निधन भएको आज १२ औं दिनको पुन्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनहरु प्रति धैर्यधारण गर्ने शक्ति श्री पशुपतीनाथले प्रदान गरुन भनि गहिरो समवेदना प्रकट गर्दछौं ।

अध्यक्ष तथा
बहुआयामिक कृषि वचत तथा ऋण सहकारी संस्था लि.
परिवार
नागर्जुन न.पा. - 04 सोल्टीदोबाटो, काठमाडौं

### बुटवलमा होक्स बम भेटियो

## विप्लवका जिल्ला इन्चार्जसहित ६ जना पक्राउ

**यमलाल भुसाल, बुटवल**

नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका जिल्ला इन्चार्जसहित ६ जनालाई बुटवलको प्रहरीले पक्राउ गरेको छ। पाल्ला जिल्लाका इन्चार्ज पार्वती विक, पाल्ला जिल्लाकै सेक्रेटरी भुवन जिसीलाई इलाका प्रहरी कार्यालय बुटवलले सोमबार दिउँसो करिब १२ बजेको समयमा बुटवलको पाल्पा रोडबाट पक्राउ गरेको छ।

त्यसअघि प्रहरीले रंगिलाल बानियाँ, उमाकान्त दुलाल, कुमार घर्ती र नरबहादुर शाहीलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक विमल भट्टराईले बताउनुभयो। बानियाँलाई रूपन्देहीको गंगोलियाबाट र बाँकी ३ जनालाई बुटवलको गोलपार्कबाट प्रहरीले पक्राउ गरेको जनाएको छ।

यसअघि बुटवलको गोलपार्कमा शंकास्पद वस्तु फेला परेकोमा त्यो होक्स बम भएको प्रहरीले जनाएको छ। कपडामा बेरेर राखिएको अवस्थामा शंकास्पद वस्तु फेला परेपछि जनमानसमा त्रास फैलिएको थियो। शंकास्पद वस्तु देखेलगत्तै स्थानीयले प्रहरीलाई खबर गरेका थिए। नेपाली सेनाको जबरजंग गणको बम डिस्पोजल टोलीले त्यसलाई डिस्पोज गर्न खोज्दा होक्स बम भएको प्रहरीले जनाएको छ।

बुटवल-पाल्पा सिद्धार्थ राजमार्गमा पर्ने गोलपार्कमा रहको पेट्रोल पम्पनजिकै शंकास्पद वस्तु देखिएपछि सडकको यातायात पनि केहीबेर प्रभावित भएको थियो। गोलपार्कमा होक्स बम राखेर नास्ता खान पाल्पा रोडमा रहेको एक रेस्टुरेन्टमा छिरेका पाल्पा जिल्लाका इन्चार्ज विक, र सेक्रेटरी जिसीलाई प्रहरीले पक्राउ गरेको बताएको छ। पक्राउ परेकाहरूको थप अनुसन्धान अगाडि बढाइएको प्रनाउ भट्टराईले बताउनुभयो।

## पत्रकारका परिवारलाई सहुलियत दरमा उपचार

डोटी, (नेस)

डोटीमा कार्यरत पत्रकार तथा तिनका परिवारहरूलाई ४० प्रतिशत छुटमा उपचार हुने भएको छ। क्षेत्रीय सदरमुकाम दिपायलमा रहेको शैलेस्वरी अस्पतालले डोटीमा कार्यरत रहेका पत्रकार तथा तिनीहरूका परिवारहरूलाई जुनसुकै बिरामी भए पनि ४० प्रतिशत छुटमा उपचार गर्ने जनाएको छ।

दिपायलमा सोमबार उक्त अस्पतालले आयोजना गरेको पत्रकार सम्मेलनमा सो अस्पतालका निर्देशक आइजंग कुँवरले पत्रकार तथा तिनीहरूका परिवारलाई ४० प्रतिशत छुटमा उपचार गर्ने घोषणा गर्नुभएको हो।

पत्रकार सम्मेलनमा निर्देशक कुँवरले भन्नुभयो- 'पत्रकार भनेका समाजको ऐना तथा सूचनाको संवाहक भएकाले पत्रकार बचाउनु हाम्रो धर्म हो, हामी सहुलियत दरदेखि त्यस्तै परे पत्रकारको नि:शुल्क पनि उपचार गर्नेछौं।' पत्रकारहरूलाई ४० प्रतिशतमा उपचार गर्ने दिपायलको शैलेस्वरी अस्पताल सुदूरपश्चिमको पहिलो अस्पातल हो।

**नेपाल सरकार**
स्वास्थ्य मन्त्रालय
पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय , पोखरा

**पाठेघर खस्ने रोगको रोकथामका लागि शल्ययक्रियासम्बन्धी आशयको सूचना**

**सूचना नं.२÷०७४/०७५**
**प्रथम पटक प्रकाशित: २०७४।०८।०५**

यस क्षेत्र अन्तर्गतका १६ जिल्लाहरुमा पठेघर खस्ने महिलाहरुको रोगको रोकथामका लागि शल्यक्रिया मार्फत उपचार गर्नु पर्ने भएकोले निम्न सर्तहरुको अधिनमा रही योग्यता पुगेका पाठेघर खस्ने रोगको रोकथाम सम्वन्धी शल्यकीयावाट उपचार गर्ने सम्बन्धी इजाजत प्राप्त निजि तथा गैर सरकारी ,सामुदायीक स्वास्थ्य सस्था एवं मेडिकल कलेज समेतबाट प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१) आशयको सूचना राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र रु १०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस निर्देशनालयवाट आशयपत्र फारम खरिदगर्न सकिनेछ ।
२) सूचना राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनका दिन स्वस्थ्य सेवा विभाग परिवार स्वास्थ्य महाशाखाले जारी गरेको **पाठेघर (आड ) खस्ने खस्ने समस्याको उपचार तथा शल्यकीया सम्वन्धी कार्यविधि र निर्देशिका २०६५ (दोस्रो सम्सोधन २०६८) को अनुसरची ६ र ८ बमोजिमको न्युनतम योग्यता पुगेका** रजिष्टर्ड फर्म, निजि तथा गैर सरकारी सामुदायीक स्वास्थ्ये सस्था एवं मेडिकल कलेजहरुले १२ बजे भित्र आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्ा छुट्टै बनाई पेश गर्नु पर्नेछ ।
३) दफा २ अनुसार दर्ता भएका आशयपत्रहरु सोहि दिनको २.०० वजे आशयपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस निर्देशनालयमा खोलिनेछ। आशयपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि आशयपत्र खोल्न वाधा पर्ने छैन ।
४) प्राप्त प्राविधिक प्रस्तावको मूल्यांकन पश्चात आर्थिक प्रस्ताव खोली मूल्यांकन गरिनेछ ।
५) प्राविधिक प्रस्तावबाटै मूल्यांकन सूचिवाट हटेका प्रस्तावकहरुको आर्थिक प्रस्ताव मूल्यांकनको लागि पेश गरिने छैन ।
६) तोकीएको लक्ष्य संख्या २१५ जनालाई यस क्षेत्र भित्रका १६ जिल्ला भित्रका पाठेघर खस्ने रोगको रोकथामका लागि शल्यक्रिया विधिद्धारा उपचार गर्नु पर्नेछ ।
७) शल्यक्रिया विधि द्धारा उपचार गर्ने हुंदा सो विधि सञ्चालन गर्न उपयुक्त ठाउं स्थान समेत प्राविधिक प्रस्तावम उल्लेख गरि पेश गर्नु पर्नेछ ।यसरी स्थान उल्लेख गर्दा पहाडी र तराइका जिल्लाहरु समावेस हुने गरी कम्तीमा ३ जिल्ला मा क्याम्प सन्चलन गर्नं पर्ने छ ।
८) शल्यक्रिया विधि द्धारा उपचार गर्दा हिमाल, पहाड र तराईमा प्रति ईकाइ केश क्रमश रु १५०००।००, १३०००।०० र १२०००।०० साथै तोकीएको स्वस्थ्य संस्था भन्दा बहिर गई शल्यक्रिया विधि द्धारा उपचार गर्दा लाग्ने थप खर्च क्रमश रु ५०००।००, ३०००।०० र १५००।०० मात्र हुनेछ साथै आर्थिक प्रस्ताव पेश गर्दा यहि तोकीएको रकमको अधिनमा रहि मात्र पेश गर्नु पर्नेछ । र आसय पत्रमा कवोल जम्मा रकमको २.५ प्रतिशत रकम राष्टिय बाणिज्य बैक पृथ्वीचोक शाखामा रहेको को ले नि का कास्की को धरौटी हि न ३०२०३०००००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।
९) तोकीएको रकममा ईच्छुक फर्म संस्थाले प्रतिस्पर्धा गर्न सक्नेछन । यसरी प्रतिस्पर्धाबाट प्रविधिक र आर्थिक प्रस्तावबाट छनौट भई आएका एक वा सो भन्दा बढि संस्था संग प्रथम पक्षबाट कार्य सम्पादन सम्झौता गरि तोकिएको क्षेत्रमा शल्यक्रिया उपचार विधि सञ्चालन गर्नु पर्नेछ ।
१०) कवोल रकम भित्र आवश्यक पर्ने औजार उपकरण, उपचार विधि, औषधि, अकश्मीक औषधि साथै विरामिलाई दिईने यातायत खर्च तथा खाना खाजा लगायतका अन्य खर्च सो कार्यक्रम सञ्चालन निर्देशिका २०६८ मा उल्लेख भए बमोजिम र सम्पूर्ण चिकित्शकिय सेवा पर्नेछ ।
११) सो शल्यक्रिया विधि सञ्चालन गर्न प्रथम पक्षबाट दिईएको कार्य आदेशसंग संलग्न आवश्यक कागजातमा उल्लेख भएका व्यहोरा दोस्रो पक्ष पालना गर्न वाध्य हुनेछ ।
१२) मूल्यांकनबाट छनौट भएका संस्था संग कार्य सम्पादन सम्झौता क्षेत्र गत रुपमा पनि गर्न सकिने छ ।
१३) उपरोक्त बमोजिमको कार्य सम्पादन अवधि आपसि सहमतिका आधारमा आर्थिक वर्ष ननाघ्ने गरि तोक्न सकिनेछ ।
१४) मथि उल्लेख गरिएका शर्तहरु बाहेक अन्य शर्तहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सोहि ऐनको नियमावली २०६४ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**क्षेत्रिय स्वस्थ्य निर्देशक**

# निर्वाचन आचारसंहिता उल्लंघन बढ्दो




**नेपाल समाचारपत्र**

बैतडी

पहिलो चरणअन्तर्गत मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै बैतडीमा निर्वाचन आचारसंहिता उल्लंघनका घटनामा वृद्धि हुन थालेका छन्। जिल्लाका राजनीतिक दलहरूले आचारसंहिता उल्लंघन नगर्ने प्रतिवद्धता जनाएको भए पनि उनीहरूले उल्लंघन गर्दै निर्वाचन प्रचारप्रसार गरिरहेका छन्।

यहाँका राजनीतिक दलहरूले निर्वाचनको प्रचारप्रसार भड्किलो बनाउँदै गएका छन्। प्रचारप्रसारका सामग्रीहरू पर्चा, पास्टर, झन्डालगायत चुनावी प्रचार सामग्री प्रयोगमा आचारसंहिता उल्लंघन गरेको पाइएको छ। बैतडी सदरमुकाम गोठलापानी बजार, शाहिलेक बजार दलहरूका झन्डा तथा पर्चा पम्पलेटले दुलहीझैं सिंगारिदै गएका छन्।

यस्तै बैतडीको पाटन बजार, सतबाझ, देहिमांडौं, खोडपे बजार, खोचलेक बजारलगायतका क्षेत्रमा पनि झन्डाहरूको माला नै बनाएर प्रचारप्रसार गरेको पाइएको छ। विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरेको भए पनि बैतडीका केही दलहरूले चुनावीसभा पनि विद्यालयमै गरेका छन्। निर्वाचनमा प्रचारप्रसार गर्न ठूलो साउन्ड सिस्टमको प्रयोग गर्ने, ठूलो आवाजमा नारा लगाउने बालबालिकाको प्रयोग पनि गरेका छन्।

यसका साथै कतिपय ठाँउमा सरकारी पदधारण गरेका व्यक्ति, शिक्षक, कर्मचारी, पत्रकार पनि चुनावी प्रचारप्रसार तथा चुनावी आमसभामा सहभागी भएका देखिन्छन्। निर्वाचन आचारसंहिता उल्लंघनका घटना बढ्दै गएको भए पनि स्थानीय पशासन तथा निर्वाचन कार्यालय मौन जस्तै बनेको छ। सम्बन्धित निकाय मौन बस्दा निर्वाचन आचारसंहिताका घटना वृद्धि हुँदै गएका हुन्।

प्रतिनिधिसभाका लागि १ र प्रदेशसभाका लागि २ निर्वाचन क्षेत्र रहेको बैतडीमा १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्।



# विश्व

## प्रतिबन्ध

टर्कीको राजधानी अँकारामा समलिंगीसम्बन्धी सम्पूर्ण गतिविधिमाथि प्रतिबन्ध लगाइएको छ।



## रक्सीमा रोक

ओकिनावामा रक्सीको कारण भएको भयानक दुर्घटनापछि जापानमा रहेका अमेरिकी सेनालाई रक्सी सेवनमा रोक लगाइएको छ।





विश्व २ मिनेट

### जर्मनी

## स्मार्टवाचमाथि रोक

बर्लिन, (एजेन्सी)

जर्मनीको फेडरल नेटवर्क एजेन्सीले यसै हप्ता बच्चाहरूलाई लक्षित गरिएका स्मार्टवाचमाथि व्यापक प्रतिबन्धको घोषणा गर्दै अभिभावकहरूलाई यसअघि खरिद गरिएका त्यस्ता उपकरण नष्ट गर्न आग्रह गरेको छ। बालबालिकाका लागि लक्षित उक्त घडीले बालबालिकको निजी क्रियाकलापमा बढ्दो हस्तक्षेप भइरहेकाले उक्त आक्रामक कदम चालिएको हो। घडीमा हुने एपका माध्यमबाट अभिभावकले बालबालिकाको अज्ञात वातावरणका बारेमा सुन्न सकिने र त्यो एक प्रकारले अनाधिकृत प्रसारण प्रणालीमा पर्न आउने एजेन्सीका अध्यक्ष जोचेन होमानले बताए। उक्त घडीलाई अवैध जासुसी उपकरणका रूपमा लिइएको छ।

### फ्रान्स

## सडकमा गोलीकाण्ड

पेरिस, (एजेन्सी)

एक जना फ्रेन्च प्रहरीले फ्रान्सको राजधानी पेरिसनजिकको सडकमा तीन जना व्यक्तिलाई गोली हानी मारिसकेपछि आफैमाथि गोली प्रहार गरी आत्महत्या गरेको सञ्चार माध्यमले आइतबार जनाएको छ। सो घटना घरेलु विवादको कारण भएको हुनसक्ने अनुमान गरिएको छ। शनिबार सार्सेललेस शहरमा भएको उक्त घटनामा उनका गर्लफ्रेन्ड र उनका आमाबुबा घाइते भएका छन्। मारिनेमा उनका गर्लफ्रेन्डका पिता र अन्य दुई बटुवा रहेका छन्। ले मोन्डे अखबारले ती नाम नखुलाइएका ३१ वर्षीय युवकले आफ्नो सर्भिस पेस्तोल प्रयोग गरेको बताएको छ।

### टर्की

## समलिंगी कार्यक्रम बन्द

अँकारा, (एजेन्सी)

टर्कीको राजधानी अँकाराले सुरक्षाको कारण देखाउँदै समलिंगीसम्बन्धी महोत्सव, स्क्रिनिङ, मञ्च र प्रदर्शनमाथि प्रतिबन्ध लगाउने घोषणा गभर्नरको कार्यालयले आइतबार गरेको छ। गत साता अँकारामा आयोजना हुन लागेको जर्मन भाषाको समलिंगी फिल्म महोत्सव पनि रद्द गरिएको थियो। टर्कीमा समलिंगी सम्बन्धलाई कानुनी मान्यता दिइएको छ। तर यसप्रति जनमानसको तीव्र घृणाभाव रहेको अभियन्ताहरूको दाबी छ। १८ नोभेम्बरदेखि अर्को सूचना प्रकाशित नहुन्जेलसम्मका लागि अँकारामा समलिंगीसम्बन्धी सम्पूर्ण गतिविधिमाथि प्रतिबन्ध लगाइएको बताइएको छ।

### मोरोक्को

## भागदौड मच्चियो

सिदी बोलालम, (एजेन्सी)

एउटा स्थानीय दातृ निकायबाट खाद्यान्न वितरण भइरहेको स्थानमा अचानक भागदौड मच्चिँदा कम्तीमा २५ जना व्यक्तिको ज्यान गएको र अन्य पाँच जना घाइते भएको प्रहरीले सोमबार जनाएको छ। यो अप्रिय घटना एस्साउरिया प्रान्तको सिदी बोलालममा भएको हो। स्थानीय सञ्चारमाध्यमले यस घटनामा पर्ने मध्ये प्रायशः महिला तथा वृद्धहरू रहेको जनाएको छ। केही स्रोतले भने घाइतेको संख्या ४० भएको जनाएका छन्। प्रत्यक्षदर्शीहरूले प्रत्येक वर्ष उक्त गरिबहरूको बसोबास रहेको शहरको बजारमा निःशुल्क खाद्यान्न वितरण गर्ने गरिएकोमा यसपालि भिड निकै ठूलो रहेको बताएका छन्।

नेपाल सरकार
**शिक्षा मन्त्रालय**
सिंहदरवार, काठमाडौं

**सवारी साधन (Sport Utility Vehicle (SUV) 4X4) आपूर्ति गर्ने सम्बन्धी**

**बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७४/०८/०५)**

यस मन्त्रालयलाई आवश्यक सवारी साधन **Sport Utility Vehicle (SUV)** सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 7/074-75/MOE | Sport Utility Vehicle (SUV) 4X4 | २ | रु. ३००० | ३,७५,०००।- | सिलबन्दी दर्ता वा e-submission मध्ये कुनै एक |

२. बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस मन्त्रालयको नाममा जारी भएको बिडबण्ड वा को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ४ सिंहदरबारको एभरेष्ट बैंक लि.मा रहेको धरौटी खाता नं. १३५००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ । विडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ४ (चार) महिनासम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजेभित्र यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिन दिनको १२.०० बजेभित्र दर्ता गराई सक्नु पर्नेछ ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको २.०० बजे मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिने छ ।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजात पेश गर्नु पर्नेछ ।
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको **र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति** (घ) आ.व.२०७२।७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि (ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र । (च) उत्पादक/निर्माताले सम्बन्धित फर्म/संस्था/कम्पनीलाई आधिकारिक रुपमा सवारी साधन बिक्री बितरण गर्ने प्रयोजनका लागि प्रदान गरेको Distributor/Reseller पत्रको प्रमाणित प्रतिलिपि ।

६. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर शिक्षा मन्त्रालयको "सवारी साधन Compact SUV आपूर्ति गर्ने बोलपत्र २०७४" भनी स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ ।

१०. यो सूचना मन्त्रालयको वेवसाइट www.moe.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.ppmo.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखा (फोन नं. ४२००४५३) मा सम्पर्क राख्न सकिनेछ ।

**११. e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि थप जानकारीः**

(क) e-bidding मा भाग लिन इच्छुक बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np मा login गरी प्राप्त निर्देशन अनुसार बोलपत्रमा भाग लिन सक्नेछन् ।

(ख) बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र Scan गरी PDF Format मा Upload गरिसक्नु पर्नेछ । साथै यस सूचनाको दफा ५ बमोजिमका कागजातहरुको scanned copy बोलपत्रसाथ upload गर्नुपर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

(ग) बोलपत्र फाराम दस्तुर वापतको रकम बराबरको बिडबन्ड वा को.ले.नि.का. काठमाडौं भुक्तानी केन्द्र नं. ४ सिंहदरबारको एभरेष्ट बैंक लि.मा रहेको धरौटी खाता नं. १३५००१ मा रकम जम्मा गरेको बैंक भौचरको scanned copy बोलपत्रसाथ upload गर्नुपर्नेछ ।

(घ) बोलपत्र जमानत तथा बोलपत्र फाराम दस्तुर वापत राजश्व बुझाएको बैंक भौचरको सक्कलै प्रति, यस सूचनाको बुँदा ५ बमोजिमका कागजातहरु र Complete Bidding Document को Hard Copy बोलपत्र खोलेको मितिले ७ (सात) दिनभित्र बोलपत्रदाताले अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

# गरिबी हटाउन जिससको तस्वीर हटाई सीको तस्वीर

बेइजिङ, (एजेन्सी)

चीनको दक्षिणपूर्वी ग्रामीण विपन्न इलाकामा हजारौं इसाईले जिससको पोस्टरको ठाउँमा राष्ट्रपति सी जिनपिंगको तस्विर राखेका छन्। स्थानीय सरकारको राहत कार्यक्रमअन्तर्गत यस कार्यलाई धर्मप्रति आस्था राख्नेहरूलाई पार्टीप्रति आस्थावान् बनाउने प्रयास भएको बताइएको छ।

चीनको सबैभन्दा ठूलो स्वच्छ पानी भएको जियांग्सी प्रान्तको युगान क्षेत्रमा रहेको ताल पोयांगको किनारामा रहेको उक्त इलाका गरिबी र ठूलो क्रिश्चियन समुदाय बसोबास भएको थलोको रूपमा चिनिन्छ। त्यस क्षेत्रमा १० लाख आवादीमा ११ प्रतिशत देशको सरकारी गरिबी रेखाभन्दा तल परेका छन्। त्यहाँको करिब १० प्रतिशत आवादी क्रिश्चियन भएको सरकारी तथ्यांकमा उल्लेख छ।

स्थानीय सरकारले गरिबी उकास्न उसको प्रयासलाई २ गुणा बढाएको छ। धरैजसो धार्मिक आस्था राख्नेहरूले जिससको तस्वीर निकालेका छन् र घरको आकर्षणको केन्द्रका रूपमा राखिएका प्रभुका वाणीलाई झिकेर सीको तस्वीर झुन्डयाएका छन्। यसलाई



स्वर्गीय अध्यक्ष माओत्सेतुङका पालामा हुने गरेको अभ्यासका रूपमा लिइएको छ। त्यतिबेला उनको तस्वीर चिनियाँहरूका घरघरमा हुने गर्थ्यो।

सीको नेतृत्वमा सत्तारुढ कम्युनिस्ट पार्टीले सन् २०२० को अन्त्यसम्ममा गरिबी उन्मूलनलाई प्रमुख प्राथमिकतामा राखेको छ। माओपछि देशका सबैभन्दा शक्तिशाली नेताका रूपमा उदय भएका सीको राजनीतिक छवी उकास्न अभियानका रूपमा मात्र नभई समाजको जरासम्म पार्टीको नियन्त्रण गर्ने नीतिमा ऐक्यबद्धता प्रदर्शन गर्नु यसको मूल उद्देश्य हो। दशकौं लामो आर्थिक वृद्धिका बाबजुद चिनियाँ समाजको उक्त ठूलो हिस्सा त्यसबाट अछुत रहेको छ।

युगानमा औपचारिक रूपमा नास्तिक पार्टीले इसाईकरणको प्रभावसँग प्रतिस्पर्धा गरिरहेका छन्। ४० वर्षअगाडि सांस्कृतिक क्रान्ति अन्त्य भएपछि चीनका गरिब दुर्गम गाउँ र समृद्ध शहरहरूमा इसाई धर्म तीव्र रूपमा फैलिएका थिए। चीनमा अहिले पार्टीमा ९ करोड सदस्य क्रिश्चियन भएको केहिले अनुमान गरेका छन्।

एउटा स्थानीय सामाजिक सञ्जालमा युगानको हुआंग्जिंग्बु नगरमा पार्टीको गरिवी निवारण नीतिको प्रबर्द्धनका लागि कार्यकर्ताहरू गरिब क्रिश्चियन परिवारका घरघरमा पुगेको उल्लेख गरेको छ। उनीहरूले ती परिवारको भौतिक समस्या समाधान गर्न सहयोग गरेका थिए। अधिकारीहरूले उनीहरूको मन पगालेको र उनीहरूलाई धर्ममा भन्दा पार्टीमा विश्वास गर्न लगाउन सफल भएको बताएका छन्।

यसको परिणामस्वरूप ६ सयभन्दा धेरै गाउँले तिनीहरूको घरमा राख्ने गरेका धार्मिक पुस्तक तथा चित्रहरू हटाउने अभियानमा स्वयंसेवक बनेका छन्। उनीहरूले ती धार्मिक तस्वीरको स्थानमा ४ सय ५३ सीका तस्वीरले प्रतिस्थापन गरेका छन्।

# चीनको अन्तरिक्ष योजना सार्वजनिक




बेइजिङ, (एजेन्सी)

चीनले सन् २०४५ सम्ममा आणविक ऊर्जाबाट चल्ने अन्तरिक्षयानलगायत अन्तरिक्ष कार्यक्रममा आफ्नो लक्ष्य हासिल गर्ने योजना सार्वजनिक गरेको छ।

भूमध्यरेखानजिक रकेट प्रक्षेपण गर्न रुससँग सम्झौता गर्नेदेखि आणविक ऊर्जायुक्त अन्तरिक्षयानको विकास गर्ने महत्त्वाकांक्षासहित चीनले उसको अन्तरिक्ष अन्वेषणलाई लगातार प्रगतितर्फ दोहोऱ्याइरहने योजना ल्याएको छ।

अन्तरिक्ष अन्वेषण तथा प्रविधि हासिल गर्ने देशको लक्ष्यसम्बन्धी विस्तृत मार्गचित्र रहेको उक्त अन्तरिक्ष कार्यक्रम चाइना एरोस्पेस साइन्स एन्ड टेक्नोलोजी कर्पोरेसन (कास्क)ले दिएको हो। उक्त कार्यक्रमले देशले के आशा गरेको छ, त्यसलाई सन् २०१७ देखि २०४५ सम्ममा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

कास्कले सन् २०२० सम्ममा व्यवसायिक भूउपग्रह प्रक्षेपण कार्यक्रम सञ्चालनमा ल्याउने र त्यसका लागि लंग मार्च ८ रकेटको विकास पूरा गर्ने विषयमा जीबी टाइम्सले जनाएको छ। यसअघि उक्त अखबारले लंग मार्च ८ सन् २०१९ सम्ममा पहिलो परीक्षण हुने जनाएको थियो। सन् २०२० सम्ममा उक्त रकेटबाट योजनाअनुसार सबै लक्ष्य पूरा हुने बताइएको थियो।

सन् २०२५ सम्ममा कास्कले पुनः प्रयोग गर्न सक्ने अन्तरिक्षयानको विकास गर्ने र त्यसलाई अन्तरिक्ष पर्यटनका लागि पृथ्वीको उपकक्षमा पुऱ्याउने योजना पनि ल्याएको छ। उक्त योजनामा अमेरिकाको निजी अन्तरिक्ष कम्पनी ब्लु ओरिजिन र भर्जिन ग्यालेक्टिकले पनि आँखा गाडेर बसेको छ। यसअघि नै चीनले पुनः प्रयोग गर्न सकिने अन्तरिक्षयान सन् २०२० सम्ममा पहिलो परीक्षण गर्ने योजना बनाएको थियो।

योजनाअनुसार सन् २०३० सम्ममा लंग मार्च ९ रकेट प्रयोगका लागि तयार हुनेछ। यसले अत्यधिक भार वहन गरी अन्तरिक्ष उडान भर्ने क्षमता राख्नेछ। यसको भार वहन क्षमता १ सय टनसम्म हुनेछ। यो मानवसहित चन्द्रमा र सम्भवतः मंगलग्रहमा मानवविहीन अभियानमा प्रक्षेपणका लागि सक्षम हुने छ।

# मुगावेविरुद्ध महाअभियोगको तयारी

हरारे, (एजेन्सी)

जिम्बावेको सत्तारूढ जानु पीएफ पार्टीले आफ्ना विधायकहरूलाई राष्ट्रपति रोवर्ट मुगावेको राजनीतिक भविष्यमाथि छलफल गर्न आग्रह गरेको छ। मुगावेलाई पदबाट राजीनामा दिन दिइएको समयसीमा सोमबार समाप्त भएको छ। सो समयसीमा उनको आफ्नै पार्टी जानु पीएफले निर्धारण गरेको हो।

गत साता सेनाद्वारा अपदस्थ भएका मुगावेले आइतबार आफूले राष्ट्रपति बनिरहने योजना बनाएको भनी सरकारी टेलिभिजनमार्फत घोषणा गरी सबैलाई आश्चर्यमा पारेका थिए। जानु पीएफले मुगावेविरुद्ध महाअभियोग लगाउने प्रक्रिया मंगलबार संसद् बैठकमा थालिने जनाएको छ।

पार्टीले उनलाई राष्ट्रमा अप्रत्यासितरूपमा आर्थिक अन्योल वातावरण सृजना गरेको अभियोग लगाउने मस्यौदा तयार गरिसकेको रोयटर्सले जनाएको छ। मुगावेको ३७ वर्ष लामो राष्ट्रपतिशासन अन्त्यको माग गर्दै सोमबार विशाल जनसमूहले सडकमा विरोध प्रदर्शन गरेका छन्। ९३ वर्षीय मुगावेले उपराष्ट्रपति इमर्सन नान्गावालाई बर्खास्त गरेयता त्यहाँ राजनीतिक संकट शुरू भएको हो।



सामान्य प्रशासनमन्त्री हुँदा सिंहदरबार बदल्ने अभियान चलाएका पण्डित डीभी पीआर बोक्ने कर्मचारीलाई कारबाही गरेर चर्चित बनेका थिए। उनले मधेस आन्दोलनको समयमा होस् वा अन्य समयमा पनि स्पष्ट राष्ट्रवादी अडान राख्दै आएका थिए।

समाचार संक्षेप

## कांग्रेस उम्मेदवारको जिपमा बम विष्फोट

बारा, (नेस)

नेपाली कांग्रेसका उम्मेदवार ओमकृष्ण कार्कीको चुनाव प्रचारप्रसारमा प्रयोग गर्ने गाडीमा मंगलबार बिहान बम प्रहार भएको छ। कांग्रेसका तर्फबाट बारा क्षेत्र नं ४ (क) बाट प्रदेशसभा उम्मेदवार कार्कीले चुनाव प्रचारप्रसारका लागि प्रयोग गर्ने बा१४च ६३३० नं को स्कार्पियो गाडीमाथि बिहान ५:३० बजे कुकर बम प्रहार भएको हो।

आइतबारको चुनावी कार्यक्रम सकेर सवारी चालक राधाकृष्ण साह ठकुरीले जिल्ला वन कार्यालयपछाडि आफ्नै निवासमा राखेको गाडीमा बम प्रहार भएको हो।

बम कसले प्रहार गरेको भन्नेबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी निरीक्षक भुवन भट्टले बताउनुभयो। बम प्रहारबाट कुनै मानवीय क्षति नभएको तर गाडीमा राखिएका प्रचार सामग्री जलेको साथै गाडीको सिसा फुटेको बताइएको छ।

३३ प्रतिशत महिला उम्मेदवारको माग

## रिटको निर्णय चुनावपछि

काठमाडौं, (नेस)

आगामी निर्वाचनमा एक तिहाई महिला उम्मेदवार नउठाएको बारेमा छलफलका लागि सर्वोच्च अदालतले सरकार, निर्वाचन आयोग र राजनीतिक दललाई बोलाएको छ।

दलले संवैधानिक प्रावधानअनुसार प्रत्यक्षमा ३३ प्रतिशत महिला उम्मेदवार नबनाएको भन्दै पूर्वसांसद कमला थापाले मंसिर १ गते सर्वोच्चमा रिट दायर गर्नुभएको थियो।

अदालतले मंसिर १३ गते छलफलका लागि बोलाए पनि पहिलो चरणमा मंसिर १० गते नै निर्वाचन हुँदै छ। सर्वोच्च अदालतमा आउँदो निर्वाचनमा ३३ प्रतिशत महिला उम्मेदवार किन नबनाइएको भन्दै दायर गरेको रिटको अन्तरिम आदेश हुने वा नहुने निर्णय मंसिर १३ गते हुँदै छ। पूर्वसांसद थापाको रिटमा सुनुवाई गर्दै न्यायाधीश ओमप्रकाश मिश्रको एकल इजलासले सबै पक्षलाई छलफलका लागि मंसिर १३ गते बोलाएको हो।

रिटमा संविधानको धारा ८४ को व्यवस्थाअनुसार संघीय संसद्मा कम्तीमा एक तिहाई महिला प्रतिनिधित्व हुनुपर्ने व्यवस्थाको दलले बेवास्ता गरेको जिकीर गरिएको छ।

संवैधानिक प्रावधानअनुसार भने प्रत्यक्षतर्फबाट एक तिहाई प्रतिनिधित्व सुनिश्चित नभए संविधानको धारा ८६ को उपधारा १ (ख) बमोजिम समानुपातिक निर्वाचनबाट प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रावधान छ। मंसिर १३ गते दुवै पक्षको छलफलपछि सर्वोच्चले अन्तरिम आदेश हुने वा नहुनेमा आदेश जारी गर्नेछ।

## अत्यधिक मापसेले मजदुरको ज्यान गयो

इलाम, (नेस)

अत्यधिक मादकपदार्थ सेवन (मापसे) सेवन गरेर इलामको माइजोगमाई गाउँपालिका-५ सोयाङस्थित स्यालढुङमा सोमबार बिहान एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा इलाम नगरपालिका-३, पुवामझुवाका ५५ वर्षीय विमल रानामगर रहेका छन्।

इलाम नगरपालिका-सोयाङ-नयाँबजार निर्माणाधीन सडकमा काम गर्दै आएका राना मगरको अत्यधिक मापसे गरेकै कारण मृत्यु भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानमा उल्लेख छ।

नयाँबजारस्थित प्रहरीका अनुसार आइतबार साँझ उनलाई मदिरा पिएर सडकमा सुतिरहेको देखेपछि स्थानीयले सोही ठाउँकै एक मजदुरको घरमा लगेर सुताएका थिए। तर उनलाई सोमबार बिहानको राति घरका अन्य मजदुरले रानामगरलाई त्यही घरको सिँढीमा मृत फेला पारेपछि प्रहरीमा खबर गरेका थिए।

राना मगरले अत्यधिक मदिरासमेत पिएको तथा साथीहरूसँग झगडासमेत गरेको स्थानीय केही मानिसबाटै सूचना आएकाले राना मगरको मृत्यु मापसेबाटै भएको हो कि अन्य केही कारणले भएको भन्ने बारेमा प्रहरीले अनुसन्धान शुरू गरेको छ।

निर्वाचन आयोगलाई एमालेले भन्यो–

# ‘आचार संहिता उल्लंघन रोक्नुस्’

काठमाडौं, (नेस)

नेकपा एमालेले सत्ताको दुरूपयोग गर्दै नेपाली कांग्रेसले निरन्तर निर्वाचन आचारसंहिता उल्लंघन गरिरहेको तथ्यसहित तत्काल रोक लगाउन निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण गराएको छ।

पोलिटब्युरो सदस्य तथा केन्द्रीय निर्वाचन परिचालन कमिटीका सदस्य अग्नि खरेल नेतृत्वको टोलीले सोमबार आयोगका पदाधिकारीलाई भेटी आचारसंहिता उल्लंघन रोक्न ध्यानाकर्षण गराएको हो।

आयोग पदाधिकारीलाई ध्यानाकर्षणपछि पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा पत्रकार सम्मेलन गरी एमालेले आफ्नो भनाइ सार्वजनिक गरेको छ। पत्रकार सम्मेलनमा एमालेले सत्ताको आडमा भइरहेको आचारसंहिता उल्लंघन तत्काल रोक्न आयोगको गम्भीर ध्यानाकर्षण गराइएको जानकारी दिएको हो। एमाले पोलिटब्यूरो सदस्य खरेल नेतृत्वको एमाले टोलीले प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवलगायत पदाधिकारीलाई भेटी आचारसंहिता उल्लंघनका घटनाहरूको फेहरिस्त प्रस्तुत गर्दै तत्काल रोक लगाउन ध्यानाकर्षण गराएको थियो।

‘अहिले सत्ताको आडमा कांग्रेसले जतातत्तै आचारसंहिता उल्लंघन गरिरहेको छ तर निर्वाचन आयोगले के गरिरहेको छ ?’, प्रमुख आयुक्त यादवलाई गरिएको ध्यानाकर्षण उद्धृत गर्दै निर्वाचन परिचालन कमिटीका प्रवक्ता विष्णु रिमालले भन्नुभयो- ‘कांग्रेसले गरिरहेको आचारसंहिता उल्लंघन तत्काल रोक्नुस्, यदि रोक्न सक्नुहुन्न भने अरू जस्तै हामीलाई पनि प्रचार गर्ने छुट दिनुस्।’ एमालेको त्यस्तो ध्यानाकर्षणपछि प्रमुख आयुक्त यादवले उल्लंघन रोक्न आयोगले तत्काल सरकार र सम्बन्धित सञ्चार माध्यमसँग कुराकानी गर्ने अवगत गराउनुभएको थियो।

पत्रकार सम्मेलनमा पोलिटब्यूरो सदस्य खरेलले आचारसंहिता उल्लंघनका थुप्रै घटनाहरूको तथ्यसहित आयोगलाई अवगत गराएको जानकारी गराउनुभयो। ‘हामीले स्थान नै किटान गरेर कसरी आचारसंहिता उल्लंघन भइरहेको छ भन्ने तथ्य आयोगलाई अवगत गराएका छौं’, खरेलले भन्नुभयो- ‘चावहिलको गणेशस्थान, बानेश्वरको शान्तिनगर चोकमा तुल र ब्यानरहरू टाँगिएका छन्, त्यसैले यदि आचारसंहिता कागजमा सीमित गराउन खोजिएको होइन भने तत्काल त्यस्तो प्रचारमाथि रोक लगाउनुपर्‍यो, होइन भने हामी पनि त्यस्तै प्रचारका लागि बाध्य हुनेछौं।’ उहाँले काठमाडौं-१ मा रत्नराज्य उच्च माविकी प्राचार्य गीता शिवाकोटी खरेलले कांग्रेस उम्मेदवार प्रकाशमान सिंहलाई सामाजिक सञ्जाल र युट्युबमार्फत खुलेआम मत मागिरहेको तथ्यसमेत प्रस्तुत गर्नुभयो।

प्रचण्ड परिवारलाई समवेदना

## लाजिम्पाटमा राष्ट्रपति भण्डारी

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ का पुत्र प्रकाश दाहालको निधन भएकोप्रति राष्ट्रपति विद्यादेवी भण्डारीले प्रचण्ड निवास लाजिम्पाटमा पुगेर उहाँका परिवारसँग भेट गरी समवेदना व्यक्त गर्नुभएको छ । प्रकाश दाहालको आइतबार बिहान हृदयाघातका कारण ३६ वर्षको उमेरमा निधन भएपछि प्रचण्ड परिवार शोकमा छ। प्रचण्ड परिवारलाई समवेदना दिन सोमबार दिनभर नै शुभचिन्तकको भीड लागेको थियो।

यसैगरी नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले पनि पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका प्रचण्डसहितका परिवारलाई भेटेर समवेदना व्यक्त गर्नुभएको छ। अध्यक्ष प्रचण्ड निवासमा लाजिम्पाट पुगी असामयिक निधन भएका प्रकाश दाहालप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारमा समवेदना व्यक्त गर्नुभएको थियो।

त्यसै गरी नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, नेताहरू माधवकुमार नेपाल, भानुभक्त ढकाल, विष्णु रिमाल पनि लाजिम्पाट जानु भई पुत्र वियोगमा रहनुभएका अध्यक्ष प्रचण्डसहित परिवारलाई भेट गरी समवेदना प्रकट गर्नुभयो थियो।

समवेदना प्रकट गर्न निवासमा आउनुभएका नेता र शुभचिन्तकसँग प्रचण्डले आफू सम्मालिए पनि परिवार सम्हालन गाह्रो भएको प्रतिक्रिया दिनुभएको थियो। समेवदना दिन जाने क्रममा प्रधानमन्त्री देउवा, एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच संक्षिप्त कुराकानी भएको थियो। सो क्रममा प्रचण्ड पत्नी सीता दाहालको समेत सहभागिता रहेको थियो।

## लालबाबुलाई हङकङ बस्नेहरूको सहयोग अभियान

दुर्गाप्रसाद शर्मा, पर्वत

मोरङ क्षेत्र नं ६ बाट प्रतिनिधिसभामा उम्मेदवार छन् पूर्वसामान्य प्रशासनमन्त्री लालबाबु पण्डित। तराईको निर्वाचन क्षेत्रमा चुनाव लडिरहेका लालबाबु पण्डितलाई स्वदेशमा मात्रै होइन विदेशमा पनि ठूलै सहानुभूति र सहयोग अभियान चलाइरहेका छन्। लालबाबु पण्डितका लागि यस्तै सहयोग अभियान अहिले हङकङमा बस्ने नेपालीहरूले चलाइरहेका छन्।

मुलुककै सबैभन्दा ठूलो पृथ्वीनारायण क्याम्पस पोखरामा अध्ययन गरेका र हाल हङकङ बस्दै आएका पूर्व विद्यार्थीहरूको समूहले लालबाबु पण्डितलाई पौने २ लाख रुपियाँभन्दा बढी आर्थिक सहयोग गरेका छन्। पूर्व विद्यार्थी समूह हङकङले पण्डितलाई १ लाख ७८ हजार २ सय रुपियाँ सहयोग गरेको छ। लालबाबुले चुनाव जित्दा सिंगो देश र जनताले चुनाव जित्छन् भनेर सहयोग अभियान चलाएको पृथ्वीनारायण क्याम्पसका पूर्व स्ववियु कोषाध्यक्ष विरोधविक्रम गुरुङले जानकारी दिए।

‘एउटा देशले खोजेको सादगी नेतालाई आफ्नो भूगोल र समुदायभन्दा पनि पर राखेर पनि सहयोग गर्नुपर्छ भनेर सहयोग गरेका छौं’, गुरुङले भने- ‘स्वच्छ छविका व्यक्तिका लागि भूगोल र समुदायको दायराबाट माथि उठेर सहयोग अभियान चलेको छ।’ सामान्य प्रशासनमन्त्री हुँदा सिंहदरबार बदल्ने अभियान चलाएका पण्डित डीभी पीआर बोक्ने कर्मचारीलाई कारबाही गरेर चर्चित बनेका थिए। उनले मधेस आन्दोलनको समयमा होस् वा अन्य समयमा पनि स्पष्ट राष्ट्रवादी अडान राख्दै आएका थिए। पण्डितसँगै नेपाली कांग्रेसका प्रभावशाली नेता डा. शेखर कोइराला चुनावी प्रतिस्पर्धामा छन्। मोरङको प्रतिनिधिसभा ६ नम्बर क्षेत्र पण्डित र कोइरालाको उम्मेदवारीले देशभर चर्चामा छ भने २ उम्मेदवारका बीचमा तीव्र प्रतिस्पर्धा देखिन्छ।

# अध्यक्षहरूलाई जिताउन उम्मेदवारी स्थगन

नेपाल समाचारपत्र

हेटौंडा

नयाँ शक्ति पार्टी मकवानपुरका तर्फबाट प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-१ का उम्मेदवार प्रह्लाद लामिछानेको उम्मेदवारी स्थगन भएको छ। नयाँ शक्ति र राप्रपाबीच सोमबार भएको केन्द्रीय सहमतिअनुसार गोरखामा राप्रपाले नयाँ शक्ति अध्यक्ष डा. बाबुराम भट्टराई तथा मकवानपुरमा नयाँ शक्तिले राप्रपा अध्यक्ष कमल थापालाई सहयोग गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

२०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादीका तर्फबाट मकवानपुर-३ मा १८ हजार ५ सय १४ मत प्राप्त गरी विजयी भएर हाल नयाँ शक्तिका केन्द्रीय सदस्य तथा मकवानपुर संयोजक लामिछानेले उम्मेदवारी दर्ताको १९ दिनपछि केन्द्रीय सहमति तथा अपिलअनुसार उम्मेदवारी छाडेर कमल थापालाई समर्थन गर्नुपर्ने भएको छ।

नयाँ शक्तिका उम्मेदवार लामिछानेले आफूलाई उक्त विषयमा जानकारी आएको बताउनुभयो। तालमेल नौलो नभए पनि आकस्मिक भएको लामिछानेको भनाइ छ। तालमेलको जानकारी पाएपछि सोमबार नै काठमाडौं दौडिनुभएका लामिछानेले थापालाई के र कसरी सहयोग गर्ने भन्ने विषयमा राप्रपा मकवानपुरसँगको बैठकपछि निक्यौल हुने बताउनुभयो। ‘पार्टीसँग सल्लाह गरी धारणा बनाइनेछ, -उहाँले भन्नुभयो।

यस विषयमा आगामी शनिबार राप्रपासँग बैठक बसिने लामिछानेले बताउनुभयो। केन्द्रीय सम्झौतापत्रमा राप्रपा उपाध्यक्ष बुद्धिमान तामाङ तथा नयाँ शक्तिका राजनीतिक संवाद समिति संयोजक देवीप्रसाद ओझाले हस्ताक्षर गर्नुभएको छ।

नयाँ शक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले एकअर्काका अध्यक्षलाई चुनावमा समर्थन गर्ने भएका हुन्। मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा चुनावमा दुई दलले गोरखा र मकवानपुरमा अर्को पार्टीका उम्मेदवारलाई सघाउने भएका हुन्। सोमबार दुई पार्टीबीच गोरखा-२ मा नयाँ शक्तिका संयोजक डा. भट्टराईलाई राप्रपाले सहयोग गर्ने सहमति हुँदा मकवानपुर-१ मा राप्रपा अध्यक्ष थापालाई सघाउन नयाँ शक्तिले उम्मेदवारी स्थगन गर्ने निर्णय गरेको छ। दुवै नेता कांग्रेसको समर्थनमा उम्मेदवार बन्नुभएको हो।

## वृद्धा भत्ता लिन बिहानैदेखि सडकपेटीमा

कुमार श्रेष्ठ, बाँके

पुरैनीकी कैलाशा लोनिया सोमबार बिहान न्युरोडस्थित वेस्टर्न डेभलपमेन्ट बैंक लिमिटेडको अगाडि सडकपेटीमा पलेटी कसेर बसिरहनुभएको थियो। पहिला पालो आउने आशाले बैंक खुल्नुभन्दा अघि नै लोनिया त्यहाँ पुग्नुभएको थियो।

बैंक खुल्दा नखुल्दै सडकपेटीमा पलेटी कसेर बस्नेको संख्या दर्जन बढी भयो। पुरैनीकै धिराजा कुर्मी पनि त्यहीं हुनुहुन्थ्यो। यात्रु हिँड्ने सडकपेटीमा बसेका उनीहरूको कहिले वृद्धाभत्ता पाइएला भन्ने नै ध्यान थियो।

यी दुई प्रतिनिधिपात्र नेपालगन्जस्थित बैंकमा पहिलो पटक आएका होइनन्। कैलाशाले भन्नुभयो- ‘एक हप्ताअघि पनि आएर गएँ। बैंकका मान्छेले पैसा आएको छैन भनेका थिए। फेरि आएको छु। आज पाइन्छ कि पाइँदैन।’ धिराजाले पनि चौथो पटक आएको बताउनुभयो। ‘यहाँ आउँछौं कहिले पालो आउँदैन, कहिले के मिलेन भनेर फर्काइन्छ, धिराजाले भन्नुभयो, भत्ता लिन साह्रै गाह्रो छ।’

साविकको पुरनै गाविसका यिनीहरूले पहिला गाविसबाटै भत्ता बुझ्ने गर्दथे। गाविस नगरपालिका गाभिनु र सरकारले बैंकबाट वृद्धाभत्ता बुझ्ने व्यवस्था गर्दा वृद्धवृद्धाले भत्ताका लागि सास्ती खेपेका छन्। नेपालगन्ज बजारमा आउनुपरेको छ।

नगरपालिकका वडा सचिवले सिफारिस गरेपछि वद्धावृद्धले सामाजिक सुरक्षा भत्ता बैंकबाट पाउँछन्। बैंकमा जेमा पनि थोरै फरक पर्नेबित्तिकै काम रोकिन्छ। पहिला वडासचिवले रकम दिँदा सानातिनो फरक पर्दा चिनेको आधारमा दिने गर्दथे। बैंकले त्यस्तो नहुँदा अधिकांशले सास्ती पाएको गुनासो आएको छ। अनलाइनमा जाँदा विवरणका सानातिना गल्ती देखिएका छन्। त्यसले वृद्धावृद्धलाई अझ दुःख दिएको छ।

नेपालगन्ज नगरमा आधा दर्जन बैंकबाट सामाजिक सुरक्षा भत्ता लिन सकिने व्यवस्था मिलाइएको छ। वडा गाँभेर उपमहानगरपालिका बनाइएपछि भूगोल बढेको छ। टाढा-टाढाबाट वृद्धावृद्धहरू सामाजिक सुरक्षा भत्ता लिन नेपालगन्ज आउनुपर्ने बाध्यताले सास्ती थपेको छ। नगरमा १० करोडबढी वार्षिक सामाजिक सुरक्षा भत्ता जाने बुझिएको छ। बैंकहरूले भीडभाड भए पनि आफूहरूले सकेसम्म छिटो काम गरेको बताइरहेका छन्। वृद्धवृद्धा भने अगाडि पालो आउने आशाले बिहानैदेखि बैंकमा लाइन लाग्ने गरेका छन्।

### ढुक्क...

‘हामीले सबै निर्देशन दिइसकेका छौं, निर्वाचनको केही दिन अघिदेखि हवाई गस्ती गर्नेछौं, क्षेत्रीय र जिल्ला सुरक्षा समितिले आवश्यकता ठानेमा पृतनापतिको निर्देशनमा तत्काल हेलिकोप्टर पुऱ्याउने व्यवस्था गरेका छौं। मतदान दिन मतदानस्थलमा जाने मतदाताको सुरक्षाका लागि नेपाली सेनाले विशेष योजना तयारी गरेको छ’ -सहायक रथी एवं प्रवक्ता दाहालले जानकारी दिनुभयो।

नेपाल प्रहरीले निर्वाचन लक्षित विशेष योजनाअनुसार सम्पूर्ण तयारी गरी सम्बन्धित क्षेत्रमा प्रहरी परिचालन गरिसकेको छ। नेपाल प्रहरीका प्रवक्ता डीआईजी मनोज न्यौपानेले मतदानमा घर जाने यात्रुको सुरक्षाका लागि राजमार्गमा चेकपोस्ट खडा गरिएको, राजमार्ग गस्तीलाई तीव्र पारिएको जानकारी दिनुभयो। अधिकांश स्थलमा विप्लव समूहले बम विस्फोटका घटना बढाएको जानकारी गराउँदै उहाँले यी घटनामा संलग्नमाथि कारबाही गरिएको बताउनुभयो।

निर्वाचन यता विस्फोटनका घटनामा संलग्न रहेको आशंकामा हालसम्म २ सय ६१ जनालाई पक्राउ गरिएको, नेकपा विप्लवका चितवनका इन्चार्ज लालबहादुर बीसीलाई पक्राउ गरिएको, हिजो मात्रै चितवनमा दीपक भुसाल र अरूण गिरीलाई पक्राउ गरेको, हिजै रोल्पामा ४३ वटा सकेट बम पक्राउ गरिएको, धनुषामा कटुवा पेस्तोलसहित केहीलाई पक्राउ गरिएको छ।

त्यसै गरी रोल्पामै रेडबुल बम पक्राउ गरिएको उहाँले जानकारी दिनुभयो। राजधानीमा सुरक्षा व्यवस्था कडाइ गरेको, अधिकांश दोबाटो, चौबाटोमा प्रहरीको चेकप्वाइन्ट खडा गरी सुरक्षा जाँचलाई तीव्रता दिएको उहाँले बताउनुभयो।

दुईवटा निर्वाचन सम्पन्न गरिसकेको प्रहरीले यो निर्वाचनमा कुनै सुरक्षामा कमी हुन नदिने दाबी गर्दै उहाँले प्रत्येक उम्मेदवारलाई सुरक्षा दिएको र आवश्यकताको आधारमा थप सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिनुभयो। ‘हामीले ९० प्रतिशत प्रहरीलाई निर्वाचन सुरक्षामा खटाइसकेका छौं, निर्वाचन हुने क्षेत्रमा व्यापक सुरक्षाकर्मी परिचालन गरिसकेका छौं, ढुक्क हुनुहोस् निर्वाचनमा कुनै अप्रिय घटना हुन दिदैनौं’ -उहाँले भन्नुभयो।

तथापि सुरक्षा निकायले दाबी गरेजस्तो देशमा सुरक्षा व्यवस्था मजबुत भएको भन्न सक्ने अवस्था छैन। गृह मन्त्रालयका प्रवक्ता दुवाडीले भने सुरक्षामा कुनै कमी आउन नदिने दाबी गर्नुभयो।

### निर्वाचन...

पूर्वप्रमुख निर्वाचन आयुक्त श्रेष्ठले निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई कारबाही गर्न पनि आयोग पछि हट्न नहुने बताउनुभयो।

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनको तुलनामा आचारसंहिता उल्लंघनका घटना कम भएको जनाएको छ। विगतका निर्वाचनको तुलनामा यसपटक निर्वाचन प्रचारप्रसारमा संगठितरूपमा बालबालिकाको प्रयोग, भोजभतेर आयोजना र अरू आचारसंहिता उल्लंघनका घटनामा कमी आएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

निर्वाचन आचारसंहिता उल्लंघनका घटनाहरू बढिरहेको सन्दर्भमा आयोगले सरकारका सचिव, नागरिक समाज र पूर्वसचिवहरू पनि अन्तरक्रिया गरेको थियो। अन्तरक्रियामा निर्वाचन आचारसंहिता पालना गर्ने र गराउन सबैको साथ र सहयोगको खाँचो औंल्याउँदै प्रमुख निर्वाचन आयुक्त डा. यादवले जसरी पनि जित्नुपर्छ भन्ने सोचलाई निरुत्साहन गर्न र निर्वाचन आचारसंहिता पालनामा जोड दिन आवश्यक रहेको धारणा अघि सार्नुभएको थियो।

‘आचारसंहिता भनेको नैतिकता तथा सदाचारसँग समेत जोडिएको विषय हो। कानुन कडा गरेर नहुने रहेछ, व्यक्तिको मनबाट आउने पर्ने विषय हो’ -आयुक्त सुधीरकुमार शाहले भन्नुभयो। लोकतन्त्रको सुदृढीकरणका लागि आचारसंहिता पालना अत्यावश्यक रहेको छ।

निर्वाचन आचारसंहिता पालना गराउन आयोग चुकेकोमा निर्वाचन पर्यवेक्षण गर्ने संस्था र नागरिक समाजले आयोगको ध्यानाकर्षण गराउँदै आएको छ।

### अधिकांश...

विभागले सन् २०१० को डिसेम्बर महिनापछि गत अक्टोबर अन्तिमसम्ममा ५० लाख ६२ हजार ९ सय वटा मेसिन रिडेबल पासपोर्ट (एमआरपी) जारी गरेको छ। त्यसमध्ये ३ हजार ७ सय ५ कूटनीतिक राहदानी जारी भएको निर्देशक पौडेलले जानकारी दिनुभयो।

गत असोज २६ गते संसद् विघटन भएलगत्तै केही सांसदले व्यवस्थापिका संसद्बाट प्राप्त रातो पासपोर्ट संसद् सचिवालयको सांसद सुविधा शाखालाई बुझाएका थिए। रातो पासपोर्ट फिर्ता गर्ने पहिलो सूचीमा नेपाली कांग्रेसका तत्कालीन सांसद रामहरि खतिवडा रहनुभएको छ। उहाँले संसद् विघटन भएको ४ दिनपछि गत असोज ३० गते सुविधाको पासपोर्ट बुझाउनुभएको थियो। खतिवडासहित असोज मसान्तसम्ममा करिब १ दर्जन पूर्वसांसदले पासपोर्ट बुझाएको सचिवालय स्रोतले जनाएको छ।

**रातो पासपोर्टको सुविधा लिनेहरू**

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, संसद्का सभामुख, उपप्रधानमन्त्री, मन्त्री, संसद्मा विपक्षी दलका नेता, उपसभामुख, राज्यमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपतिहरूले रातो पासपोर्ट प्रयोग गर्न पाउने प्रावधान छ। त्यसै गरी सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, सहायक मन्त्री, संसद्का सदस्य, संवैधानिक निकायका प्रमुख, महान्यायाधिवक्ता, मुख्य सचिव, प्रधानसेनापति, संसद्का महासचिवले पनि सो सुविधा लिने गर्छन्।

राहदानी विभागकाअनुसार यस्तो सुविधा पाउने अन्य विशिष्ट अधिकारीहरूमा पुनरावेदन अदालतका मुख्य न्यायाधीश, राष्ट्रिय योजना आयोगका सदस्य, संवैधानिक निकायका पदाधिकारी, राष्ट्र बैंकका गभर्नर, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष तथा कुलपति र प्रज्ञा-प्रतिष्ठानका उपकुलपति पनि छन्। राजपत्रांकित विशिष्ठ श्रेणीका अधिकृत/कर्मचारी, पुनरावेदन अदालतका न्यायाधीश, सबै सुरक्षा निकायका विशिष्ट श्रेणीका अधिकृत, नेपाली राजदूत, विदेशस्थित नेपाली नियोगका प्रमुख र उनीहरूका परिवारले पनि कूटनीतिक राहदानी प्रयोग गर्न पाउँछन्।

यस्तो सुविधा जिल्ला समन्वय समितिका निर्वाचित सभापति र महानगरपालिकाका मेयर, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीहरूको विदेश भ्रमणमा संलग्न रहने भ्रमण दलका सदस्यले पनि लिन सक्ने विभागले जनाएको छ। त्यसै गरी अधिकतम ५ वर्षको म्याद तोकेर पूर्वराष्ट्रपति, पूर्व उपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, संसदका पूर्वसभामुख, पूर्वपरराष्ट्रमन्त्रीलाई पनि कूटनीतिक राहदानी जारी गर्न सकिने विभागका अधिकारीहरू बताउँछन्। विभिन्न सरकारी निकायबाट सिफारिससहित कूटनीतिक राहदानी माग गरिएको अवस्थामा मात्रै त्यस्ता व्यक्तिहरूका नाममा रातो पासपोर्ट जारी गरिने विभागका एक अधिकारीले प्रस्ट्याए।

### डेंगुका...

उहाँका अनुसार यो वर्ष स्वास्थ्य मन्त्रालयले जोखिम नियन्त्रणका लागि ३५ जिल्लामा बजेटसमेत छुट्ट्याएको छ।

जोखिम नियन्त्रणका लागि सरकारले डेंगु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने काम गरिरहेको बताएको छ। डेंगु ज्वरो रोगको प्रकोप रोकथाम तथा नियन्त्रणअन्तर्गत बजार क्षेत्रमा पानी राख्ने भाँडा, ट्यांकी, खाल्डाखुल्डी पुर्ने र पानीमा लामखुट्टेको बसाइँ रहे नरहेको हेरी नष्ट गर्ने कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयका प्रवक्ता डा. गिरीले बताउनुभयो। गत आर्थिक वर्ष १ हजार ५ सय २९ जनामा डेंगु भेटिएको थियो भने २ जनाको ज्यान गएको थियो। यो वर्ष भने यो रोगले अहिलेसम्म कोही पनि नमरेको मन्त्रालयको दाबी छ।

डेंगु एक प्रकारको ज्वरो हो, जुन रोग ‘एडिस एप्टिई’ जातको संक्रामक पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्छ। यो संक्रामक सरुवा रोग हो। यो रोग सार्ने लामखुट्टे शहरोन्मुख क्षेत्रमा बढी पाइने भएकाले शहरी रोग पनि भन्ने गरिन्छ। यस जातको लामखुट्टेले स-साना सफा पानी जमेका स्थानमा अन्डा पार्ने गर्दछ।

खास गरी वर्षाको पानी जम्ने टिनका डब्बाहरू, रंगका खाली डब्बाहरू, थोत्रा टायरहरू, मट्टितेलका खाली ड्रमहरू, फूलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा यसले फुल पार्दछ। यस लामखुट्टेले धेरैजसो दिउँसो मात्र टोक्ने बताइएको छ।

एक्कासि उच्च ज्वरो आउनु, धेरै टाउको दुख्नु, आँखाको गेडी तथा पछिल्लो भाग दुख्नु, ढाड जोर्नी तथा मांसपेशीहरू दख्नु, शरीरमा बिमिरा आउने, रक्तश्राव हुने लक्षण देखा परेको खण्डमा डेंगु ज्वरो भएको शंका गर्न सकिने शुक्रराज ट्रपिकल टेकु अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- ‘डेंगुविरुद्ध हालसम्म कुनै भ्याक्सिन आएको छैन। वैज्ञानिकहरूले खोज अनुसन्धान गरिरहेका छन्।’ २००६ मा भारतबाट आएका एक जनामा डेंगु रोग भेटिएको थियो। सन् २००६ मा काठमाडौंमा पहिलो डेंगु रोगी फेला परेका थिए।



# अर्थ

2017, NOV
Tuesday
21

यस दिन एभरेस्ट बैंकको शेयरको सबैभन्दा बढी कारोबार भएको छ। बैंकका २ करोड ६७ लाख रुपियाँभन्दा बढीको शेयर किनबेच भएको छ। त्यस्तै सिभिल बैंकको पनि २ करोड ५३ लाख रुपियाँको कारोबार भयो।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ मंसिर ५ नोभेम्बर २१ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।८८ | १०४।४८ |
| युरो १ का रु. | १२२।४६ | १२३।१७ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३७।६७ | १३८।४६ |
| स्विस फ्रन्क १ का रु. | १०४।९४ | १०५।५५ |
| अस्ट्रेलियन डलर १ का रु. | ७८।५२ | ७८।९७ |
| क्यानाडियन डलर १ का रु. | ८१।२५ | ८१।७२ |
| सिङ्गापुर डलर १ का रु. | ७६।६३ | ७७।०७ |
| जापानी यन १० का रु. | ९।२६ | ९।३२ |
| चिनियाँ युआन १ का रु. | १५।६६ | १५।७५ |
| साउदी अरब रियाल १ का रु. | २७।७० | २७।८६ |
| कतारी रियाल १ का रु. | २८।५३ | २८।६९ |
| थाई भाट १ का रु. | ३।१७ | ३।१९ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।२८ | २८।४४ |
| मलसियन रिङ्गिट १ का रु. | २५।०३ | २५।१८ |
| दक्षिण कारियन वन १०० का रु. | ९।४७ | ९।५३ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।३१ |
| डनिस क्रानर १ का रु. | १६।४६ |
| हङकङ डलर १ का रु. | १३।३० |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# बूढीगण्डकीको निर्णय वाम गठबन्धनले उल्टाउने

नेपाल समाचारपत्र
काठमाडौं

देशको आर्थिक उन्नतीमा राजनीतिक दलहरूको साझा दृष्टिकोण खाँचो रहेको प्रमुख राजनीतिक दलका नेताले बताएका छन्। आर्थिक उन्नतीका लागि दलहरूबीच साझा संकल्प र उद्देश्य हुनुपर्ने उनीहरूको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासंघले सोमबार आयोजना गरेको राष्ट्रिय आर्थिक बहसअन्तर्गत 'अबको संकल्प आर्थिक समृद्धि' विषयक अन्तर्क्रियामा प्रमुख राजनीतिक दलहरूले उक्त साझा प्रतिबद्धता व्यक्त गरेका हुन्।

राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा उल्लेख गरेका आर्थिक एजेन्डालाई निर्वाचनपश्चात् कार्यान्वयनमा लैजान दलहरूबाट प्रतिबद्धता गराउनको लागि महासंघले प्रमुख दललाई एउटै मञ्चमा उपस्थित गराएको थियो।

कार्यक्रममा पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले महत्त्वाकांक्षी भए पनि तीव्र विकासको लागि ढिलो हिँडेर नपुगिने भन्दै देशको विकास गर्नको लागि अब विज्ञान प्रविधिको प्रयोग गरेर तीव्र गतिमै विकास गर्नुपर्न बताउनुभयो। अध्यक्ष ओलीले बूढीगण्डकी जलविद्युत् आयोजना चिनियाँ कम्पनीलाई दिने निर्णय उल्ट्याएर विदेशी लगानीलाई हतोत्साही गरेको भन्दै चुनावपछि बन्ने वाम सरकारले त्यसलाई पुनारावलोकन गर्ने बताउनुभयो।

'सरकारको ध्यान शान्ति सुव्यवस्था कायम गर्नेतर्फ नभएर लाभका आधारमा लाइसेन्स खारेज गर्ने र दिने काम भएको छ, यस्ता कामको आगामी सरकारले सच्याएर आफ्नो दल अगाडि बढ्छ।' ओलीले भन्नुभयो। एकाधिकार बजारलाई संरक्षण गर्ने गरी भएका सम्झौता पनि पुनरावलोकन गरिने ओलीको भनाइ थियो।

एमाले अध्यक्ष केपी ओलीले बूढीगण्डकी जलविद्युत् आयोजना चिनियाँ कम्पनीलाई दिने निर्णय उल्ट्याएर विदेशी लगानीलाई हतोत्साही गरेको भन्दै चुनावपछि बन्ने वाम सरकारले त्यसलाई पुनारावलोकन गर्ने बताउनुभयो।

चुनावपछि वाम सरकार बन्ने र त्यसले एकात्मक बजारलाई संरक्षण गर्ने किसिमका सम्झौताहरू कायम नराख्ने दाबी गर्दै ओलीले विलासिताका उपभोग्य सामानमा बढी कर र प्रवर्द्धनका सामग्रीमा कम करको समेत व्यवस्था हुने बताउनुभयो।

विश्वमा लामो समय लगाएर गरिएको विकासभन्दा छोटो समयमा गरिएको विकासले गति लिएको भन्दै वामगठवन्धबाट सार्वजनिक भएको घोषणा सोही अनुरूपको सिद्धान्तमा आधारित रहेको ओलीको जिकिर थियो। कृषिको आधुनिकीकरणबाट नै रोजगारीमा वृद्धि हुने भएकाले कृषिमा प्रोत्साहन गर्नेतर्फ लाग्नुपर्ने बताउनुभयो।

उक्त कार्यक्रममा नेकपा माओवादी केन्द्रका नेता कृष्णबहादुर महराले नेपालको आर्थिक उन्नतीका लागि राजनीतिक, आर्थिक स्थायीत्व आवश्यक रहेको भन्दै नयाँ संविधानको मर्म, भावना र मान्यतालाई न्याय गर्न सकेमा देशको आर्थिक समृद्धिमा हुने बताउनुभयो। स्वच्छ प्रतिस्पर्धा, अन्तर्राष्ट्रिय 'कनेक्टिभिटि' आन्तरिक उत्पादनमा पार्टीको जोड रहेको भन्दै संविधानमा उल्लेख गरे बमोजिम अबको समय आर्थिक विकास रहेको बताउनुभयो।

त्यस्तै नेपाली कांग्रेसका नेता डा. रामशरण महतले सुशासन कायम गर्न नसक्दा मुलुकको आर्थिक विकासको हुन नसकेको बताउनुभयो। पूर्वाधार निर्माणमा जोड दिनुपर्ने बताउनु हुँदै प्रतिस्पर्धाको आधारमा ठूला आयोजनाको ठेक्का दिनुपर्ने मान्यताविपरीत बूढीगण्डकी आयोजनाको ठेक्का दिइएकाले खारेज गरिएको बताउनुभयो।

संघीय समाजवादी फोरमका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले प्रमुख दलले विगत २५ वर्षदेखि जनतालाई आश्वासनमात्रै देखाउने गरेको आरोप लगाउँदै नयाँ आर्थिक एजेन्डासहितको आर्थिक कार्ययोजनाको खाँचो रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ अध्यक्ष भवानी राणाले अबको आर्थिक विकासलाई अगाडि बढाउने जिम्मा राजनीति दलहरूको काँधमा भएकाले नीतिगत सुधार गरेर लगानीमैत्री वातावरण बनाउन आग्रह गर्नुभयो।

## SHARE MARKET

20 NOVEMBER MONDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 4579.00 | 422.00 | 418.00 | 421.00 | 1.00 |
| 2 | Api Power Company Ltd. | 2341.00 | 490.00 | 481.00 | 481.00 | -6.00 |
| 3 | Arun Finance Limited | 1400.00 | 162.00 | 154.00 | 162.00 | 11.00 |
| 4 | Arun Kabeli Power Ltd. | 2051.00 | 338.00 | 330.00 | 336.00 | 1.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5960.00 | 206.00 | 199.00 | 200.00 | -4.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1381.00 | 1410.00 | 1392.00 | 1410.00 | 17.00 |
| 7 | Bank of Kathmandu Ltd. | 31209.00 | 404.00 | 400.00 | 404.00 | 2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 60.00 | 197.00 | 192.00 | 195.00 | -6.00 |
| 9 | Best Finance Company Ltd. | 300.00 | 133.00 | 131.00 | 131.00 | -4.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 1487.00 | 178.00 | 175.00 | 175.00 | 0.00 |
| 11 | Bishal Bazar Company Limited | 2140.00 | 1985.00 | 1885.00 | 1885.00 | -137.00 |
| 12 | Butwal Power Company Limited | 650.00 | 615.00 | 610.00 | 615.00 | 0.00 |
| 13 | Century Commercial Bank Ltd. | 19943.00 | 217.00 | 214.00 | 215.00 | -1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1178.00 | 1120.00 | 1080.00 | 1094.00 | -16.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 60.00 | 178.00 | 176.00 | 176.00 | 1.00 |
| 16 | Chilime Hydropower Company Limited | 8351.00 | 842.00 | 821.00 | 827.00 | -8.00 |
| 17 | Citizen Bank International Limited | 7327.00 | 293.00 | 288.00 | 292.00 | 1.00 |
| 18 | Citizen Investment Trust | 1167.00 | 3560.00 | 3519.00 | 3520.00 | -15.00 |
| 19 | Civil Bank Ltd | 112036.00 | 231.00 | 225.00 | 227.00 | 0.00 |
| 20 | Civil Bank Ltd Promoter Share | 70440.00 | 131.00 | 131.00 | 131.00 | 0.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 1065.00 | 1065.00 | 1065.00 | 20.00 |
| 22 | Deprosc Development Bank Limited | 647.00 | 1122.00 | 1109.00 | 1119.00 | -3.00 |
| 23 | Deva Bikas Bank Limited | 2593.00 | 191.00 | 187.00 | 190.00 | 2.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 199.00 | 144.00 | 141.00 | 144.00 | -1.00 |
| 25 | Everest Bank Limited | 23361.00 | 1155.00 | 1143.00 | 1145.00 | -3.00 |
| 26 | Everest Insurance Co. Ltd. | 1030.00 | 2485.00 | 2470.00 | 2480.00 | -10.00 |
| 27 | Excel Development Bank Ltd. | 13276.00 | 504.00 | 493.00 | 495.00 | 5.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 6010.00 | 806.00 | 795.00 | 798.00 | -12.00 |
| 29 | Forward Community Mic. Bittiya San. Ltd. | 292.00 | 3335.00 | 3329.00 | 3330.00 | 19.00 |
| 30 | Gandaki Bikas Bank Limited | 8671.00 | 326.00 | 318.00 | 326.00 | 6.00 |
| 31 | Garima Bikas Bank Limited | 11374.00 | 242.00 | 238.00 | 239.00 | 1.00 |
| 32 | Global IME Bank Limited | 3287.00 | 320.00 | 309.00 | 316.00 | 1.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 21000.00 | 10.00 | 9.95 | 9.95 | 0.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 858.00 | 173.00 | 164.00 | 173.00 | 3.00 |
| 35 | Green Development Bank Ltd. | 1238.00 | 508.00 | 471.00 | 508.00 | 46.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 151.00 | 190.00 | 190.00 | 190.00 | -2.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 3375.00 | 960.00 | 935.00 | 935.00 | -15.00 |
| 38 | Gurkhas Finance Ltd. Promoter Share | 65016.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 39 | Gurkhas Finance Ltd. | 3854.00 | 159.00 | 157.00 | 157.00 | -2.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 40.00 | 182.00 | 182.00 | 182.00 | -3.00 |
| 41 | Himalayan Bank Limited | 1794.00 | 847.00 | 836.00 | 836.00 | -11.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 4447.00 | 700.00 | 660.00 | 660.00 | -45.00 |
| 43 | Himalayan Power Partner Ltd. | 2130.00 | 348.00 | 343.00 | 347.00 | 0.00 |
| 44 | ICFC Finance Limited | 156.00 | 216.00 | 215.00 | 215.00 | -1.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 4741.00 | 179.00 | 177.00 | 179.00 | 2.00 |
| 46 | Janaki Finance Ltd. | 2069.00 | 242.00 | 237.00 | 242.00 | -3.00 |
| 47 | Janata Bank Nepal Ltd. | 20573.00 | 233.00 | 230.00 | 232.00 | 0.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 50.00 | 3450.00 | 3450.00 | 3450.00 | 12.00 |
| 49 | Jyoti Bikas Bank Limited | 7433.00 | 178.00 | 173.00 | 173.00 | -2.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 3438.00 | 241.00 | 237.00 | 241.00 | -3.00 |
| 51 | Kalika Microcredit Development Bank Ltd. | 531.00 | 1549.00 | 1501.00 | 1531.00 | -49.00 |
| 52 | Kamana Sewa Bikas Bank Limited | 3732.00 | 197.00 | 195.00 | 195.00 | 0.00 |
| 53 | Kanchan Development Bank Limited | 1252.00 | 230.00 | 229.00 | 230.00 | -3.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 70.00 | 189.00 | 186.00 | 189.00 | 6.00 |
| 55 | Karnali Development Bank Limited | 290.00 | 249.00 | 245.00 | 249.00 | -1.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 124.00 | 157.00 | 154.00 | 155.00 | -5.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 316.00 | 2150.00 | 2100.00 | 2100.00 | -93.00 |
| 58 | Kuber Merchant Finance Limited | 350.00 | 191.00 | 191.00 | 191.00 | 3.00 |
| 59 | Kumari Bank Limited | 29733.00 | 294.00 | 289.00 | 290.00 | -3.00 |
| 60 | Lalitpur Finance Ltd. | 2442.00 | 182.00 | 176.00 | 177.00 | -2.00 |
| 61 | Laxmi Bank Limited | 3209.00 | 301.00 | 296.00 | 299.00 | -1.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 333.00 | 1326.00 | 1299.00 | 1326.00 | 46.00 |
| 63 | Laxmi Value Fund-1 | 7000.00 | 11.60 | 11.60 | 11.60 | -0.05 |
| 64 | Life Insurance Co. Nepal | 2053.00 | 1955.00 | 1922.00 | 1950.00 | 5.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 1521.00 | 198.00 | 194.00 | 194.00 | -3.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 3905.00 | 775.00 | 760.00 | 760.00 | -10.00 |
| 67 | Machhapuchhre Bank Limited | 19561.00 | 282.00 | 278.00 | 281.00 | 3.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 9937.00 | 209.00 | 205.00 | 205.00 | -5.00 |
| 69 | Mahalxmi Bikas Bank Ltd. Pro. Share | 25000.00 | 121.00 | 121.00 | 121.00 | 0.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 386.00 | 960.00 | 930.00 | 932.00 | -22.00 |
| 71 | Manjushree Finance Ltd. | 3226.00 | 141.00 | 138.00 | 141.00 | 2.00 |
| 72 | Mega Bank Nepal Ltd. Promoter Share | 3287.00 | 260.00 | 260.00 | 260.00 | 0.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 211.00 | 1430.00 | 1410.00 | 1412.00 | -13.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 28.00 | 2517.00 | 2517.00 | 2517.00 | -29.00 |
| 75 | Mission Development Bank Ltd. | 222.00 | 280.00 | 280.00 | 280.00 | -5.00 |
| 76 | Miteri Development Bank Limited | 1505.00 | 480.00 | 465.00 | 465.00 | -18.00 |
| 77 | Mithila LaghuBitta Bikas Bank Ltd. | 557.00 | 1147.00 | 1125.00 | 1144.00 | 28.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 6009.00 | 558.00 | 547.00 | 558.00 | 8.00 |
| 79 | Multipurpose Finance Company Limited | 1620.00 | 295.00 | 280.00 | 287.00 | 12.00 |
| 80 | Nabil Balance Fund 1 | 9780.00 | 17.20 | 16.85 | 17.20 | 0.14 |
| 81 | Nabil Bank Limited | 11937.00 | 1157.00 | 1140.00 | 1140.00 | -28.00 |
| 82 | NABIL Bank Limited Promotor Share | 590.00 | 865.00 | 850.00 | 865.00 | 13.00 |
| 83 | Nabil Equity Fund | 8062.00 | 10.30 | 10.21 | 10.25 | 0.05 |
| 84 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 462.00 | 3580.00 | 3550.00 | 3580.00 | 29.00 |
| 85 | National Hydro Power Company Limited | 13950.00 | 117.00 | 115.00 | 116.00 | -1.00 |
| 86 | National Life Insurance Co. Ltd. | 3225.00 | 1673.00 | 1649.00 | 1649.00 | -31.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 120.00 | 2950.00 | 2870.00 | 2870.00 | -71.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 110.00 | 2430.00 | 2400.00 | 2430.00 | 30.00 |
| 89 | NB Insurance Co. Ltd. | 325.00 | 1084.00 | 1030.00 | 1063.00 | 20.00 |
| 90 | Neco Insurance Co. Ltd. | 249.00 | 880.00 | 870.00 | 870.00 | -9.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 12962.00 | 280.00 | 276.00 | 276.00 | -7.00 |
| 92 | Nepal Bank Limited | 20218.00 | 346.00 | 342.00 | 345.00 | 1.00 |
| 93 | Nepal Community Development Bank Ltd. | 450.00 | 161.00 | 159.00 | 161.00 | 0.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 16358.00 | 344.00 | 332.00 | 340.00 | -1.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 5195.00 | 845.00 | 835.00 | 845.00 | 2.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 7111.00 | 646.00 | 633.00 | 639.00 | -4.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 1770.00 | 275.00 | 251.00 | 253.00 | -25.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 1509.00 | 1425.00 | 1390.00 | 1425.00 | 2.00 |
| 99 | Nepal Investment Bank Limited | 18217.00 | 659.00 | 636.00 | 650.00 | 0.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 10.00 | 582.00 | 582.00 | 582.00 | 11.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 8911.00 | 1904.00 | 1884.00 | 1889.00 | 13.00 |
| 102 | Nepal SBI Bank Limited | 4597.00 | 731.00 | 723.00 | 731.00 | 1.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 550.00 | 1001.00 | 1000.00 | 1000.00 | -20.00 |
| 104 | Ngadi Group Power Ltd. | 50.00 | 237.00 | 230.00 | 237.00 | 7.00 |
| 105 | NIBL Pragati Fund | 3990.00 | 10.10 | 10.00 | 10.05 | -0.05 |
| 106 | NIC Asia Bank Ltd. | 27602.00 | 352.00 | 344.00 | 345.00 | -5.00 |
| 107 | Nirdhan Utthan Bank Limited | 3513.00 | 2250.00 | 2224.00 | 2224.00 | -31.00 |
| 108 | NLG Insurance Company Ltd. | 146.00 | 1500.00 | 1456.00 | 1465.00 | -10.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 156.00 | 1754.00 | 1720.00 | 1720.00 | -34.00 |
| 110 | NMB Bank Limited | 6428.00 | 470.00 | 465.00 | 465.00 | -5.00 |
| 111 | NMB Hybrid Fund L-1 | 127840.00 | 10.05 | 10.00 | 10.02 | -0.03 |
| 112 | Om Development Bank Ltd. | 12596.00 | 268.00 | 264.00 | 265.00 | -8.00 |
| 113 | Oriental Hotels Limited | 1520.00 | 630.00 | 619.00 | 630.00 | -5.00 |
| 114 | Pokhara Finance Ltd. | 307.00 | 217.00 | 212.00 | 214.00 | -1.00 |
| 115 | Prabhu Bank Limited | 8597.00 | 348.00 | 340.00 | 343.00 | 0.00 |
| 116 | Prabhu Bank Limited Promoter Share | 85000.00 | 170.00 | 170.00 | 170.00 | -2.00 |
| 117 | Prabhu Insurance Ltd. | 2445.00 | 907.00 | 865.00 | 865.00 | -10.00 |
| 118 | Premier Insurance Co. Ltd. | 302.00 | 1440.00 | 1420.00 | 1440.00 | 9.00 |
| 119 | Prime Commercial Bank Ltd. | 14464.00 | 437.00 | 430.00 | 430.00 | -4.00 |
| 120 | Prime Life Insurance Company Limited | 2038.00 | 1815.00 | 1770.00 | 1770.00 | -20.00 |
| 121 | Prudential Insurance Co. Ltd. | 2675.00 | 1150.00 | 1128.00 | 1150.00 | 0.00 |
| 122 | Purnima Bikas Bank Ltd. | 545.00 | 290.00 | 285.00 | 286.00 | -4.00 |
| 123 | Rastriya Beema Company Limited | 265.00 | 16340.00 | 15860.00 | 16000.00 | -20.00 |
| 124 | Rastriya Beema Co. Limited Pro. Share | 425.00 | 15010.00 | 14760.00 | 14760.00 | -240.00 |
| 125 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 179.00 | 1492.00 | 1463.00 | 1492.00 | 30.00 |
| 126 | Reliance Finance Ltd. | 2275.00 | 191.00 | 186.00 | 189.00 | 5.00 |
| 127 | Ridi Hydropower Dev. Company Ltd. | 465.00 | 157.00 | 151.00 | 156.00 | -1.00 |
| 128 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 216.00 | 1250.00 | 1235.00 | 1240.00 | 4.00 |
| 129 | Rural Microfinance Dev. Centre Ltd. | 386.00 | 690.00 | 678.00 | 678.00 | -7.00 |
| 130 | Sagarmatha Insurance Co. Ltd. | 1636.00 | 1374.00 | 1325.00 | 1325.00 | -52.00 |
| 131 | Sahayogi Bikas Bank Limited | 890.00 | 280.00 | 275.00 | 275.00 | 0.00 |
| 132 | Sana Kisan Bikas Bank Ltd | 1747.00 | 1490.00 | 1466.00 | 1480.00 | -5.00 |
| 133 | Sanima Bank Limited | 10819.00 | 348.00 | 343.00 | 347.00 | 0.00 |
| 134 | Sanima Mai Hydropower Ltd. | 9720.00 | 510.00 | 502.00 | 507.00 | -3.00 |
| 135 | Saptakoshi Development Bank Ltd. | 204.00 | 170.00 | 168.00 | 170.00 | -1.00 |
| 136 | Shangrila Development Bank Ltd. | 1189.00 | 354.00 | 348.00 | 350.00 | 2.00 |
| 137 | Shikhar Insurance Co. Ltd. | 1053.00 | 1759.00 | 1739.00 | 1739.00 | 14.00 |
| 138 | Shine Resunga Development Bank Ltd. | 158.00 | 390.00 | 385.00 | 385.00 | -5.00 |
| 139 | Shree Investment Finance Co. Ltd. | 3500.00 | 436.00 | 426.00 | 426.00 | -18.00 |
| 140 | Shrijana Finance (Bittaya Sanstha) | 1055.00 | 521.00 | 482.00 | 491.00 | -40.00 |
| 141 | Siddhartha Bank Limited | 4562.00 | 380.00 | 375.00 | 377.00 | -3.00 |
| 142 | Siddhartha Equity Orineted Scheme | 5898.00 | 12.45 | 12.45 | 12.45 | 0.05 |

Total Amount Rs. 397,722,393 Total Quantity 1,152,540 Total No of Transactions 4,688

# आयातित चिनीको भन्सार शुल्क बढाउने तयारी

हेमन्त जोशी, काठमाडौं

कृषि विकास मन्त्रालयले विदेशबाट आयात गरिने चिनीमा भन्सार शुल्क बढाउन विभिन्न निकायसँग छलफल थालेपछि चिनीको मूल्य बढ्न सक्ने सम्भावना देखिएको छ। स्वदेशमै उत्पादित उखुको बजार सुनिश्चित गर्न र आन्तरिक उत्पादनलाई बढावा दिन भन्दै मन्त्रालयले वाणिज्य, आपूर्ति, उद्योग र अर्थ मन्त्रालयसँग सो विषयमा छलफल गरिरहेको छ।

यसअघि नेपाल चिनी उद्योग संघले मन्त्रालयसँग पटक-पटक आयातित चिनीमा ५० प्रतिशतसम्म महशुल वृद्धिका लागि माग राख्दै आएको थियो। संघले राख्दै आएको मागप्रति अन्य मन्त्रालयसँग समन्वय गर्न कृषि विकास मन्त्रालयले भूमिका खेलिरहेको छ। गत कार्तिक ८ गते कृषि मन्त्रालयमा पत्र पठाउँदै संघले गरेको आग्रहप्रति कृषि मन्त्रालय सकारात्मक देखिएको छ भने अन्य सम्बन्धित मन्त्रालयमा पनि सो विषयमा पत्राचार गरेको छ। हाल चिनीमा लाग्दै आएको १५ प्रतिशत आयात महशुललाई संघले ५० प्रतिशत बढाउन माग गरे पनि ३५ प्रतिशतसम्म बढाउन मन्त्रालयहरूबीच छलफल भइरहेको आपूर्ति मन्त्रालयका एक उच्च अधिकारीले बताए।

नेपालको कुल खपतमध्ये ६० प्रतिशत चिनी आयात हुँदै आएको छ। यसमा ३५ प्रतिशतसम्म भन्सार शुल्क लगाउँदा प्रतिकिलो चिनीको मूल्य सय रुपियाँभन्दा बढी हुने दाबी गरिएको छ, जसको प्रत्यक्ष असर उपभोक्तामा पर्छ।

चिनीको आयात महशुल यथाशिघ्र कम्तिमा ५० प्रतिशतसम्म पुऱ्याउने नेपाल चिनी उद्योग संघको मागमा कृषि विकास मन्त्रालयले उखु कृषक तथा चिनी उद्योगहरूको संरक्षण गर्नुपर्ने भन्दै अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय र आपूर्ति मन्त्रालयमा चिठीसमेत पठाएको छ। कृषि विकास मन्त्रालयले पठाएको उक्त पत्रमा अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्यमा भारी गिरावट आएको र यसले गर्दा नेपालका स्वदेशी चिनी उद्योगले अन्तर्राष्ट्रिय बजारको चिनीसँग प्रतिस्पर्धा गर्न नसकी धराशयी हुने अवस्था देखिएका कारण महशुल बृद्धि गर्नुपर्ने जनाइएको छ। 'भारतलगायत अन्य मुलुकबाट नेपालमा आयात हुने चिनीको हाल कायम रहेको आयात महशुल १५ प्रतिशतबाट वृद्धि गरी ५० प्रतिशत पुऱ्याउनुपर्ने नेपाल चिनी उद्योग संघको माग जायज देखिएकाले कार्तिक १५ मा सचिवस्तरको निर्णयअनुसार सोका लागि आवश्यक व्यवस्था हुन सिफारिस गरिएको छ।' कृषि विकास मन्त्रालयले पठाएको पत्रमा उल्लेख छ।

कृषि विकास मन्त्रालयका सहसचिव सुरेशबाबु तिवारीका अनुसार नेपालका उखु उत्पादक किसानको संरक्षण गरी स्वदेशी कृषिजन्य उद्योगलाई धराशयी हुनबाट जोगाउन मन्त्रालयले आयात शुल्क वृद्धिका लागि पहल गरेको हो। तर, चिनी उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उखुको आयात रोख्ने वा शुल्क बढाउने विषयमा भने मन्त्रालयले चासो देखाएको छैन। भारतबाट अवैध रूपमा उखु नेपाल भित्रिदा आन्तरिक उत्पादन खपतका समस्या देखिने गरेको छ।

नेपालमा उत्पादित चिनीले कुल मागको करिब ४० प्रतिशत माग धान्दै आएको छ। ६० प्रतिशत आयातित चिनीमा ३५ प्रतिशतसम्म भन्सार शुल्क लगाउँदा प्रतिकिलो चिनीको मूल्य सय रुपियाँभन्दा बढी हुने दाबी गरिएको छ। जसको प्रत्यक्ष असर उपभोक्तामा पर्छ। चालू आर्थिक वर्षमा नेपालमा उखुको उत्पादन करिब २५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको भए पनि भारतलगायत तेस्रो मुलुकबाट सस्तो चिनी आयात गरिँदा स्वदेशी चिनीको बिक्री वितरणमा प्रतिकुल असर पर्ने देखिन्छ।

कृषि विकास मन्त्रालयले महशुल वृद्धि गर्नुपर्ने अर्को कारणमा स्थानीय चिनी उद्योगहरूले उखु कृषकबाट उखु नकिन्ने सम्भावना रहेकाले उखु कृषकलाई राहत दिन उक्त कदम चाल्न लागेको बुझिएको छ। यस वर्ष भारतले पनि चिनीको आयात महशुल वृद्धि गरी ५० प्रतिशत पुऱ्याएको छ।



# नेप्सेमा पुनः गिरावट

काठमाडौं, (नेस)

नेप्से परिसूचक घट्ने क्रमले सोमबार पनि निरन्तरता पाएको छ। साताको पहिलो दिन आइतबार १३ दशमलव ३४ अंकले घटेको बजारमा सोमबार पनि ६ दशमलव ५६ अंकको गिरावट आएको हो।

सोमबार १ हजार ४ सय ७५ दशमलव ७५ अंकबाट शुरू भएको बजार १ हजार ४ सय ६९ दशमलव १६ को बिन्दुमा पुगेर बन्द भएको हो। नेप्से परिसूचक घटेसँगै सोमबार कारोबार रकममा पनि कमी आएको छ। सोमबार बजारमा ३९ करोड ७७ लाख २२ हजार ३ सय ९३ रुपियाँको कारोबार भएको छ। यसैक्रममा १ सय ६० कम्पनीका ११ लाख ५३ हजार ५ सय ४० कित्ता शेयर किनबेच भए। आइतबार ४५ करोड ५२ लाख रुपियाँको शेयर किनबेच भएको थियो।

नेप्से परिसूचक घट्दा सोमबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि १ दशमलव ५२ अंकले घटेर ३ सय ९ दशमलव शून्य ८ अंकमा पुगेको छ। सोमबार शेयर बजारमा नौ वटा समूह कारोबारमा आएका थिए। तीमध्ये अन्यबाहेक सबै समूह घटेका छन्। सोमबार अन्य समूह शून्य दशमलव ३५ प्रतिशतले बढ्यो।

घट्नेमा ट्रेडिङ समूह सर्वाधिक ५ दशमलव ३८ प्रतिशतले घट्यो। त्यस्तै होटल समूह समूह १ दशमलव शून्य २ र जलविद्युत् समूह शून्य दशमलव ७४ प्रतिशतले घट्दा लघुवित्त, वित्त, बैंकिङ र बीमा समूह पनि क्रमशः शून्य दशमलव ६१, शून्य दशमलव ५६, शून्य दशमलव ५५ र शून्य दशमलव ३७ प्रतिशतले घटे।

# ज्वेल्स् सहकारीको आठौं वार्षिकोत्सव सम्पन्न




ललितपुर, (नेस)

सुनचाँदी, आभूषणसम्बन्धी व्यवसायीलाई लक्षित गरी स्थापित ज्वेल्स् बचत तथा ऋण सहकारी संस्थाको आठौं वार्षिकोत्सव सम्पन्न भयो।

ललितपुरको पाटनढोकामा आयोजित सो सभाको ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले उद्घाटन गर्नुभएको थियो। मेयर महर्जनले सहकारी क्षेत्र नाफामुखी मात्र नभई समाजको आर्थिकस्तर उकास्ने र सामाजिक उत्तरदायित्वको भावनाले अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा संस्थाका अध्यक्ष किरणभाई बज्राचार्यले केही खराब सहकारीलाई नियन्त्रण गर्ने नाममा समग्र सहकारी क्षेत्रलाई संकुचन गर्ने कार्य सहैय नहुने बताउनुभयो। उहाँले राम्रा सहकारी क्षेत्रको साथ र सहयोग लिएर नै सहकारी क्षेत्रमा देखिएको विकृत विसंगति हटाउनुपर्नेमा पनि जोड दिनुभयो।

त्यस्तै संस्थाका कोषाध्यक्ष प्रज्ञाराज शाक्यले संस्थाले विभिन्न उपलब्धिसँगै तरलता व्यवस्थापन, विकेन्द्रीकृत एवम् सुरक्षित कर्जा प्रवाह क्षेत्र पहिचान, कार्य क्षेत्रको विस्तार, सदस्य एवम् कारोबारको वृद्धि गर्नुपर्ने, जोखिमयुक्त कर्जा असुली रहेको बताउनुभयो।

गत आर्थिक वर्षमा संस्थाले २९ करोड २९ लाख ४३ हजार २ सय बचत संकलन गरेको जनाएको छ। साथै संस्थाको शेयर पुँजी १ करोड ८५ लाख ८९ हजार र ३ सय रहेको र सोही वर्षमा २६ करोड ४३ लाख २८ हजार ५ सय १९ रुपियाँ ऋण प्रवाह भएको जनाइएको छ।




आर्थिक वर्ष २०७२/७३ मा ग्रुपले कुल राजस्वमा १ दशमलव ४८ प्रतिशत योगदान गरेको र गत आर्थिक वर्षमा १ दशमलव ५९ प्रतिशत योगदान गरेको दाबी गरेको छ।

# चौधरी ग्रुपले पौने ८ अर्ब राजस्व तिर्‍यो



काठमाडौं, (नेस)

नेपालका एक मात्र डलर अर्बपति विनोद चौधरीले नेतृत्व गरेको औद्योगिक समूह चौधरी ग्रुपले सरकारलाई आफ्ना विभिन्न कम्पनीमार्फत् गत आर्थिक वर्षमा ७ अर्ब ८८ करोड रुपियाँ राजस्व तिरेको जनाएको छ। यो आर्थिक वर्ष २०७२/७३ को तुलनामा ४० प्रतिशत बढी रहेको चौधरी ग्रुपद्वारा जारी विज्ञप्तिमा भनिएको छ। आर्थिक वर्ष २०७२/७३ मा ग्रुपले कुल राजस्वमा १ दशमलव ४८ प्रतिशत योगदान गरेको र गत आर्थिक वर्षमा १ दशमलव ५९ प्रतिशत योगदान गरेको दाबी गरेको छ।

आर्थिक वर्ष २०७२/७३ मा राज्यलाई ५ अर्ब ५९ करोड रुपियाँ राजस्व तिरेको ग्रुपले आन्तरिक राजस्व विभागले गर्ने सम्मानमा व्यावसायिक घरानाको विषय नसमेटिएको उल्लेख गर्दै राष्ट्रिय कर दिवसका सन्दर्भमा विभिन्न समूहबाट अधिक कर बुझाउने व्यक्तिका रूपमा सम्मानित करदातालाई चौधरी ग्रुप बधाई दिएको छ। साथै राज्यद्वारा यसरी गरिने वर्गीकरण र सम्मानले करदातालाई राष्ट्रिय अर्थतन्त्रमा सघाउन र विकास प्रक्रियामा योगदान दिनका लागि उत्प्रेरित गर्ने जनाएको छ। शेयरधनीले लाभांश लिनुअघि कम्पनीले नै ऐनअनुसार राजस्व तिर्ने गरेको भन्दै राजस्व तिरिसकेपश्चात् मात्र लाभांश प्राप्त गर्ने हुनाले शेयरधनीले राजस्व तिरे पनि व्यक्तिगत करको रूपमा प्रतिबिम्बित हुने गरेको चौधरी ग्रुपलको भनाइ छ।

# एभरेष्ट बैंकमा नयाँ भर्सनको बैंकिङ सर्भिस

नेपाल समाचारपत्र

काठमाडौं

एभरेष्ट बैंकले आफ्नो पुरानो इन्टरनेट बैंकिङ सर्भिसलाई हटाएर नयाँ र नौलो भर्सनको बैंकिङ सर्भिस प्रयोगमा ल्याएको छ।

नयाँ भर्सनबाट कारोबार गर्दा सुरक्षित हुनुको साथै पहिलाको तुलनामा थप सुरक्षाका उपकरण थपिएका छन्। युजर आईडीसँगै क्याप्चाको प्रयोग गरिएको छ भने फोटो सेन्सरदेखि एकपटक मात्रै पासवार्ड प्रयोगर्न सक्ने बनाइएको छ। साथै अब ग्राहकले आफ्नो युज नेम र पासवर्ड लिन, मोबाइल बैंकिङमा रजिष्टर्ड गर्न बैंकसम्म जानुपर्ने छैन बैंकले नै इमेलमार्फत् यी सबै सुविधा दिने जनाएको छ।

साथै बैंकले कर्पोरेट हाउसलाई मध्येनजर गर्दै कर्पोरेट इन्टरनेट बैंकिङ सर्भिस सेवा प्रदान गर्दै आएको छ। उक्त सेवाले व्यापार तथा कर्पोरेट हाउस सम्हाल्न र आन्तरिक रूपमा अकाउन्ट मिलाउन सघाउ पुर्‍याउने बैंकले जनाएको छ। यसको प्रयोगले तलब, भुक्तानी बाढेको, एलसी, फिक्स डिपोजिटलगायतका खाता व्यवस्थापनमा सहयोग पुर्‍याउने छ।




# एकीकृत पर्यटन विकासमा जोड

यमलाल भुसाल, बुटवल

पर्यटन क्षेत्रसँग सम्बन्धित विज्ञले रूपन्देहीको आर्थिक समृद्धिको मुख्य आधार लुम्बिनीको एकीकृत पर्यटन विकास नै भएकाले सोहीअनुसार दीर्घकालीन सोच राखेर नीति निर्माण र योजना बनाउनुपर्नेमा जोड दिएका छन्। उनीहरूले बुद्ध जन्मस्थल लुम्बिनीको गुरुयोजना छिटो पूरा गरी लुम्बिनीलाई विश्व शान्ति शहरको रूपमा विकास गर्न सके यसबाट रूपन्देहीको मात्र नभई समग्र देशकै आर्थिक समृद्धिमा योगदान पुर्‍याउन सकिने धारणा राखेका छन्।

उद्योग व्यापार संगठन रूपन्देहीले भैरहवाकोअञ्चलपुरमा सञ्चालन गरेको चौथो राष्ट्रिय औद्योगिक व्यापार मेला, कृषि तथा पर्यटन महोत्सवअन्तर्गत सोमबार आयोजना गरेको पर्यटनसम्बन्धी अन्तरक्रियामा सहभागी पर्यटन क्षेत्रका सरोकारवालाले यस्तो धारणा राखेका हुन्।

सरोकारवालाले पर्यटकलाई आकर्षित गर्ने पर्यटकीय पूर्वाधारहरू सिद्धार्थनगर नगरपालिकाभित्र केही पनि नभएको गुनासो गर्दै बनाउन सरकारी निकायसँग माग पनि गरेका छन्। उनीहरूले विदेशी पर्यटक नेपाल आउँदा खानेकुरा र खाना पकाउने ग्यास समेत ल्याउन पाउने प्रावधानमा प्रतिबन्ध लगाई भिसा नीतिमा परिवर्तन गरी फ्रि भिसामा आउनेलाई एक रात अनिवार्य बास बस्नुपर्ने नियम बनाउन माग गरे।

अन्तरक्रियामा बोल्दै सिद्धार्थनगर नगरपालिकाका प्रमुख हरिप्रसाद अधिकारीले सिद्धार्थनगरको मात्र नभई देशकै आर्थिक समृद्धि र विकासको मुख्य आधार पर्यटन नै भएको स्वीकार गर्दै आफूले नगरपालिकाको विकास गर्न पर्यटनलाई प्राथमिकतामा राखेको प्रष्ट पार्नुभयो।

लुम्बिनी विकास कोषका सूचना अधिकृत राजन बस्नेतले विदेशी पर्यटक भित्र्याउन पर्यटन व्यवसायी र सरकारी निकायले विदेशमा मार्केटिङ गर्नुपर्नेमा जोड दिनुभयो। भारतीय पर्यटन व्यवसायीको मात्रै भर परेर नहुने भन्दै उहाँले पर्याप्त पर्यटकीय पूर्वाधार बनाउन पनि सुझाब दिनुभयो।

मेलाका पर्यटन प्रवर्द्धन उपसमिति संयोजक एवं पर्यटन व्यवसायी सञ्जय बजिमयले पर्यटनको विकासका लागि बन्द हड्ताल सधैंका लागि निषेध हुनुपर्नेमा जोड दिँदै लुम्बिनी विकास कोषमा हुँदै आएको राजनीतिक नियुक्ति बन्द गरी स्थानीय विज्ञ व्यक्तिलाई नियुक्त गर्नुपर्ने धारणा राख्नुभयो। बस व्यवसायी समितिको सिन्डिकेटका कारण पर्यटकलाई स्तरीय बस उपलब्ध गराउन नसकेको पनि बजिमयले गुनासो पोख्नुभयो।

कार्यक्रममा पर्यटन कार्यालय रूपन्देहीका प्रमुख खेम थापाले अन्तर्राष्ट्रिय पर्यटकीयस्थल र विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनीका कारण रूपन्देही र त्यसमा पनि सिद्धार्थनगरमा पर्यटन विकासको प्रचुर सम्भावना रहेको प्रष्टाउनुभयो।

पर्यटनविद् डा. गितु गिरीले लुम्बिनी गुरुयोजना यथासक्य छिटो पूरा गरी लुम्बिनी र यससँग सम्बन्धित तिलौराकोट, देदह, रामग्रामको एकीकृत पर्यटन विकासका लागि बनेका योजना कार्यान्वयनमा सामूहिक दबाब दिनुपर्ने औंल्याउनुभयो।

सिद्धार्थ एसोसिएसन अफ टुर्स एन्ड ट्राभल्सका अध्यक्ष चन्द्र थापाले स्तरीय पर्यटक भित्र्याउन र पर्यटकको बसाई लम्बाउन स्थानीय निकायले योजना बनाउनुपर्ने बताउनुभयो।

उद्योग व्यापार संगठन रूपन्देहीका अध्यक्ष नारायणप्रसाद भण्डारीले पर्यटन, उद्योग, व्यापार र कृषिलाई रूपन्देहीको आर्थिक विकासका मुख्य आधार मानेर चारवटै विषयलाई उत्तिकै प्राथमिकता दिई संगठनले आफ्ना वार्षिक कार्यक्रमहरू तय गर्दै आएको र हरेक मेलामा पर्यटनसहित चारवटै विषयमा सरोकारवाला पक्षसँग अन्तरक्रियाहरू गर्दै आएको बताए।

> विदेशी पर्यटक नेपाल आउँदा खानेकुरा र खाना पकाउने ग्यास समेत ल्याउन पाउने प्रावधानमा प्रतिबन्ध लगाई भिसा नीतिमा परिवर्तन गरी फ्रि भिसामा आउनेलाई एक रात अनिवार्य बास बस्नुपर्ने नियम बनाउनुपर्नेमा व्यवसायीको जोड छ।

## हिमालयन बैंकद्वारा सहयोग

काठमाडौं, (नेस)

हिमालयन बैंकले आफ्नो २५औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत काठमाडौं-१४ कुलेश्वरस्थित कुलेश्वर आवास माविलाई १ थान ल्यापटप तथा २० थान कम्प्युटर प्रदान गरेको छ। बैंकले उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीलाई कम्प्युटर शिक्षा हासिल गर्न सहयोग पुर्‍याउने उद्देश्यले उक्त कम्प्युटरहरू प्रदान गरेको हो।

बैंकको केन्द्रीय कार्यालयमा आयोजित एक समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर जबराले ती कम्प्युटर विद्यालयका प्रधानाध्यापक मेघराज दुलाललाई हस्तान्तरण गर्नुभयो।




## साधारण सभाको सूचना

मिति २०७४/०८/०३ मा बसेको संस्थाको संचालक समितिको बैठकले संस्थाको उन्नाईसौं वार्षिक साधारण सभा **मिति २०७४ साल पुस ८ गते शनिबार**का दिन मारवाडी सेवा समितिको सभाहल, फसीकेब, नयाँ सडकमा विहान ११ बजे बस्ने निर्णय भएकोले उक्त दिन सम्पूर्ण शेयरधनी महानुभावहरु उपस्थित भईदिनु हुन हार्दिक अनुरोध गरिन्छ। बिस्तृत जानकारीको लागि संस्थाको सूचना पाटीमा सूचना प्रकाशित गरिएको ब्यहोरा समेत जानकारी गराउँदछौं।

**नव स्वस्तिक बहुउद्देश्यीय सहकारी संस्था लि.**
प्यूखा नयाँ सडक, फोन नं. ४२६२८३४

## Invitation for Bids

**Government of Nepal (GoN)**
**Ministry of Urban Development**
**Central Level Project Implementation Unit**

Date of publication: November 21st, 2017

1. ***Central Level Project Implementation Unit*** invites electronic bids from eligible bidders for the Retrofitting and Renovation of **Saarc Secretariat Building,Thamel, Kathmandu** under **National Competitive Bidding –**
2. The details of the project is as following

| Contract No/ID | Description of Works | Total Estimated Amount (Without VAT) | Bid Security Amount (NRs) and Validity | Bid document Fee ( NRs) | Bid Validity/ Bid Bond Validity Period | Last Date of Bid Purchasing | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| MOUD/CLPIU /2074-75/NCB-02 | Retrofitting and Renovation of Saarc Secretariat Library Block, Thamel | Rs 38,05,316.47 | NRs 1,00,000.00 | Rs 3000.00 | 90 Days/120 Days after last date of bid submission | 20th December, 2017 until office hours | 21st December 2017 until 12 pm |

3. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**The Project Director**

## साझा विकास बैंक लिमिटेड Sajha Bikas Bank Limited

(३ जिल्ला कार्यक्षेत्र भएको)

Rato Pool, Mainroad Dhangadhi, Kailali
Phone/Fax: 091-526006/16, 526020
Email: info@sajhabank.com.np

### Unaudited Financial Results (Quarterly)

1st Quarterly Report as at 17.10.2017 of the FY 2017-2018 (2074-075)

Rs. in '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **572675.53** | **621901.40** | **607519.55** |
| 1.1 | Paid-up Capital | 100000.00 | 100000.00 | 100000.00 |
| 1.2 | Reserves and Surplus | -19235.89 | -13041.41 | -24961.49 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | - | - | - |
| 1.5 | Deposits (a+b) | **457140.58** | **512180.79** | **484412.99** |
| | a. Domestic Currency | 457140.58 | 512180.79 | 484412.99 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | - | - |
| 1.7 | Other Liabilities | 34770.84 | 22762.02 | 48068.05 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **572675.53** | **621901.40** | **607519.55** |
| 2.1 | Cash & Bank Balance | 47672.38 | 47377.68 | 58009.60 |
| 2.2 | Money at call and short Notice | 123526.40 | 175376.02 | 136631.03 |
| 2.3 | Investments | 3628.89 | 3628.09 | 1525.64 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **368095.04** | **370631.88** | **385571.22** |
| | a. Real Estate Loan | 0.00 | 0.00 | 0.00 |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | 18076.70 | 14559.82 | 20056.03 |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | 129473.51 | 140017.76 | 182580.04 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 196678.86 | 191718.35 | 175534.32 |
| | f. Others | 23865.98 | 24335.95 | 7400.84 |
| 2.5 | Fixed Assets | 9735.30 | 10468.44 | 14019.19 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 20017.53 | 14419.29 | 11762.87 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 12943.11 | 62078.11 | 12554.52 |
| 3.2 | Interest Expense | 7344.17 | 27627.97 | 6922.64 |
| A | **Net Interest Income (3.1-3.2)** | **5598.93** | **34450.14** | **5631.87** |
| 3.3 | Fees Commission and Discount | 395.82 | 1527.80 | 373.12 |
| 3.4 | Other Operating Income | 672.93 | 4164.19 | 913.94 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **6667.69** | **40142.13** | **6918.93** |
| 3.6 | Staff Expenses | 3483.92 | 14294.09 | 3994.49 |
| 3.7 | Other Operating Expenses | 3365.37 | 15004.24 | 2743.08 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **-181.60** | **10843.80** | **181.36** |
| 3.8 | Provision for Possible Loss | 19771.77 | 16134.86 | 17568.72 |
| D | **Operating profit (C-3.8)** | **-19953.37** | **-5291.07** | **-17387.36** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 250.65 | 204.01 | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | 22425.01 | 22425.01 |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **-19702.72** | **17337.96** | **5037.65** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **-19702.72** | **17337.96** | **5037.65** |
| 3.12 | Provision For Staff Bonus | - | 1576.18 | |
| 3.13 | Provision For Tax | - | - | - |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **-19702.72** | **15761.78** | **5037.65** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 18.37% | 18.24% | 16.97% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 8.35% | 4.24% | 4.63% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 64.36% | 73.82% | 100.33% |
| 4.4 | Cost of Funds | 6.20% | 5.85% | 6.10% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 68.43% | 61.86% | 67.06% |
| 4.6 | Base Rate (for class "A" banks ) | - | - | - |

**Note: The above figures are subject to change if directed by regulators and/or statutory auditor**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनूसुची १४ (नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

### आ.ब. २०७४/७५ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरणः**

क. **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणः**
यस बैंकको दोश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख. **प्रमुख वित्तीय अनुपातहरूः**

| | | | | | |
|---|---|---|---|---|---|
| प्रति शेयर आम्दानीः | (१९.७०) | मुल्य आम्दानी अनुपातः | (११.१२) | प्रति शेयर नेटवर्थः | ८०.७६ |
| प्रति शेयर कुल सम्पतिको मूल्यः | ५७२.६८ | तरलता अनुपातः | ३८.२४ | पूजीकोष अनुपातः | १८.३७ |

२. **व्यवस्थापकीय बिश्लेषणः**

क. यस अवधिमा बैंकको मौज्दात तथा तरलताको अवस्था सामान्य रहेको छ। बैंकको यस अबधि सम्म कूल निक्षेप ४५ करोड ७१ लाख ४० हजार र कर्जा तर्फ ३६ करोड ८० लाख ९५ हजार रहेको छ। आवश्यक रणनिति तर्जुमा गरि कर्जा असुलीलाई प्रभावकारी बनाई बैंकमा रहेको निष्कृय कर्जालाइ आ.ब. २०७४-०७५ अषाढ मसान्तसम्म न्यून विन्दुमा झारीने छ।

ख. यस विकास बैंकको ८ वटा शाखा कार्यालयहरूबाट आफ्नो बैंकिङ्ग सेवाहरू ग्राहक समक्ष पुर्‍याउदै स्थानिय स्तरमा संकलित निक्षेप सोही क्षेत्रमा लगानी गर्ने नीति अनुरूप साना तथा मझौला उद्योग, आवास, शिपमुलक ब्यवसाय, कृषि उत्पादन तथा कृषि औजार, स्थानिय व्यापारका विविध क्षेत्रहरूमा लगानी गर्दै आईरहेको छ। साथै बैंकले नयाँ नयाँ ब्यवसायिक योजनाको विकास, लगानीका क्षेत्रहरूको खोजी, व्यवसायिक विविधीकरण, ग्रामिण तथा शहरी क्षेत्रको आर्थिक उन्नतीको लागी सन्तुलीत रुपमा आधुनिक बैंकिङ सेवा विस्तार गर्न बैंक व्यवस्थापन प्रतिबद्ध छ।

ग. नेपाल राष्ट्र बैंकको पूजि बृद्धी सम्बन्धी निर्देशन बमोजिम यस बैंकले पूजी बृद्धी नगरी राष्ट्रीय स्तरको देबः विकास बैंक संग प्राप्ती भई यही मिति २०७४ साल कार्तिक २३ गते देखि एकिकृत कारोबार गरी ग्राहकहरुको चाहना अनुसार अत्याधुनिक बैंकिङ सेवाहरू (मोबाईल बैंकिङ्ग तथा ABBS आदी) प्रदान गर्दै आईरहेको छ।

३. **कानुनी कारबाही सम्बन्धी बिबरणः**

क. उल्लेखीत बैंकको प्रथम त्रैमासिक अवधि सम्ममा यस बैंकले वा यस बैंकका विरूद्ध कुनै पनि मुद्दा दायर नभएको।

ख. बैंकको संस्थापक वा संचालकले वा संस्थाको वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

ग. बैंकको संस्थापक वा संचालकको विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विवरणः**

क. **धितोपत्र बजारमा भएको बैंकको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः**
यस बैंकको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भई कारोबार भईरहेको अवस्थामा देवः विकास बैंक संग गाभ्ने गाभिने सम्बन्धी सैद्धान्तीक संझौता पश्चात यस बैंकको शेयर कारोबार रोक्का भएको छ। शेयरको मूल्य तथा कारोबार बजारले निर्धारण गर्ने हुँदा यस बैंकको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तथस्ट छ। तर प्रचलित कानुन अनुसार लगानिकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी बैंकले उपलब्ध गराउदै आएको छ।

ख. **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोवार संख्याः**
यस साझा विकास बैंक लि. लाई देवः विकास बैंक लि. ले प्राप्ती गर्नकालागि संस्था प्राप्ती सम्बन्धी सहमतीपत्रमा दस्तखत पश्चात साझा विकास बैंकको शेयर कारोबार नेपाल स्टक एक्सचेन्जमा रोक्का भएका कारण यस प्रथम त्रैमासिक अवधीमा शेयर कारोवार भएको छैन।

५. **समस्या तथा चुनौतीः**
बैकिङ्ग क्षेत्रमा बढ्दो प्रतिस्पर्धा, वित्तीय बजारमा सिर्जना भईरहेको तरलताको संकुचित अवस्था, निक्षेप तथा कर्जाको व्याजदर मा उतारचढाव, सुरक्षित लगानीका नयाँ क्षेत्र पहिचान हुन नसक्नुलाई यस बैंकले आन्तरिक र अस्थिर राजनैतिक अवस्था, अमेरिकी डलरको तुलनामा कमजोर हुन गएको नेपाली मुद्राको कारणले मुद्रास्फितिमा पर्न सक्ने असर, देशको अर्थतन्त्रमा भइरहेको सुस्त आर्थिक बृद्धि दर, विद्युत आपूर्तिको समस्या तथा देशमा रहेको संक्रमणकालीन स्थितिलाई बाह्य समस्या तथा चुनौतिको रुपमा लिएको छ। अतः काबु भन्दा बाहिरका परिस्थिति बाहेक उपरोक्त चुनौति समाधान गर्न बैंक व्यवस्थापनले जो खिम व्यवस्थापन, व्यवसाय विविधीकरण, ग्राहक मुखि गुणस्तरिय र अत्याधुनिक सेवा तथा दक्ष जनशक्ति विकास गरि चुनौति समाधान गर्ने वा न्युन गर्ने रणनिति लिएको छ।

६. **संस्थागत सुशासनः**
यस विकास बैंकले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरुको निर्देशन बमोजिम संस्थागत सुशासन अभिबृद्धिका लागि आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न आवश्यक कार्यहरु गरेको छ। बैंकको संचालन जोखिम कम गरी कारोबारलाई चुस्त छिटो छरितो बनाउन संचालक तथा ब्यबस्थापन तहमा विभिन्न समितिहरू क्रियाशील रहेका छन्। बैंकको कारोबारलाई ब्यवस्थित गर्न आन्तरिक नीति नियम तथा निर्देशनहरू तर्जुमा गरी लागू गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**
आजका मितिसम्म यस प्रतिबेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्वता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन। लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाएको छैन।

# टोरन्टोमा यानलाई स्वर्ण

काठमाडौं, (नेस)



क्यानडामा भएको टोरन्टो ओपन तेक्वान्दो च्याम्पियनसिपमा यानकुमारी चौलागाईंले स्वर्ण पदक जितेकी छिन्।

क्यानडाको टोरन्टो शहरमा भएको ५७ केजी तौलसमूहको फाइनलमा यानकुमारीले क्यानडाकी खेलाडी लौजन लौरिनलाई हराउँदै स्वर्ण जितिन्। त्यसअघि बाई पाउँदै यान फाइनलमा प्रवेश गरेकी थिइन्।

अन्य २ नेपाली राष्ट्रिय महिला खेलाडी भने पदकविहीन रहे। टोरन्टोस्थित भेराइटी भिलेज एथ्लेटिक सेन्टरमा भएको खेलमा ज्ञानी चुनरा र रेजिना कार्की पहिलो चरणमै पराजित भए। महिला ४९ केजीमा रेजिना क्यानाडा तथा ६२ केजीमुनि ज्ञानी क्युबाका खेलाडीसँग पछि परे।

# कोकाकोला कपमा गजुरमुखी स्कुल तेस्रो

नेपाल समाचारपत्र

काठमाडौं

काठमाडौंको गजुरमुखी इंग्लिस बोर्डिङ स्कुलले कोकाकोला कप अन्तरस्कुल फुटबल प्रतियोगिताअन्तर्गत ब्वाइजतर्फ तेस्रो स्थान हात पारेको छ।

सोमबार एन्फा कम्प्लेक्समा भएको तेस्रो स्थानको खेलमा गजुरमुखी स्कुलले सुनसरीको महेन्द्र मेमोरियल एकेडेमीलाई टाइब्रेकरमा पराजित गरेको हो। निर्धारित समयमा दुवै टोलीले १-१ गोल बराबरी खेलेका थिए। शुरुआतमा महेन्द्र मेमोरियलका भरत चौधरीले २१औं मिनेटमा गोल गरेका थिए। तर गजुरमुखीका रोहन धितालले ३५औं मिनेटमा गोल गरेर खेल बराबरीमा ल्याएका थिए।

यसैगरी गर्ल्सतर्फ सिन्धुपाल्चोकको सेतीदेवी शारदा सेकेन्डरी स्कुलले काठमाडौंको अमर इंग्लिस स्कुललाई १-० ले हराएको छ। टोलीको जितमा प्रिती राईले ६४औं मिनेटमा गोल गरिन्। त्यस्तै कैलालीको श्री शंकर सरसस्वती स्कुलले रौतहटको श्री दुर्गा सेकेन्डरी स्कुललाई ३-२ गोलले पन्छायो। अर्को खेलमा भने स्याङजाको भुम्रे सेकेन्डरी स्कुलले काठमाडौंको छहारी शिक्षा सदनलाई ७-० गोलअन्तरले पाखा लगायो। जसमा सुनीता कुनाल, उदय थापाले दुई-दुई गोलको योगदान दिए।

Coca-Cola CUP NEPAL 2074 Watch LIVE at ANFA Complex Satobato

# नेपालले अंक बाँड्यो

काठमाडौं, (नेस)

आईसीसी महिला विश्व टी-२० एसिया छनोट प्रतियोगिताअन्तर्गतको खेल वर्षाले हुन नसकेपछि नेपालले आयोजक राष्ट्र थाइल्यान्डसँग अंक बाँडेको छ। थाइल्यान्डस्थित टेडथाई क्रिकेट मैदानमा सोमबार थाइल्यान्डले ९१ रनको लक्ष्य दिएको थियो। नेपालले ३ दशमलव ४ ओभरमा विना विकेटको क्षतिमा १० रन बनाउँदा पानी परेको थियो। त्यसपछि खेल सुचारु नहुँदा दुवै टोलीले एक-एक अंक जोडेका हुन्। राउन्ड रोविनको आधारमा हुने लिगको शीर्ष २ टोली नेदरल्यान्ड्समा हुने विश्व महिला टी-२० छनोट प्रतियोगिताका लागि छानिने छन्।

# फेका कप शुक्रबारदेखि

काठमाडौं, (नेस)

फेयर एजुकेसनल कम्पिटिटर्स एसोसिएसन (फेका)को आयोजनामा १२औं फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा १६ टिमको सहभागिता रहने प्रतियोगिताका खेलहरू पेप्सीकोला टाउन प्लानिङको मैदानमा हुनेछ। पहिलो हुने टिमले २० हजार, दोस्रोले १५ हजार र तेस्रोले १० हजार नगद पुरस्कार पाउनेछन्। गत वर्ष करियर बिल्डिङ इन्टरनेसनल एकेडेमीले उपाधि जितेको थियो।

## धरहरा

### होडबाजी



हिजोआज जताततै चुनावी माहोलले बजार तातेको छ। दलका नेताहरू आफ्ना आफ्ना दलको समर्थन मत माग्दै गाउँघर, शहर बजार डुल्दै गरेका छन्। विशेष गरी चुनावी इपिसेन्टर परेको गोरखाको चुनाव भने हेर्नलायक नै देखिन्छ। केही दिनअघि मात्र पुष्पकमल दाहाल तथा केपी ओलीलगायत वाम गठबन्धनका नेताहरू नारायणकाजीलाई भोट माग्न गोरखाको भच्चेकमा गएर बृहत् आमसभा गरी फर्किनुभएको थियो।

'कर्कलो काट्न बन्चरो प्रयोग' आदि जस्ता शब्दावली प्रयोग गर्नुभएका केपी ओली महोदयलाई डा. बाबुरामले मलाई गाली गर्न हेलिकोप्टर नै प्रयोग गर्नुभएछ भनी उत्तर दिँदै आउनुभएको थियो।

आफ्नो चुनावी प्रसारप्रसारलाई तीव्रता दिन उहाँले सोमबार उही स्थानमा कांग्रेसका हस्तीहरूलाई लगेर झन्डै दोब्बरैको संख्यामा मानव सागर उर्लेको देखाइदिनुभयो। यो फगत होडबाजीबाहेक अरू केही हुन सक्दैन भन्ने धरहराको ठम्याइ छ।

NS तथा ISO प्रमाणित
शक्तिशाली र विश्वासिलो निर्माणको लागि
... कण कणमा शक्ति भएको
तेज सिमेन्ट
सम्पर्क फोन: ०१-४४३६३२८, ०४१-६९१९५३

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.
HOME FURNISHERS PVT. LTD. होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

आवश्यकता
यस प्रकाशन गृहलाई आफ्नो उत्पादनका बजार प्रवर्धनका लागि केही कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
पद :- बजार प्रतिनिधि
सख्या :- २०
योग्यता :- +२
सेवा सुविधा :- आकर्षक तलब / कमिसन
कामना न्यूज पब्लिकेसनस् प्रा.लि.
भिमसेन स्थान काठमाडौं
सम्पर्क : -२३४९८६५४ , ९८५४३२५६७७

सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार
रू. २५०० मा
२ वर्ष
नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ